# इतिहासको पहिलो पुस्तक

### आदमदेखि नूहसम्मको वंशावली

१ १-३आदम, सेत, एनोश, केनान, महललेल, येरेद, हनोक, मतूशेलह, लेमेक, नूह।
४नूहका छोराहरू- शेम, हाम अनि येपेत थिए।

### येपेतका सन्तानहरू

५येपेतका छोराहरू- गोमेर, मागोग, मादै, यावान, तूबल, मेशेक अनि तीरास थिए।
६गोमेरका छोराहरू- अश्कनज, दीपत अनि तोगर्मा थिए।
७यावानका छोराहरू- एलीशा, तर्शीश, कित्तीम अनि रोदानीम थिए।

### हामका सन्तानहरू

८हामका छोराहरू- कूश, मिश्रेम, पूत र कनान थिए।
९कूशका छोराहरू- सबा, हवीला, सबता, रामा अनि सबत्का थिए। रामाका छोराहरू शबा अनि ददान थिए।
१०कूशका छोरा, निम्रोद थिए जो पृथ्वीमा पहिलो साहसी योद्धा बनेका थिए। ११मिश्रेमबाट, लूदीहरू, अनामीहरू, लहाबीहरू अनि नप्तूहीहरू, १२पत्रुसीहरू, कस्लूहीहरू (जसबाट पलिश्तीहरू आए) अनि कप्तोरीहरू थिए।
१३कनान सीदोनका पिता थिए। सीदोन तिनका जेठा छोरा थिए। कनान र हेत, १४यबूसी, एमोरी, गिर्गाशी, १५हिव्वी अरकी, सीनी, १६अर्वादी, समारी अनि हमातीहरूका पनि पिता थिए।

### शेमका सन्तानहरू

१७शेमका छोराहरू- एलाम, अश्शूर, अर्पक्षद, लूद अनि अराम थिए। अरामका छोराहरू- ऊज, हूल, गेतेर र मेशेक थिए।
१८अर्पक्षद शेलहका पिता थिए। शेलह एबेरका पिता थिए।
१९एबेरका दुइ छोराहरू थिए। एउटा छोराको नाउँ पेलेग थियो, किनभने तिनको जीवनकालमा पृथ्वीका मानिसहरूको विभिन्न भाषाहरूमा विभाजन भएका थिए। पेलेगको भाइको नाउँ योक्तान थियो। २०योक्तान, अल्मोदाद, शेलेप, हसर्मावेत, येरह, २१हदोराम, ऊजाल, दिकला, २२एबाल, अबीमाएल, शबा, २३ओपीर, हवीला र योबाबका यी सबै योक्तानका छोराहरू थिए।

### अब्राहामका परिवार

२४शेम, अर्पक्षद, शेलह, २५एबेर, पेलेग, रऊ, २६सरूग, नाहोर, तेरह २७अनि अब्राम (अब्रामलाई अब्राहाम पनि भन्दछन्।)
२८अब्राहामका छोराहरू- इसहाक र इश्माएल थिए। २९यी तिनीहरूका सन्तानहरू थिए।

### *हागारका सन्तानहरू*

इश्माएलका जेठा छोरा नबायोत थिए। इश्माएलका अरू छोराहरू- केदार, अदबेल, मिब्साब, ३०मिश्मा, दूमा, मस्सा, हदद, तेमा, ३१यतूर, नापीश अनि केदमा थिए। यी इश्माएलका छोराहरू थिए।

### *कतूराका छोराहरू*

३२कतूरा अब्राहामके उप-पत्नी थिईन। तिनले जिम्रान, योक्षान, मदान, मिद्यान, यिश्बाक अनि शूअहलाई जन्म दिइन।
योक्षानका छोराहरू शबा र ददान थिए।
३३मिद्यानका छोराहरू- एपा, एपेर, हनोक, अबीदा अनि एल्दा थिए। यी सबै कतूराका छोराहरू थिए।

### *साराका छोराहरू*

३४अब्राहाम इसहाकका पिता थिए, इसहाकका छोराहरू एसाव अनि इस्राएल थिए।
३५एसावका छोराहरू- एलीपज, रूएल, यऊश, यालाम अनि कोरह थिए।
३६एलीपजका छोराहरू- तेमान, ओमार, एपी, गाताम र कनज थिए। एलीपज अनि तिम्नाका अमालेक नाउँ गरेको छोरा पनि थिए।
३७रूएलका छोराहरू- नहत, जेरह, शम्मा अनि मिज्जा थिए।

### सेइरबाट एदोमीहरू

३८सेइरका छोराहरू- लोतान, शोबाल, सिबोन, अना, दीशोन, एसेर अनि दीशान थिए।
३९लोतानका छोराहरू- होरी र होमाम थिए। लोतानकी तिम्ना नाउँ गरेकी बहिनी थिइन्।

४०शोबालका छोराहरू- अल्यान, मानहत, एबाल,
शपी अनि ओनाम थिए।
सिबोनका छोराहरू- अयीया अनि अना थिए।
४१अनाको छोरा दीशोन थिए। दीशोनका छोराहरू-
हम्रान, एश्बान, यित्रान, अनि करान थिए।
४२एसेरका छोराहरू- बिल्हान, जावान अनि याकान
थिए। दीशानका छोराहरू ऊज अनि अरान थिए।

## एदोमका राजाहरू

४३इस्राएलमा राजाहरू हुनु भन्दा धेरै अघि नै
एदोममा राजाहरू थिए, एदोमका राजाहरूका नाउँ यी
हुन:
पहिलो राजा बओरको छोरा बेला थिए। बेलाको
शहरको नाउँ दिनहाबा थियो।
४४जब बेलाको मृत्यु भयो जेरहाका छोरा योबाब
नयाँ राजा भए। योबाब बोस्राका छोरा थिए।
४५जब योबाबको मृत्यु भयो हूशाम नयाँ राजा भए।
हूशाम तेमानी देशका थिए।
४६जब हूशामको मृत्यु भयो बददका छोरा हदद नयाँ
राजा भए। हददले मोआब देशमा मिद्यानीहरूलाई
परास्त गरे। हददको शहरको नाउँ अबीत थियो।
४७जब हददको मृत्यु भए पछि सम्ला नयाँ राजा
भए। सम्ला मास्रेकाका थिए।
४८सम्लाको मृत्यु पछि शाऊल नयाँ राजा भए।
शाऊल यूफ्रेटिस नदी किनारमा भएको रहोबोतका थिए।
४९जब शाऊलको मृत्यु भयो अकबोरका छोरा
बाल-हनान नयाँ राजा भए।
५०जब बालहनानको मृत्यु भयो हदद नयाँ राजा
भए। हददको शहरको नाउँ पाई थियो। हददकी
पत्नीको नाउँ महतबेल थियो। महतबेल मत्रेदकी छोरी
थिइन्। मत्रेद मेजाहाबकी छोरी थिइन्। ५१तब हददको
मृत्यु भयो।
एदोमका अगुवाहरू तिम्ना, अल्या, यतेत,
५२ओहोलीबामा, एला, पीनोन, ५३कनज, तेमान,
मिबसार, ५४मग्दीएल अनि ईराम, थिए। एदोमका
प्रधान व्यक्तिहरूको सूची यहि हो।

## इस्राएलका छोराहरू

२ इस्राएलका छोराहरू- रूबेन, शिमोन, लेवी, यहूदा,
इस्साकार, जबूलून्, २दान, यूसुफ, बिन्यामीन,
नप्ताली, गाद अनि आशेर थिए।

## यहूदाका छोराहरू

३यहूदाका छोराहरू- एर, ओनान अनि शेला थिए।
बतशअ तिनीहरूकी आमा थिइन। बतशअ कनान
देशकी स्त्री थिइन। परमप्रभुले देख्नु भयो कि यहूदाका
जेठा छोरा एर दुष्ट थियो। यसै कारण परमप्रभुले
एरलाई मारिदिनु भयो। ४यहूदाको बुहारी तामारले पेरेस
अनि जेरहलाई जन्म दिइन। यसरी यहूदाका पाँच
छोराहरू थिए।
५पेरेसका छोराहरू- हेस्रोन र हामूल थिए।
६जेरहका पाँचजना छोराहरू- थिए तिनीहरू जिम्री,
एतान, हेमान, कल्कोल अनि दारा थिए।
७जिम्रीका छोरा कर्मी थिए। कर्मीको छोरा आकान*
थिए। आकान ती मानिस थिए जसले इस्राएल माथि
धेरै कष्ट ल्याएका थिए। आकानले युद्धमबाट लिएका
चीजहरू राखे। उसले ती सबै चिजहरू परमेश्वरलाई
दिनु पर्ने थियो।
८एतानका छोरा अजर्याह थिए। ९हेब्रोनका छोराहरू
यरहमेल, राम अनि कालेब थिए।

## रामका सन्तानहरू

१०राम अम्मीनादाबका पिता थिए, अम्मीनादाब
नहशोनका पिता थिए। नहशोन यहूदामा अगुवा थिए।
११नहशोन सल्माका पिता थिए। सल्मा बोअजका पिता
थिए। १२बोअज ओबेदका पिता थिए। ओबेद यिशैका
पिता थिए। १३यिशै एलीआबका पिता थिए। एलीआब
यिशैका जेठा छोरा थिए। यिशैका माहिला छोरा
अबीनादाब थिए। तिनका साहिँला छोरा शिमा थिए।
१४नतनेल यिशैका काहिँला छोरा थिए। यिशैका अन्तरे
छोरा रद्दै थिए। १५ओसेम यिशैका जन्तरे छोरा थिए
अनि दाऊद कान्छा छोरा थिए। १६तिनीहरूका बहिनीहरू
सरूयाह अनि अबीगेल थिए। सरूयाहका तीन जना
छोराहरू अबीशै, योआब अनि असाहेल थिए। १७अबीगेल
अमासाकी आमा थिइन्। अमासाका पिता येतेर थिए।
येतेर इश्माएली थिए।

## कालेबका सन्तानहरू

१८कालेब हेस्रोनका छोरा थिए। कालेबकी पत्नी
अजूबाबाट नानीहरू जन्मे भए। अजूबाको नाउँ यरीओत
पनि थियो।* अजूबाका छोराहरू येशेर, शोबाब अनि
अर्दोन थिए। १९जब अजूबाको मृत्यु भयो, कालेबले
एप्रातलाई विवाह गरे। कालेब अनि एप्रातका एक छोरा
थिए। तिनहरूले उसको नाउँ हूर राखे। २०हूर ऊरीका
पिता थिए। ऊरी बसलेलका पिता थिए।
२१पछि, जब हेस्रोन साठी बर्षका थिए, तिनले
माकीरकी छोरीलाई विवाह गरे। माकीर गिलादका पिता
थिए। हेस्रोनले माकीरकी छोरीसित शारीरिक सम्बन्ध

---

**आकान** वा आकार।

**अजूबाको … थियो** हिब्रोमा यो पाठ गाह्रो छ वास्तविक यसले भन्छ: "उसको पत्नी अजूबाद्वारा अनि यरीओतद्वारा यरीओत" हुन सक्छ अर्को पत्नी। कसै पण्डीतहरूले उल्था गर्छ कि अजूबा यरीओतका छोरी थिइन्।

गरे अनि तिनले सगूबलाई जन्म दिइन्। २२सगूब याईरका पिता थिए। याईरको गिलाद देशमा तेईसवटा शहरहरू थिए। २३तर गशूर र अरामले याईरका गाउँहरू कब्जागरे। तिनीहरू मध्ये कनतर त्यसका वरिपरिका सा-साना शहरहरू थिए। जम्मा साठीवटा सा-साना शहरहरू थिए। यी सबै शहरहरू गिलादका पिता माकीरका छोराहरूका थिए।

२४हेस्रोनको मृत्यु एप्राताको कालेबको शहरमा भयो। तिनको मृत्यु भए पछि, तिनकी पत्नी अबीयाले तिनको निम्ति छोरो जन्माइन्। त्यो छोराको अशहूर नाउँ दिएको थियो अशहूर तकोका पिता थिए।

## यरहमेलका सन्तानहरू

२५यरहमेल हेस्रोनका जेठा छोरा थिए। यरहमेलका छोराहरू राम, बूना, ओरेन, ओसेम र अहियाह थिए। राम यरहमेलका जेठा छोरा थिए। २६यरहमेलकी अर्की पत्नी अतारा थिइन्। ओनामकी आमा अतारा थिइन्।

२७यरहमेलका जेठा छोरा रामका छोराहरू थिए। तिनीहरू मास, यामीन अनि एकेर थिए।

२८ओनामका छोराहरू शम्मै अनि यादा थिए। शम्मैका छोराहरू नादाब अनि अबीशूर हो।

२९अबीशूरकी पत्नीको नाउँ अबीहेल थियो। तिनीहरूका दुइ छोराहरू थिए। तिनीहरूका नाउँ अहबान अनि मोलीद थिए।

३०नादाबका छोराहरू सेलेद अनि अप्पेम थिए। सेलेदको मृत्यु बिनासन्तान भयो।

३१अप्पेमका छोरा यिशी थिए। यिशींका छोरा शेशान थिए। शेशानका छोरा अहलै थिए।

३२यादा शम्मैका भाइ थिए। यादाका छोराहरू येतेर अनि जोनाथन थिए। येतेरको मृत्यु सन्तान बिहीन भयो।

३३जोनाथनका छोराहरू पेलेत र जाजा थिए। यो यरहमेलका सन्तानको सूची थियो।

३४शेशानका छोराहरू थिएनन्। तिनका छोरीहरू मात्र थिए। शेशान कहाँ यर्हा नाउँ गरेका एउटा मिश्री सेवक थिए।

३५शेशानले आफ्नी छोरीको विवाह यर्हासित गरी दिए। तिनीहरूका एक छोरा थिए। उसको नाउँ अत्तै थियो।

३६अत्तै नातानका पिता थिए। नातान जाबादका पिता थिए। ३७जाबाद एपलालका पिता थिए। एपलाल ओबेदका पिता थिए। ३८ओबेद येहूका पिता थिए। येहू अजर्याहका पिता थिए। ३९अजर्याह हेलेसका पिता थिए। हेलेस एलासाका पिता थिए। ४०एलासा सिस्मैका पिता थिए। सिस्मै शल्लूमका पिता थिए। ४१शल्लूम यकम्याहका पिता थिए अनि यकम्याह एलीशामाका पिता थिए।

## कालेबको परिवार

४२कालेब यरहमेलका भाइ थिए। कालेबका छोराहरू यी थिए। तिनका जेठा छोरा मेशा थिए। मेशा जीपका पिता थिए। मारेशा पनि कालेबका छोरा थिए। मारेशा हेब्रोनका पिता थिए।

४३हेब्रोनका छोराहरू- कोरह, तप्पूह, रेकेम अनि शेमा थिए। ४४शेमा रहमका पिता थिए। रहम योर्कामका पिता थिए। रेकेम शम्मैका पिता थिए। ४५शम्मैको छोरा माओन थिए। माओन बेत्सूरका पिता थिए।

४६कालेबकी उप-पत्नीको नाउँ एपा थियो। एपा हारान, मोसा अनि गाजेजकी आमा थिइन। हारान गाजेजका पिता थिए।

४७यहदैका छोराहरू- रेगेम, योताम, गेशान, पेलेत, एपा अनि शाम हुन।

४८माका कालेबकी अर्की उपपत्नी थिइन्। माका शेबेर अनि तिर्हानकी आमा थिइन्। ४९माका, चाप अनि शबाकि पनि आमा थिइन्। चाप मदमन्नाका पिता थिए। शबा मक्बेना अनि गिबाका पिता थिए। कालेबकी छोरी अक्सा थिइन्।

५०यो कालेबका सन्तानहरूको सूचि हो। हूर कालेबका जेठा छोरा थिए। तिनी एप्राताबाट जन्मिएका हुन। हूरका छोराहरू किर्यात-यारीमका संस्थापक शोबाल, ५१बेतलेहेमका संस्थापक सल्मा अनि बेत-गादेरका संस्थापक हारेप थिए।

५२शोबाल किर्यात-यारीमका संस्थापक थिए। यो शोबालका सन्तानहरूको सूची हो- हारोए, मनुहोनीहरूका आधा मानिसहरू, ५३अनि किर्यात यारीमका परिवार समूह यिनीहरू- यित्री, पूही, शुमाती अनि मिश्राती मानिसहरू हुन्। सोराती अनि एश्ताओलीहरू मिश्रानी मानिसहरूबाट आएका थिए।

५४यो सल्माका सन्तानहरूको सूची हो- बेतलेहेमबाट मानिसहरू नतोपाती थिए, अतारोत, बेतयोआब, मानहतका आधा जनसंख्याहरू, सोरी मानिसहरू, थिए। ५५अनि ती पूजाहरीहरूका परिवार जो याबेशमा, तिरातमा, शिमातमा अनि सुचामा बस्थे। यी शास्त्रीहरू र केनी मानिसहरू हुन जो हम्मतबाट आए। हम्मत बेत-रेकाबका घरका संस्थापक थिए।

## दाऊदका छोराहरू

३ दाऊदका केही छोराहरू: हेब्रोन शहरमा जन्मेका थिए। यो दाऊदका छोराहरूको सूची हो:

दाऊदका जेठा छोरा अम्मोन हुन। अम्मोनकी आमा अहीनोअम थिइन। तिनी यिज्रेल शहरकी हुन्।

माहिला छोरा दानिएल थिए। तिनकी आमा अबीगेल यहूदाको कर्मेलकी थिइन्।

२साहिँला छोरा अब्शालोम थिए। तिनकी आमा तल्मैकी छोरी माका थिइन्। तल्मै गशूरका राजा थिए।

काँहिला छोरा अदोनियाह थिए। तिनकी आमा हग्गीत
थिइन्।

३अन्तरे छोरा शपत्याह थिए। तिनकी आमा अबीतल
थिइन्। कान्छा छोरा यित्राम थिए। तिनकी आमा
दाऊदकी पत्नी एग्ला थिइन्। ४दाऊदका यी छ जना
छोराहरू हेब्रोनमा जन्मिए। दाऊदले त्यहा सातवर्ष छः
महीना शासन गरे। दाऊदले यरूशलेममा ३३वर्ष सम्म
राज गरे।

५यरूशलेममा जन्मेका दाऊदका छोराहरू यी हुन्।
दाऊदकी पत्नी बेतशेबा अम्मीएलकी छोरी थिइन्।
बेतशेबाबाट चारजना छोरा छोरीहरू भए, शिमा, शोबाब,
नातान र सुलेमान। ६-८अन्य नौ जना छोरा छोरीहरू
थिए, यिभार, एलीशूअ, एलीपेलेत, नोगह, नेपेग,
यापी, एलीशामा, एल्यादा अनि एलीशापेलेत। ९तिनीहरू
सबै दाऊदका छोराहरू थिए। दाऊदकी उपपत्नीबाट
अन्य छोराहरू थिए। तामार दाऊदकी छोरी थिइन्।

### दाऊदको पछि यहूदाका राजाहरू

१०सुलेमानका छोरा रहबाम थिए। अनि रहबामका
छोरा अबियाह थिए। अबियाहका छोरा आसा थिए।
आसाका छोरा यहोशापात थिए। ११यहोशापातका छोरा
योराम थिए। योरामका छोरा अहज्याह थिए। अहज्याहका
छोरा योआश थिए। १२योआशका छोरा अमस्याह
थिए। अमस्याहका छोरा अजर्याह थिए। अजर्याहका
छोरा योताम थिए। १३योतामका छोरा आहाज थिए।
आहाजका छोरा हिजकियाह थिए। हिजकियाहका छोरा
मनश्शे थिए। १४मनश्शेका छोरा आमोन थिए। आमोनका
छोरा योशियाह थिए।

१५यो योशियाहका छोराहरूको सूची यही हो: जेठा
छोरा योहानान थिए। माहिला छोरा यहोयाकीम थिए।
साहिँला छोरा सिदकियाह थिए अनि कान्छा छोरा
शल्लूम थिए।

१६यहोयाकीमका छोराहरू यकोन्याह, तिनका छोरा
सिदकियाह थिए।

### बाबेल कब्जा पछि दाऊदको परिवार

१७यहोयाकीम बाबेलमा कैदी भए पछि यहोयाकीमका
छोरा-छोरीहरूको सूची यही हो। तिनका छोरा-छोरीहरू
शालतीएल, १८मल्कीराम, पदायाह, शेनस्सर, यकन्याह,
होशामा अनि नदब्याह थिए।

१९पदायाहका छोराहरू यरूबाबेल अनि शिमी थिए।
यरूबाबेलका छोराहरू मशुल्लाम अनि हनन्याह थिए।
शलोमीत तिनीहरूकी बहिनी थिइन्। २०यरूबाबेलका
अरू पनि पाँच जना छोरा थिए। तिनीहरूका नाउँ
हशूबा, ओहेल, बेरेक्याह, हसयाह, अनि यूशप-हेसेद
हो।

२१हनन्याहका छोरा पलत्याह थिए तिनका छोरा
यशैयाह थिए अनि तिनका छोरा रपायाह थिए, अनि
तिनका छोरा अर्नान थिए, तिनका छोरा ओबधाह,
तिनका छोरा शकन्याह थिए।

२२यो शकन्याहका सन्तानहरूको सूची हो शमायाह
शमायाहका छ जना छोराहरू थिए: शमायाह, हत्तूश,
यिगाल, बारीह, नार्याह अनि शापात।

२३नार्याहका तीन जना छोराहरू थिए। ती एल्योएनै,
हिजकियाह अनि अज्रीकाम थिए।

२४एल्योएनैका सात जना छोराहरू थिए। ती होदव्याह,
एल्यासीब, पलयाह, अक्कूब, योहानान, दलायाह र
अनानी थिए।

### यहूदाका अन्य कुल समूहहरू

४ यो यहूदाका छोराहरूको सूची हो। ती पेरेस,
हेस्रोन, कर्मी, हूर अनि शोबाल थिए। २शोबालका
छोरा रायाह थिए। रायाह यहतका पिता थिए। यहत
अहूमै अनि लहदका पिता थिए। सोराती मानिसहरू
अहूमै अनि लहदका सन्तान थिए।

३एतामका छोराहरू यिज्रेल, यिश्मा अनि यिदबश
थिए। अनि तिनीहरूकी हस्सलेल पोनी नाउँकी एक
बहिनी थिइन्।

४पनूएल गदोरका पिता थिए अनि एजेर हूशका पिता
थिए।

यी हूरका छोराहरू थिए। हूर एप्रातका जेठा छोरा
थिए अनि एप्राता बेतलेहेमका संस्थापक थिए।

५तकोका पिता अश्शूर थिए। अश्शूरको दुइ पत्नीहरू
थिए। तिनीहरूको नाउँ हेला र नारा थियो। ६नाराका
अहुज्जाम, हेपेर, तेमनी अनि हाहशतारी आमा थिइन।
यिनीहरू नाराद्वारा अश्शूरका पुत्रहरू थिए। ७हेलाका
छोराहरू सेरेत, यिसहार एतमान र कोस थिए। ८कोस
आनूब अनि सोबेबाका पिता थिए। कोस अहर्हेल
परिवार समूहका पनि पिता थिए। अहर्हेल हारूमका
छोरा थिए।

९याबेश उसका दाज्यू-भाइहरू भन्दा धेरै आदरणीय
थिए। तिनकी आमाले भन्थिन्, “मैले उसको नाउँ
याबेश राखें किनभने जब मैले उसलाई जन्म दिदा म
अति वेदनमा थिएँ।”

१०याबेशले इस्राएलका परमेश्वरलाई प्रार्थना गरे र
भने, “म चाहन्छु कि तपाईले मलाई साँच्चै आशीर्वाद
दिनुहुनेछ। म चाहन्छु तपाईले मलाई अधिक भूमि
दिनुहुनेछ। मेरो नजिक रहनु होस् अनि मलाई चोट
पुर्‍याउन कसैलाई पनि नदिनुहोस। तब मलाई कुनै पीडा
हुने छैन।” अनि परमेश्वरले याबेशलाई त्यही दिनु भयो
जो तिनले मागेका थिए।

११कलूब शूअका भाइ थिए। कलूब महीरका
पिता थिए। महीर एश्तोनका पिता थिए। १२एश्तोन
बेत-रापा, पासेह अनि तहिन्नाका पिता थिए।

तहिन्ना इर-नाहशका पिता थिए। ती मानिसहरू रेकाका
थिए।

१३कनजका छोराहरू ओत्नीएल अनि सरायाह थिए।
ओत्नीएलका छोराहरू हतत अनि मोनोतै थिए। १४मोनोतै
ओप्राका पिता थिए। अनि सरायाह योआबका पिता
थिए। योआब गहरशीमीका संस्थापक थिए। ती
मानिसहरूलाई यो नाउँ दिए किनभने तिनीहरू कारीगरहरू
थिए।

१५कालेब यपून्नेका छोरा थिए। कालेबका छोराहरू
ईरू, एला, अनि नआम थिए। एलाका छोरा कनज
थिए।

१६यहललेलका छोराहरू- जीप, जीपा, तिरया अनि
असरेल थिए।

१७-१८एज्राका छोराहरू येतेर, मेरेद, एपेर अनि
यालोन थिए अनि बित्याहले मिर्याम, शम्मै अनि
यिश्बहलाई जन्म दिए। यिश्बह एश्तमोका पिता थिए।
अनि उसकी पत्नी यहूदाबाटका थिइन् जसले यरेद,
हेबर र यकूतीएल जन्म दिइन्। यरेद गदोरका पता
थिए। हेबेर सोकोका पिता थिए अनि यकूतीएल
जानोका पिता थिए। यी सबै फिराऊनकी छोरी बित्याहका
छोराहरू थिए तिनी यहूदाकी पत्नी थिइन्।

१९मेरेदकी पत्नी नहमकी बहिनी थिइन्। मेरेदको
पत्नी यहूदाकी थिइन्। मेरेदको पत्नीका छोराहरू कीला
र एश्तमोका पिता थिए। कीला गेरेमी मानिसहरूबाट
थिए। अनि एश्तमो माकाती मानिसहरूबाट थिए।
२०शिमोनका छोराहरू अम्नोन, रिन्ना, बेन, हानान
अनि तीलोन थिए। यिशीकाछोराहरू जोहेत अनि बेन-जोहेत
थिए।

२१-२२यहूदाका छोरा शेला थिए। शेलाका छोराहरू-
एर, लादा, योकीम, कोजेबाका मानिसहरू, योआश
अनि साराप थिए। एर लेकाका पिता थिए। लादा
मारेशा अनि बेत अश्बेयाम मलमलका लुगा बनाउने
परिवार समूहका पिता थिए। योआश अनि सारापले
मोआबी स्त्रीहरू विवाह गरे। तब तिनीहरू बेतलेहेम
फर्की गए। यो परिवारको विषयमा लेखिएका कुराहरू
अति पुराना छन्। २३शेलाका ती छोराहरू कर्मी थिए
जो माटोका सामानहरू बनाउथे। तिनीहरू नताईम अनि
गदेरामा बस्थे। तिनीहरू शहरमा बस्थे अनि राजाका
निम्ति काम गर्थे।

## शिमोनका सन्तानहरू

२४शिमोनका छोराहरू नमूएल, यामीन, यारीब, जेरह
अनि शाऊल थिए। २५शाऊलका छोरा शल्लूम थिए।
शल्लूमका छोरा मिब्साम थिए। मिब्सामका छोरा
मिश्मा थिए।

२६मिश्माका छोरा हम्मूएल थिए। हम्मूएलका छोरा
जक्कूर थिए। जक्कूरका छोरा शिमी थिए। २७शिमीको
सोह्र जना छोरा र छ जना छोरीहरू थिए। तर शिमीका
भाइहरूका धेरै छोरा छोरी थिएनन्। शिमीका भाइहरूको
परिवार यहूदाका अन्य समूहहरूको जस्तै तिनीहरूको
परिवार ठूलो थिएन।

२८शिमीका सन्तानहरू बर्शेबा, मोलादा, हसरशूआल,
२९बिल्हा, एसेम, तोलाद, ३०बतूएल, होर्मा, सिक्लग,
३१बेत, मर्काबोत, हसरशूसीम, बेत, बिरी अनि शारेममा
बस्थे। तिनीहरू ती शहरमा दाऊद राजा नभए सम्म
बसे। ३२यी शहरहरू नजिकका पाँचवटा गाउँ एताम,
ऐन, रिम्मोन, तोकेन अनि आशान थिए। ३३त्यहाँ बेला
सम्म अन्य गाउँहरू पनि थिए। यहीं तिनीहरू बस्थे
अनि तिनीहरूले आफ्ना परिवारकोबारे इतिहास पनि
लेखे।

३४-३८यो सूची ती व्यक्तिहरूको हो जो तिनीहरूका
परिवार समूहका प्रधान थिए। तिनीहरू मशोबाब,
यम्लेक, अमस्याहका छोरा योशा, योएल, योशिब्याहका
छोरा येहू, सरायाहका छोरा योशिब्याह, असीएलका
छोरा सरायाह, एल्म्योएनै, याकोबा, याशोहायाह, असायाह,
अदीएल, यसीमीएल, बनायाह, अनि जीजा शिपीका
छोरा थिए। शिमी अल्लोनका छोरा थिए अनि अल्लोन
यदायाहका छोरा थिए। यदायाह शिम्रीका छोरा थिए
अनि शिम्री शमायाहका छोरा थिए।

यी मानिसहरूका परिवारहरू खुबै विशाल भए।
३९तिनीहरू गदोर शहर देखि बाहिर बेंसीको पूर्वतिरको
क्षेत्रमा गए। तिनीहरू त्यस स्थानमा आफ्ना भेड़ा र
गाई बस्तुका निम्ति खर्क खोज्न गए। ४०तिनीहरूले
त्यहाँ प्रशस्त मात्रामा फलवान भूमि भेट्टाए। भूमि
विस्तृत शान्तिपूर्ण अनि सूनसान थियो। अतीतमा यहाँ
हामका सन्तानहरू बस्थे। ४१यो त्यस समय थियो जब
हिजकियाह यहूदाका राजा थिए। ती मानिसहरू गदोरमा
आए अनि हामीत मानिसहरूसित युद्ध गरे। तिनीहरूले
हामीत मानिसहरूका छाउनीहरू नष्ट गरिदिए। ती
मानिसहरू मुनि जातिका मानिसहरूसितपनि लड़े जो
त्यहाँ बस्थे। यी मानिसहरूले समस्त मुनि मानिसहरूलाई
परास्थ गरे। यो स्थानमा अहिले पनि कुनै मुनि
जातिका मानिसहरू छैनन्। यसर्थ ती मानिसहरू त्यहाँ
बस्न थाले किनभने त्यो भूमिमा तिनीहरूका भेडाहरूका
निम्ति घाँस थियो।

४२शिमोन परिवार समूहबाट पाँच सय मानिसहरू
सेइरको पहाड़ी देशमा गए। यिशीका छोराहरूले तिनीहरूको
अगुवाइ गरे। ती छोराहरू पलत्याह, नार्याह, रपायाह
अनि उज्जीएल थिए। शिमोनी जातिका मानिसहरू त्यस
स्थानमा बस्ने मानिसहरूसित लडे। ४३त्यहाँ केही
बाचेका अमालेकीहरू मात्र अभै बस्दै थिए। यसकारण
यी शिमोनीहरूले तिनीहरूलाई मारिदिए। त्यस समय
देखि अहिले सम्म ती शिमोनीहरू सेइरमा बसिरहेका
छन्।

### रूबेनका सन्तानहरू

५ १-३इस्राएलका जेठा छोरा रूबेन थिए। रूबेनले
जेठो छोराले पाउनु पर्ने विशेष सुविधाहरू, पाउनु
पर्ने थियो। तर रूबेनले आफ्ना पिताकी उपपत्नीसित
शारीरिक सम्बन्ध राखे। यसर्थ ती विशेष सुविधाहरू
यूसुफका छोराहरूलाई दिइयो। परिवारिक इतिहासमा
रूबेनको नाउँ जेठा छोराको रूपमा लेखिएको छैन।
यहूदा आफ्ना भाइहरू भन्दा अधिक बलवान भए
यसर्थ तिनका परिवारबाट प्रधानहरू आए। तर यूसुफका
परिवारले अन्य सुविधाहरू पाए जो सबै भन्दा जेठा
छोराले पाउँथे। रूबेनका छोराहरू हनोक, पल्लू, हेस्रोन
अनि कर्मी थिए।

४यी नाउँहरू योएलका सन्तानहरूका हुन् योएलका
छोरा शमायाह थिए। शमायाहका छोरा गोग थिए।
शिमी गोगका छोरा थिए। ५शिमीका छोरा मीका
थिए। मीकाका छोरा रायाह थिए। रायाहका छोरा बाल
थिए। ६बालका छोरा बेरा थिए। अश्शूरका राजा
तिग्लत-पिलेसेरले बेरालाई आफ्नो घर छोडन करलगाए।
यसर्थ बेरा राजाका कैदी भए। बीरह रूबेन परिवार
समूहका एक अगुवा थिए।

७योएलका भाइहरू अनि तिनका सबै परिवार
समूहहरूलाई त्यसरी नै लेखिएको छ जसरी वंशावलीको
सूचीमा लेखिएको छ यीएल जेठा छोरा थिए, त्यसपछि
जकर्याह, ८अनि बेला, बेला अजाजका छोरा थिए।
अजाज शेमाका छोरा थिए। शेमा योएलका छोरा थिए।
तिनीहरू अरोएरको नेबो अनि बाल-मोनसम्म फैलिएको
क्षेत्रमा बस्थे। ९बेलाका मानिसहरू पूर्वमा यूफ्रेटिस
नदीको पूर्व पट्टिको मरूभूमिको किनारमा बस्थे। किनभने
गिलाद प्रान्तमा तिनीहरूका अनेक गाई थिए। १०जब
शाऊल राजा थिए। बेलाका मानिसहरूले हगारी
मानिसहरूसित युद्ध गरे। तिनीहरूले हगारी मानिसहरूलाई
परास्त गरे। त्यस बेलाका मानिसहरू तम्बूहरूमा बसे
जो हगारी जातिका थिए। तिनीहरू ती तम्बूहरूमा बसे
अनि गिलादको पूर्वतिरको सम्पूर्ण क्षेत्रमा यात्रा गरे।

### गादका सन्तानहरू

११गाद कुल समूहका मानिसहरू रूबेन कुल समूहका
मानिसहरूको छेउमा बस्थे। गादी मानिसहरू बाशान
क्षेत्रमा सलका शहरसम्म बस्थे। १२बाशानमा प्रथम
प्रधान योएल भए। शापाम द्वितीय प्रधान थिए। त्यसपछि
यानै प्रधान भए। १३तिनीहरूका परिवारका सात भाइहरू
मीकाएल, अशुल्लाम, शेबा, योरै, याकान, जीआ
अनि एबेर थिए। १४ती मानिसहरू अबीहेलका सन्तान
थिए। अबीहेल हूरीका छोरा थिए। हूरी यारोहका छोरा
थिए। यारोह गिलादका छोरा थिए। गिलाद मीकाएलका
छोरा थिए। मीकाएल यशीशैका छोरा थिए। यशीशै
यहदोका छोरा थिए। यहदो बूजका छोरा थिए। १५अही
अब्दीएलका छोरा थिए। अब्दीएल गूनीका छोरा थिए।
अही तिनीहरूको परिवार समूहका प्रधान थिए।

१६गाद परिवार समूहका मानिसहरू गिलाद क्षेत्रमा
बस्थे। तिनीहरू बाशानको क्षेत्रमा बाशान वरिपरिका
सा-साना शहरहरूमा अनि शारोन क्षेत्रका सीमानासम्म
फैलिएका सबै खर्कहरूमा बस्थे।

१७योताम अनि यारोबामका समयमा यी सबै
मानिसहरूका नाउँ गादका वंशावलीका सूचिमा लेखिएका
थिए। योताम यहूदाका राजा थिए अनि यारोबाम
इस्राएलका राजा थिए।

### युद्धमा निपुण केही सैनकहरू

१८मनश्शे कुल समूहका आधाकुल अनि रूबेन र
गादका कुल समूहहरूसित ४४,७६० साहसी मानिसहरू
युद्धका निम्ति तयार थिए। तिनीहरू युद्धमा निपूर्ण
थिए। तिनीहरूले ढाल अनि तरवारहरू बोक्थे अनि
तिनीहरू धनु काँड चलाउन पनि सिपालु थिए। १९तिनीहरूले
हगारीहरू र यतूर, नापीश अनि नोदाबका मानिसहरूसित
युद्ध शुरू गरे। २०मनश्शे, रूबेन अनि गादका कुल
समूहहरूका ती मानिसहरूले युद्धमा परमेश्वरसित प्रार्थना
गरे। तिनीहरूले परमेश्वरसित सहायता मागे किनभने
तिनीहरूले उहाँमा भरोसा गरेका थिए। यसर्थ परमेश्वरले
तिनीहरूलाई सहायता गर्नु भयो। परमेश्वरले तिनीहरूलाई
हगारीहरूलाई हराउन आशिष दिनुभयो। अनि तिनीहरूले
अन्य मानिसहरूलाई पनि हराए जो हगारीहरूसित थिए।
२१तिनीहरूले हगारीहरूका पशुहरू लगे। तिनीहरूले
५०,००० ऊँटहरू; २,५०,००० भेड़ाहरू; २,०००
गधाहरू; अनि १,००,००० मानिसहरूलाई कैद गरे।
२२धेरै हगारीहरू मारिए किनभने परमेश्वरले रूबेनीहरू,
गादीहरू र मनश्शेको आधाकुल समूहरूलाई युद्ध जित्न
सहायता गर्नुभएको थियो। तब मनश्शे, रूबेन अनि
गादका कुल समूहहरूका ती मानिसहरू हगारीहरूको
भूमिमा बसे। तिनीहरू त्यहाँ त्यसबेला सम्म बसे
जबसम्म इस्राएलका मानिसहरूलाई कैद गरिएका
थिएनन्।

२३मनश्शेका आधा कुल समूहका मानिसहरू बाशान
क्षेत्रमा बाल-हर्मान, सनीर अनि हर्मोन पर्वत सम्म बस्थे
तिनीहरू अनगन्ती थिए।

२४मनश्शेका आधा कुल समूहका मुख्य मानिसहरू
यी थिए: एपेर, यिशी, एलीएल, अज्रीएल, यिर्मयाह
होदबियाह अनि यहदीएल। ती सबै बलवान र साहसी
मानिसहरू थिए। ती प्रसिद्ध मानिसहरू थिए अनि
तिनीहरू आफ्ना परिवारहरूका प्रमुख अगुवाा थिए।
२५तर ती अगुवाहरूले तिनीहरूका पिता-पुर्खाहरूले
पुज्ने परमेश्वरको विरूद्ध पाप गरे। तिनीहरूले त्यस
भूमिका देवताहरूको पूजा गर्न शुरू गरे। परमेश्वरले
ती मानिसहरू जसलाई पहिले ध्वस्त गर्नु भएको थियो।

२६इस्राएलका परमेश्वरले पूललाई युद्धमा जान इच्छुक
तुल्याउनु भयो। पूल अश्शूरका राजा थिए। तिनलाई
तिग्लत पिलेसेर पनि भनिन्थ्यो। तिनले मनश्शे, रूबेन
अनि गाद कुल समूहका मानिसहरूसित युद्ध गरे।
तिनले उनीहरूलाई आफ्ना घर छोडन वाध्य तुल्याए
अनि तिनीहरूलाई कैदी बनाए। पूलले तिनीहरूलाई
हलह, हाबोर, हारा अनि गोजान नदी नजिकमा ल्याए।
इस्राएलीको कुल समूह ती स्थानहरूमा त्यस समय
देखि आजसम्म पनि बसिरहेका छन्।

## लेवीका सन्तानहरू

६ लेवीका छोराहरू: गेर्शोम, कहात अनि मरारी
थिए।

२कहातका छोराहरू: अम्राम, इसहार, हेब्रोन, अनि
उज्जीएल थिए।

३अम्रामका छोरा-छोरीहरू: हारून, मोशा र मरियम
थिए।

हारूनका छोराहरू: नादाब, अबीहू, एलाजार अनि
ईतामार थिए। ४एलाजार पीनहासका पिता थिए। पीनहास
अबीशूका पिता थिए। ५अबीशू बुक्कीका पिता थिए।
बुक्की उज्जीका पिता थिए। ६उज्जी जरयाहका पिता
थिए। जरयाह मरायोतका पिता थिए। ७मरायोत अमर्याहका
पिता थिए। अमर्याह अहीतूबका पिता थिए। ८अहीतूब
सादोकका पिता थिए। सादोक अहीमासका पिता थिए।
९अहीमास अजर्याहका पिता थिए। अजर्याह योहानानका
पिता थिए। १०योहानान अजर्याहका पिता थिए। अजर्याह
ती व्यक्ति हुन जसले यरूशलेममा सुलेमान द्वारा निर्माण
गरिएको मन्दिरमा पूजाहारीको रूप सेवा गरेका थिए।
११अजर्याह अमर्याहका पिता थिए। अमर्याह अहीतूबका
पिता थिए। १२अहीतूब सादोकका पिता थिए। सादोक
शुल्लूमका पिता थिए। १३शल्लूम हिल्कियाहका पिता
थिए। हिल्कियाह अजर्याहका पिता थिए। १४अजर्याह
सरायाहका पिता थिए। सरायाह यहोसादाकका पिता
थिए।

१५यहोसादाकलाई उनको घर छोडन बाध्य तुल्याइयो
जब परमप्रभुले यहूदा अनि यरूशलेमलाई टाढा पठाउनु
भयो। ती मानिसहरूलाई अर्को देशमा कैदी बनाइएको
थियो। परमप्रभुले यहूदा अनि यरूशलेमका मानिसहरूलाई
कैदी तुल्याउनको निम्ति नबूकदनेसरलाई उपयोग गर्नुभयो।

## लेवीका अन्य सन्तानहरू

१६लेवीका छोराहरू: गेर्शोम, कहात अनि मरारी
थिए।

१७गेर्शोमका छोराहरूको नाउँ: लिब्नी र शिमी
थिए।

१८कहातका छोराहरू: अम्राम, यिसहार, हेब्रोन अनि
उज्जीएल थिए।

१९मरारीका छोराहरू: महली अनि मूशी थिए।

यी लेवीका कुल समूहका वंशावलीको सूचि हो
तिनीहरूका नाउँको अघि तिनीहरूका पिताहरूका नाउँ
लेखिएका छन्।

२०यी गेर्शोमका सन्तानहरू थिए: लिब्नी गेर्शोमका
पुत्र थिए। यहज लिब्नीका छोरा थिए। जीम्मा यहतका
छोरा थिए। २१योआह जीम्माहका छोरा थिए। इद्दो
योआहका छोरा थिए। जेरह इद्दोका छोरा थिए। यातरै
जेरहका छोरा थिए।

२२यी कहातका सन्तानहरू थिए: अम्मीनादाब कहातका
छोरा थिए। कोरह अम्मीनादाबका छोरा थिए। अस्सीर
कोरहका छोरा थिए। २३एल्काना अस्सीरका छोरा
थिए। एब्यासाप एल्कानाका छोरा थिए। अस्सीर
एब्यासापका छोरा थिए। २४जहत अस्सीरका छोरा
थिए। ऊरीएल नहतका छोरा थिए। उज्जियाह ऊरीएलका
छोरा थिए। शाऊल उज्जियाहका छोरा थिए।

२५एल्कानाका छोराहरू अमासै अनि अहीमोत थिए।
२६सोपे एल्कानाका छोरा थिए। नहत सोपेका छोरा
थिए। २७एलीआब नहतका छोरा थिए। यरोहाम
एलीआबका छोरा थिए। एल्काना यरोहामका छोरा
थिए। शमूएल एल्कानाका छोरा थिए।

२८शमूएलका जेठा छोरा योएल र कान्छ अब्याह
हुन्।

२९यी मरारीका छोराहरू हुन्: महली मरारीका छोरा
थिए, लिब्नी महलीका छोरा थिए; शिमी लिब्नीका
छोरा थिए। उज्जा शिमीका छोरा थिए। ३०शिमी
उज्जाका छोरा थिए। हग्गियाह शिमीअका छोरा थिए।
असायाह हग्गियाहका छोरा थिए।

## मन्दिरका संगीतकारहरू

३१यी ती मानिसहरू हुन् जसलाई दाऊदले परमप्रभुको
मन्दिरको पालमा करारको सन्दूक राखेपछि सङ्गीतकोहेर
विचारका निम्ति छाने। ३२यी मानिसहरूले पवित्र
पालमा गाएर सेवा गर्थे। पवित्र पाललाई भेटघाट गर्ने
पालपनि भनिन्छ अनि यी मानिसहरूले सुलेमानले
यरूशलेममा परमप्रभुको मन्दिर नबनाउञ्जेलसम्म सेवा
गरे। तिनीहरूले आफ्ना कामकानिम्ति दिइएका
नियमहरूको अनुसरण गर्दै सेवा गरे।

३३यी नाउँ ती मानिसहरू अनि तिनीहरूका छोराहरूका
हुन जसले संगीत द्वारा सेवा गरे।

कहात वंशका परिवारहरू थिए: सङ्गीतकार हेमान।
हेमान योएलका छोरा थिए। योएल शमूएलका छोरा
थिए। ३४शमूएल एल्कानाका छोरा थिए। एल्काना
यरोहामका छोरा थिए। यरोहाम एलीएलका छोरा थिए।
एलीएल तोहका छोरा थिए। ३५तोह सूपका छोरा
थिए। सूप एल्कानाका छोरा थिए। एल्काना योएलका
छोरा थिए। ३६योएल अजर्याहका छोरा थिए, अजर्याह

सपन्याहका छोरा थिए। ३७सपन्याह तहतका छोरा
थिए। तहत अस्सिरका छोरा थिए। अस्सि एब्यासापका
छोरा थिए। एब्यासाप कोरहका छोरा थिए। ३८कोरह
यिसहारका छोरा थिए। यिसहार कहातका छोरा थिए।
कहात लेवीका छोरा थिए। लेवी इस्राएलका छोरा
थिए।

३९आसाप हेमानका आफन्त थिए। आसापले हेमानको
दाहिनेतिर बसेर सेवा गर्थे। आसाप बेराक्याहका छोरा
थिए। बेराक्याह शिमाअका छोरा थिए। ४०शिमाअ
मीकाएलका छोरा थिए। मीकाएल बासेयाहाका छोरा
थिए। बसेयाह मल्कियाहका छोरा थिए। ४१मल्कियाह
एत्नीका छोरा थिए। एत्नी जेरहका छोरा थिए। जेरह
अदायाहका छोरा थिए। ४२अदायाह एतानका छोरा
थिए। एतान जीम्माका छोरा थिए। जिम्मा शिमीका
छोरा थिए। ४३शिमी यहतका छोरा थिए। यहत
गेर्शोमका छोरा थिए। गेर्शोम लेवीका छोरा थिए।

४४मरारीका सन्तानहरू हेमान अनि आसापका
आफन्तहरू थिए। तिनीहरू हेमानका देब्रेतिरका गायक
समूह थिए। एतान कीशीका छोरा थिए। किशी
अब्दीका छोरा थिए। अब्दी मल्लूकका छोरा थिए।
४५मल्लूक हश्ब्याहका छोरा थिए। हश्ब्याह अमस्याहका
छोरा थिए। अमस्याह हिल्कियाहका छोरा थिए।
४६हिल्कियाह अम्सीका छोरा थिए। अम्सी बानीका
छोरा थिए। बानी शेमेरका छोरा थिए। ४७शेमेर
महलीका छोरा थिए। महली मूशीका छोरा थिए। मूशी
मरारीका छोरा थिए। मरारी लेवीका छोरा थिए।

४८हेमान अनि आसापका दाज्यू-भाईहरू लेवीहरू
थिए। लेवीहरूलाई पवित्र पालमा काम गर्नको निम्ति
चुनिएका थिए। पवित्र पाल परमेश्वरको घर थियो।
४९तर, हारूनका सन्तानहरूलाई मात्र होमबलिको वेदीमा
अनि धूपवेदीमा धूप बाल्ने अनुमति थियो। हारूनका
सन्तानहरूले परमेश्वरको मन्दिरको अनि पवित्र स्थानमा
सबै कामहरू गर्थे। तिनीहरूले इस्राएलका मानिसहरूलाई
शुद्ध तुल्याउनेरिति पनि गर्थे। तिनीहरूले ती सबै
नियमहरू अनि विधिहरू अनुसरण गर्दथे जसको निम्ति
मोशाले आज्ञा दिएका थिए। मोशा परमेश्वरको दास
थिए।

## हारूनका सन्तानहरू

५०यी हारूनका छोरा थिए, एलाजार हारूनका छोरा
थिए। पीनहास एलाजारका छोरा थिए। अबीहू पीनहासका
छोरा थिए। ५१बुक्की अबीशूका छोरा थिए। उज्जी
बुक्कीका छोरा थिए। जरायाह उज्जीका छोरा थिए।
५२मरायोत जरायाहका छोरा थिए। अमर्याह मरायोतका
छोरा थिए। अहीतूब अमर्याहका छोरा थिए। ५३सादोक
अहीतूबका छोरा थिए। अहीमास सादोकका छोरा
थिए।

## लेवी परिवारहरूका निम्ति घरहरू

५४यी ती स्थानहरू हुन् जहाँ हारूनका सन्तानहरू
बस्दथे तिनीहरूलाई दिएको तिनीहरूको भूमिमा आफ्ना
छाउनी हालेर बस्थे। कहातीहरूले त्यस भूमिको पहिलो
भाग पाए जो लेवीहरूलाई दिइएको थियो। ५५तिनीहरूलाई
हेब्रोन शहर अनि त्यसका वरीपरिका खेतहरू दिइएका
थिए। यो यहूदाको प्रान्तमा थियो। ५६तर शहर
खेतहरू अनि हेब्रोन वरिपरिको गाउँहरू यपुन्नेका छोरा
कालेबलाई दिइयो। ५७हारूनका सन्तानहरूलाई सुरक्षित-
शहरहरू दिइयो: हेब्रोन, लिब्ना, यत्तीर एश्तमो, ५८हीलेन,
दबीर, ५९आशान, युन्ता अनि बेत-शेमेश शहरहरू
पनि दिईयो। तिनीहरूले ती सबै शहरहरू अनि ती
वरिपरिका खेतहरू पाए। ६०बिन्यामीन कुल समूहबाट
तिनीहरूले गिबोन, गेबा, अल्लेमेत अनि अनातोत
शहरहरू पाए। तिनीहरूले ती सबै शहरहरू अनि ती
वरिपरिका खेतहरू पाए। कहात वंशलाई तेह्रवटा
शहरहरू दिईयो।

६१कहातका बाकी सन्तानहरूले मनश्शेका आधा
कुल समूहबाट गोला हालेर दशवटा शहरहरू पाए।

६२ती परिवार समूह जो गेर्शोमका सन्तान थिए
तिनीहरूले तेह्रवटा शहरहरू पाए। तिनीहरूले ती शहरहरू
इस्साकार, आशेर, नप्ताली अनि बाशानका क्षेत्रमा
बस्ने मनश्शेका कुल समूहका अंशबाट पाए।

६३परिवार समूह जो मराका सन्तानहरू थिए, तिनीहरूले
बाह्रवटा शहरहरू पाए। तिनीहरूले ती शहरहरू रूबेन,
गाद अनि जबूलूनका कुल समूहहरूबाट पाए। तिनीहरूले
ती शहरहरू चिट्ठा द्वारा पाए।

६४यसरी इस्राएली मानिसहरूले ती शहहरू अनि
खेतहरू लेवी मानिसहरूलाई दिए। ६५तिनीहरूले
तिनीहरूलाई शहरहरू यहूदा, शिमोन अनि बिन्यामीन
कुल समूहहरूलाई गोला हालेर दिए। ती शहरहरू नाउँ
द्वारा तोकिएका थिए।

६६एप्रैम कुल समूहले कहाती वंशलाई केही शहरहरू
दिए। ती शहरहरू चिट्ठाद्वारा पाए। ६७तिनीहरूले
तिनीहरूलाई सुरक्षित शहरहरू शेकेम, गेजेर दिए।
६८योकमाम, बेथहोरोन, ६९अय्यालोन अनि गात रिम्मोन
शहरहरूपनि दिइए। तिनीहरूले ती शहरहरू सँग खेतहरू
पनि पाए। ती शहरहरू एप्रैमका पहाडी देशमा थिए।
७०अनि मनश्शे कुल समूहका आधाबाट इस्राएली
मानिसहरूले आनेर अनि बिलाम शहरहरू कहातका
वंशहरूलाई दिए। ती कहात वंशहरूले शहरहरूसंगै
खेतहरू पनि पाए।

## अन्य लेवी परिवारहरूले घरहरू प्राप्त गरे

७१गेर्शोम परिवारहरूले बाशान क्षेत्रबाट गोला अनि
मनश्शेका आधा कुल समूहबाट अश्तारोतसंगै तिनीहरूले
खेतहरू यी शहरहरू सितै पाए।

**७२-७३**गेर्शोम परिवारहरूले केदेश, दाबरत, रामोत अनि अनेम शहरहरू पनि इस्साकारका कुल समूहबाट पाए। तिनीहरूले ती शहरहरू नजिकका खेतहरू पनि यी शहरहरूसितै पाए।

**७४-७५**गेर्शोम कुलहरूले माशाल, अब्दोन, हूकोक अनि रहोबले पनि आशेरका कुल समूहबाट शहरहरू पाए। तिनीहरूलेसितै खेत अनि शहरहरू पनि पाए।

**७६**गेर्शोम वंशहरूले गालीलको केदेश, हम्मोन अनि किर्यतैम शहरहरू पनि नप्तालीका कुल समूहबाट पाए। तिनीहरूलेसितै खेतहरू र ती शहरहरू पनि पाए।

**७७**बाकिरहेका लेवी मानिसहरू मरारी परिवारका थिए। तिनीहरूले रिम्मोन अनि ताबोर शहरहरू जबूलूनका कुल समूहबाट पाए। तिनीहरूले नजिकैको खेतहरू अनि शहरहरूसितै पाए।

**७८-७९**मरारी परिवारहरूले मरूभूमिको बेसेर अनि यहसा, शहरहरू रूबेनका कुल समूहबाट पाए। रूबेनका कुल समूह यर्दन नदी पारि यरीहो शहरको पूर्वमा बस्थे। यी मरारी परिवारहरूले ती शहरहरू साथै नजिकका खेतहरू पनि पाए।

**८०-८१**अनि मरारी वंशहरूले गिलादको रामोत, महनेम, हेश्बोन, अनि याजेर शहरहरू गादका कुल समूहबाट पाए। तिनीहरूले ती शहरहरू सगै नजिकका खेतहरू पनि पाए।

## इस्साकारका सन्तानहरू

**७** इस्साकारका चारजना छोराहरू थिए। तिनीहरूका नाउँ तोला, पूवा, याशूब अनि शिम्रोन थियो। **२**तोलाका छोराहरू- उज्जी, रपायाह, यरीएल, यहमै, यिब्साम अनि शमूएल थिए। ती सबै तिनीहरूका परिवारहरूका प्रधानहरू थिए। ती मानिसहरू अनि तिनीहरूका सन्तानहरू शक्तिशाली सैनिकहरू थिए। तिनीहरूका परिवारहरू बढदै गए दाऊद राजा भएको समयमा २२,६०० मानिसहरू युद्धका निम्ति तयार थिए।

**३**उज्जीका छोरा यिज्रयाह थिए। यिज्रयाहका छोराहरू मीकाएल, ओबदियाह यीएल अनि यिशयाह थिए। ती पाँचै जना तिनीहरूका परिवारहरूका अगुवाहरू थिए। **४**तिनीहरूका वंशावलीको सूचिले देखाउँछ कि तिनीहरूसित ३६,००० सेनाहरू युद्धका निम्ति तयार थिए। तिनीहरूको परिवार ठूलो थियो किनभने तिनीहरूका धेरै पत्नीहरू अनि छोरा छोरीहरू थिए।

**५**वंशावली सूचिले देखाउँछ कि इस्सकारका कुल समूहमा ८७,००० शक्तिशाली सैनिकहरू थिए।

## बिन्यामीनका सन्तानहरू

**६**बिन्यामीनका तीन जना छोराहरू थिए। तिनीहरूका नाउँ बेला, बेकेर, अनि यदीएल थियो।

**७**बेलाका पाँच जना छोराहरू थिए। तिनीहरूका नाउँ एस्बोन,,उज्जी, उज्जीएल, यरीमोत अनि ईरी थियो। ती तिनीहरूका परिवारहरूका अगुवाहरू थिए। तिनीहरूका वंशावलीको सूचिले देखाउँछ कि तिनीहरूसित २२,०३४ सैनिकहरू थिए।

**८**बेकेरका छोराहरू जमीरा, योआश, एलाजार, एल्योएन, ओम्री, यरेमोत, अब्बियाह, अनातोत अनि आलेमेत थिए। ती सबै बेकेरका छोरा छोरीहरू थिए **९**तिनीहरूका वंशावलीका सूचिले देखाउँछ कि परिवारका अगुवाहरू को को हुन। अनि तिनीहरूको वंशावलीका सूचिले यो पनि देखा छ कि तिनीहरूसित २०,२०० सैनकहरू थिए।

**१०**यदीएलका छोरा बिल्हान थिए। बिल्हानका छोराहरू- यूऊश, बिन्यामीन, एहुद, कनाना जेतान, तर्शीश अनि अहीशहरू थिए। **११**यदीएलका सबै छोराहरू तिनीहरूका परिवारका मुख्य मानिसहरू थिए। तिनीहरूसित १७,२०० सैनकिहरू युद्धका निम्ति तयार थिए।

**१२**शुप्पी अनि हुप्पीहरू ईरका सन्तानहरू थिए। हुशीम अहेरका छोरा थिए।

## नप्तालीका सन्तानहरू

**१३**नप्तालीका छोराहरू यहसीएल, गुनी, येसेर अनि शल्लूम थिए। अनि यी बिल्हाका सन्तानहरू थिए।

## मनश्शेका सन्तानहरू

**१४**यी मनश्शेका सन्तानहरू हुन: मनश्शेको अरामी उपपत्नीबाट जन्मेका छोराको नाउँ अस्रीएल थियो। तिनले माकीर जन्माइन्। माकीर गिलादका पिता थिए। **१५**माकीरले हुप्पी अनि शुप्पी मानिसहरूका समूहकी एउटी स्त्रीलाई विवाह गरे। माकीरका बहिनीको नाउँ माका थियो। अर्कोको नाउँ सलोफाद थियो। सलोफादका छोरीहरू मात्र थिए। **१६**माकीरकी पत्नी माकाका एउटा छोरा थिए। माकाले यो छोराको नाउँ पेरेस राखिन्। पेरेसको भाइको नाउँ शेरेश थियो। शेरेशका छोराहरू ऊलाम अनि राकेम थिए।

**१७**ऊलामका छोरा बदान थिए। यी गिलादका सन्तानहरू थिए। गिलाद माकीरका छोरा थिए। माकीर मनश्शेका छोरा थिए। **१८**माकीरकी बहिनी हम्मोलेकेतका छोराहरू नाउँहरू ईशोद, अबिएजरे अनि महला थिए।

**१९**शमीदाका छोराहरू अहियान, शेकेम, लिखी अनि अनीआम थिए।

## एप्रैमका सन्तानहरू

**२०**यी एप्रैमका सन्ताहरूका नाउँहरू यही हो। एप्रैमका छोरा शूतेलह थिए। शूतेलहका छोरा बेरेद थिए। बेरेदका छोरा तहत थिए। **२१**तहतका छोरा

एलादा थिए। एलादाका छोरा तहत थिए। तहतका छोरा
जाबाद थिए। जाबादका छोरा शूतेलह थिए।
केही मानिसहरू गात शहरमा गएका थिए, तिनीहरूले
गातका मानिस एजेर अनि एलालाई मारे। यसो भयो
किनभने एजेर र एला गित्ती मानिसहरूका गाई बस्तु र
भेड़ाहरू चोर्न गएका थिए। **२२**एप्रैम एसेर अनि
एलाका पिता थिए। तिनी धेरै दिनसम्म एजेर र
एलादको मृत्युको कारण रोइरहे। एप्रैमका परिवार
उनलाई सान्त्वना दिन आए। **२३**तब एप्रैमले आफ्नी
पत्नीसित सहवास गरे। एप्रैमकी पत्नी गर्भवती भइन्
अनि एक छोरा जन्माइन्। एप्रैमले त्यो छोराको नाउँ
बरीआ राखे किनभने तिनका परिवार माथि
केही नराम्रो घटना घटेको थियो। **२४**एप्रैमको छोरी
शेराह थिइन्। शेराहले निम्न बेत होरोन र उच्च बेत
होरोन अनि निम्न उज्जेन शेराह र उच्च उज्जेन शेराह
बनाइन्।

**२५**रेपा एप्रैमका छोरा थिए। रेशेप रेपाका छोरा
थिए। तेलह रेशेपका छोरा थिए। माहान तेलहका छोरा
थिए। **२६**लादान माहानका छोरा थिए। अम्मीहूद
लादानका छोरा थिए। एलीशामा अम्मीहूकादा छोरा
थिए। **२७**नून एलीशामाका छोरा थिए। यहोशू नूनका
छोरा थिए।

**२८**यी ति शहर अनि देशहरू हुन् जहाँ एप्रैमका
सन्तानहरू बस्थे: बेतेल र यस नजिकका गाउँहरू
पूर्वमा नारान, पश्चिममा गेजेर अनि यस नजिकका
गाउँहरू शेकेम र अज्जा र त्यसका नजिकका गाउँहरू
सम्म पुगे। **२९**मनश्शेका भूमिका सीमानामा बेत-शान,
तानाक, मगिछौ अनि दोर र ती नजिकका सा-साना
शहरूहरू थिए। यूसुफका सन्तानहरू यी शहरूहरूमा
बस्थे। यूसुफ इस्राएलका छोरा थिए।

## आशेरका सन्तानहरू

**३०**आशेरका छोराहरू-यिम्ना, यिश्वा, यिश्वी अनि
बरीआ थिए। तिनीहरूकी बहिनीको नाउँ सेराह थियो।
**३१**बरीआका छोराहरू हेबेर अनि मल्कीएल थिए।
मल्कीएल बिर्जेतका पिता थिए।

**३२**येप्लेत, शोमेर, होताम अनि तिनीहरूकी बाहिनी
शुअका पिता हेबेर थिए।

**३३**यप्लेतका छोराहरू पासक, बिम्हाल अनि अश्वात
थिए। यी येप्लेतका छोराहरू थिए।

**३४**शोमेरका छोराहरू अही, रोहगा, यहूब्बा अनि
अराम थियो।

**३५**शोमेरका भाइको नाउँ हेलेम थिए। हेलेमका
छोराहरू सोपह, यिम्ना, शेलेश अनि आमाल थिए।

**३६**सोपहका छोराहरू सूह, हेर्नेपेर, शूआल, बेरी,
यिम्राह, **३७**बेसेर, होद, शम्मा, शिल्शा, यित्रान अनि
बेरा थिए।

**३८**येतेरका छोराहरू- यपून्ने, पिस्पा अनि अरा
थिए।

**३९**उल्लाका छोराहरू आरह, हन्नीएल अनि रिसिया
थिए।

**४०**यी सबै मानिसहरू आशेरका सन्तानहरू थिए।
तिनीहरू तिनीहरूका परिवारहरूका अगुवाहरू थिए।
तिनीहरू विशेष रूपले चुनिएका मानिसहरू थिए।
तिनीहरू महान् सैनिकहरू अनि अगुवाहरू थिए।
तिनीहरूका वंशावली इतिहासले बताउँछ कि तिनीहरूका
२६,००० सैनकिहरू युद्धका निम्ति तयार छन् भनी।

## राजा शाऊलको परिवारिक इतिहास

**८** बिन्यामीन बेलाका पिता थिए। बेला बिन्यामीनका
जेठा छोरा थिए। असबेल बिन्यामीनका माहिला
छोरा थिए। अहरह बिन्यामीनका साँहिला छोरा थिए।
**२**नोहा बिन्यामीनका काँहिला छोरा थिए अनि रफा
बिन्यामीनका कान्छा छोरा थिए।

**३-५**बेलाका छोराहरू अद्दार, गेरा, अबीहूद, अबीशू,
नामान, अहोह, गेरा शपूपान अनि हुराम थिए।

**६-७**यी एहूदका सन्तानहरू थिए। तिनीहरू गेबामा
तिनीहरूका परिवारका अगुवाहरू थिए? तिनीहरूलाई
आफ्ना घर छाड़न अनि मनहतमा जान वाध्य तुल्याइएको
थियो। एहूदका सन्तानहरू नामान, अहियाह अनि गेरा
थिए गेराले तिनीहरूलाई घर छाडन कर लगाए। गेरा
उज्जा अनि अहीहूदका पिता थिए।

**८**शहरेमले आफ्नी पत्नीहरू हूशीम अनि बारालाई
मोआबमा त्यागपत्र दिए। तिनले यसो गरे पछि
अर्को पत्नीबाट केही छोरा छोरीहरूको जन्म भयो।
**९-१०**शहरेमका योबाब, सिब्या, मेशा, मल्काम, यूस,
साकिया अनि मिर्मा तिनकी पत्नी होदेशबाट जन्मिए
तिनीहरू आफ्ना परिवारहरूका प्रधानहरू थिए। **११**शहरेम
अनि हुशीमका अबीतूब अनि एल्पाल नाउँका दुइ
छोराहरू भए।

**१२-१३**एल्पालका छोराहरू एबेर, मिशाम, शेमेद,
बरीअ अनि शेमा थिए। शेमेदले ओनो र लोद
शहरहरू अनि लोदको वरिपरि सा-साना शहरहरू
बसाए। बरीआ अनि शेमा अय्यालोनमा बस्ने परिवार-
परिवारका अगुवाहरू थिए। ती छोराहरूले गातमा बस्ने
मानिसहरूलाई गात छाडन बाध्य गराए।

**१४**बरीआका छोराहरू, अहियो शाशक अनि यरेमोत
थिए। **१५**जबदियाह, अराद, एदेर, **१६**मिखाएल, यिश्पा
अनि योहा थिए। **१७**एल्पालका छोराहरू जबदियाह,
मशुल्लाम, हिज्की, शेबेर, **१८**यिश्मरै, यिज्लीआ अनि
योबाब थिए।

**१९**शिमीका छोराहरू याकीम, जिक्री, जब्दी,
**२०**एलीएनै, सिल्लतै, एलीएल, **२१**अदायाह, बरायाह
अनि शिम्रात थिए।

२२शाशकका छोराहरू- यिश्मान, एबेर, एलीएल,
२३अब्दोन, जिक्री, हानान, २४हनन्याह, एलाम,
अन्तोतियाह, २५यिपदिया अनि पनूएल थिए।
२६यरोहामका छोराहरू- शम्शरै, शहर्याह, अतल्याह,
२७यारेश्याह, एलिया अनि जिक्री थिए।
२८यी सबै मानिसहरू आफ्ना परिवारहरूका अगुवाहरू
थिए। तिनीहरूको नाउँ तिनीहरूको वंशावलीको सूचीमा
प्रधानहरूको रूपमा राखिएका छ। तिनीहरू यरूशलेममा
बस्थे।
२९यीएल गिबोनका पिता थिए। तिनी गिबोन शहरमा
बस्थे। यीएलकी पत्नीको नाउँ माका थियो। ३०यीएलका
सबै भन्दा जेठा छोरा अब्दोन थिए। अन्य छोराहरू
शूर, कीश, बाल, नेर, नादाब, ३१गदोर अहियो,
जेकेर अनि मिक्लोत थिए। ३२मिक्लोत शिमाका पिता
थिए। यी छोराहरू पनि यरूशलेममा आफ्ना आफन्तहरूका
नजिकमा बस्थे।
३३नेर कीशका पिता थिए। कीश शाऊलका पिता
थिए अनि शाऊल जोनाथन, मल्कीशू, अबीनादाब
अनि एश्बालका पिता थिए।
३४जोनाथनको छोरा मरिब्बाल थिए। मरिब्बाल मीकाका
पिता थिए।
३५मीकाका छोराहरू पीतोन, मेलेक, तारे अनि
आहाज थिए।
३६आहाज यहोअदाका पिता थिए। यहोअदा आलेमेत,
अज्मावेत अनि जिम्रीका पिता थिए। जिम्री मोसाका
पिता थिए। ३७मोसा बिनाका पिता थिए। रापा बिनाका
छोरा थिए। एलासा रापाहका छोरा थिए अनि आसेल
एलासाका छोरा थिए। ३८आसेलका छ:जना छोराहरू
थिए। तिनीहरूका नाउँ अज्रीकाम, बोकरू, इश्माएल,
शार्याह, ओबदियाह अनि हानान थियो। यी सबै
आसेलका छोरा छोरीहरू थिए।
३९आसेलका भाइ एशेक थिए। एशेकका केही
छोराहरू थिए। यी एशेकका छोराहरू थिए: ऊलाम
एशेकका जेठा छोरा थिए। येऊश एशेकका माहिला
छोरा थिए। एलीपेलेत एशेकका कान्छा छोरा थिए।
४०ऊलामका छोराहरू बलवान सैनिकहरू थिए जो धनु
काँड चलाउनमा खूबै सिपालु थिए। तिनीहरूका धेरै
छोराहरू अनि नातिहरू थिए। सबै जम्मा १५० जना
छोरा र नातिहरू थिए।
यी सबै मानिसहरू बिन्यामीन कुलका थिए।
९ इस्राएलका सबै मानिसहरूको नाउँ तिनीहरूका
वंशावलीको सूचीमा लेखिएको छ। त्यो वंशावलीको
सूची इस्राएलका राजाहरूको इतिहासको पुस्तकमा
लेखिएको छ।

## यरूशलेमका मानिसहरू

यहूदाका मानिसहरूलाई कैदी बनाईयो र बाबेलमा
जान बाध्य तुल्याइयो। तिनीहरूलाई त्यस स्थानमा
लगियो किनभने तिनीहरू परमेश्वर प्रति विश्वासनीय
थिएनन्। २सबै भन्दा पहिला फर्केर आउने अनि आफ्नै
भूमि र शहरहरूमा बस्ने मानिसहरू केही इस्राएलीहरू,
पूजाहारी, लेवीहरू अनि सेवकहरू जो मन्दिरमा काम
गर्छन् तिनीहरू थिए।
३यी मानिसहरू यहूदा, बिन्यामीन, एप्रैम अनि मनश्शे
कुल समूहहरूका थिए अनि तिनीहरू यरूशलेममा
बस्थे।
४ऊत्तै अम्मीहूदका छोरा थिए। अम्मीहूद, ओम्रीका
छोरा थिए। ओम्री इम्रीका छोरा थिए। इम्री बानीका
छोरा थिए। बानी पेरेसका सन्तान थिए। पेरेस यहूदाका
छोरा थिए।
५शीलोनी मानिसहरू जो यरूशलेममा बस्थे तिनीहरू
यी थिए: असायाह सबै भन्दा जेठा छोरा थिए अनि
असायाहका छोराहरू। जेरहाका मानिसहरू यी थिए जो
यरूशलेममा बस्थे।
६यूएल र तिनीहरूका आफन्तहरू। जम्मा ६९०
थिए।
७यी मानिसहरू बिन्यामीन कुल समूहका हुन जो
यरूशलेममा बस्थे सल्लू मशुल्लामका छोरा थिए।
मशुल्लाम होदबियाहका छोरा थिए। होदबियाह हस्सनूआका
छोरा थिए। ८यिब्नियाह यरोहामका छोरा थिए। एला
उज्जीका छोरा थिए। उज्जी मिक्रीका छोरा थिए अनि
मशुल्लाम शपत्याहका छोरा थिए। शपत्याह रूएलका
छोरा थिए। रूएल यिबनियाका छोरा थिए। ९बिन्यामीनको
वंशावली इतिहासले देखाउँछ कि तिनीहरू ९५६
संख्यामा थिए अनि यरूशलेममा बस्थे। तिनीहरू सबै
आफ्ना परिवारहरूका अगुवाहरू थिए।
१०यी ती पूजाहारीहरू हुन जो यरूशलेममा बस्थे।
यदायाह, यहोयारीब, याकीन अनि अजर्याह। ११अजर्याह
हिल्कियाहका छोरा थिए। हिल्कियाह मशुल्लामका
छोरा थिए। मशुल्लाम सादोकका छोरा थिए। सादोक
मरायोतका छोरा थिए। मरायोत अहीतूबका छोरा थिए।
अहीतूब परमेश्वरको मन्दिरका एक मुख्य अधिकारी
थिए। १२त्यहाँ यरोहामका छोरा अदायाह पनि थिए।
यरोहाम पशहूरका छोरा थिए। पशहूर मल्कियाहका
छोरा थिए अनि त्यहाँ अदीएलका छोरा मसै पनि थिए।
अदीएल यहजेराका छोरा थिए। यहजेरा मशुल्लामका
छोरा थिए। मशुल्लाम मशिलेमीतका छोरा थिए। मशिलेमीत
इम्मेरका छोरा थिए।
१३त्यहाँ १,७६० जना पूजाहारीहरू थिए। तिनीहरू
आफ्ना परिवारहरूका अगुवाहरू थिए। तिनीहरू
परमेश्वरको मन्दिरमा सेवाको निम्ति जिम्मावार योग्य
मानिसहरू थिए।
१४यी लेवी कुल समूहका मानिसहरू हुन जो
यरूशलेममा बस्थे यश्शूबका छोरा, शमायाह। यश्शूब

अज्रीकामका छोरा थिए। अज्रीकाम हशब्याहका छोरा
थिए। हशब्याह मररीका सन्तान थिए। १५यरूशलेममा
बस्ने बक्बक्कर, हेरेश, गालाल अनि मतन्याह पनि
थिए। मतन्याह मीकाका छोरा थिए। मिका जिक्रीका
छोरा थिए। जिक्री आसापका छोरा थिए। १६ओबदिया
शमायाहका छोरा थिए। शमायाह गाललका छोरा थिए।
गालाल यदूतूनका छोरा थिए। बेरेक्याह आसाका छोरा
थिए। आसा एल्कानाका छोरा थिए। बेरेक्याह
नतोपाहतीहरूको नजिकमा बस्थे।

१७यी द्वारपालकहरू हुन जो यरूशलेममा बस्थे।
शल्लूम, अक्कूब तल्मोन, अहीमान अनि तिनीहरूका
आफन्तहरू। शल्लुम तिनीहरूका प्रधान थिए।
१८तिनीहरूले यी दिनहरूमा राजाको द्वारको पूर्वतिर
सेवा गर्ने। तिनीहरू लेवी परिवार समूहबाट्का द्वारपालकहरू
थिए। १९शल्लूम कोरेका छोरा थिए। कोरे एब्यासापका
छोरा थिए। एब्यासाप कोरहका छोरा थिए। शल्लूम
अनि उसका भाइहरू द्वारपालक थिए। तिनीहरू कोरहका
परिवारका थिए। अनि तिनीहरूको काम पवित्र पालका
प्रवेश द्वारहरूको रक्षा गर्नु थियो। तिनीहरूले यो काम
गरे जसरी तिनीहरूका पिता-पुर्खाहरूले तिनीहरूले भन्दा
अघिगर्थे। तिनीहरूका पिता-पुर्खाहरूका काम पवित्र
पालको प्रवेशद्वार रक्षा गर्नु थियो। २०अतीतमा पीनहास
द्वारपालहरूका निरीक्षक थिए। पीनहास एलाजारको
छोरा थिए। परमप्रभु पीनहासको साथमा हुनुहुन्थ्यो।
२१जकर्याह जो मेशेलेम्याहका छोरा थिए भेट हुने
पालको प्रवेशद्वारका द्वारपालक थिए।

२२जम्मा २१२ जना मानिसहरू भेट हुने पालको
द्वार रक्षा गर्नका निम्ति चुनिएका थिए। तिनीहरूका
नाउँ तिनीहरूका वंशावलीको इतिहासमा तिनीहरूका
गाउँ अनुसार लेखिएका थिए। दाऊद अनि दर्शी
शमूएलले तिनीहरूलाई छाने किनभने तिनीहरू विश्वास
योग्य थिए। २३द्वारपालकहरू र तिनीहरूका सन्तानहरू
परमप्रभुको घर-द्वारहरूको रक्षा गर्ने जिम्मा थिए त्यो
पवित्र पालका हो। २४त्यहाँ चारतिर द्वारहरू थिए।
पूर्व, पश्चिम, उत्तर अनि दक्षिण। २५द्वापालकका
आफन्तहरू जो साना शहरहरूमा बस्थे प्रत्येक सातदिनमा
आउनु पर्थ्यो मौकामा तिनीहरूलाई सहयोग गर्नु पर्थ्यो।
तिनीहरू आउँथे अनि हरेक पल्ट सात दिन सम्म
द्वारपालकहरूलाई सघाउँथे।

२६चारजना द्वारपालकहरू थिए जो सबै
द्वारपालकहरूका प्रधान थिए। तिनीहरू लेवी समूदायका
मानिसहरू थिए। तिनीहरूको काम परमेश्वरको मन्दिरका
कोठाहरू अनि कोषहरूको हेर चाह विचार गर्नु थियो।
२७तिनीहरू परमेश्वरको मन्दिरको रक्षा गर्दै रात भरि
जागा रहन्थे। तिनीहरू अनि प्रत्येक बिहान परमेश्वरको
मन्दिर खोल्ने काम गर्थे।

२८केही द्वारपालकहरूको काम मन्दिरको सेवाहरूमा
चलाईने थालहरूको हेरचाह गर्नु थियो। तिनीहरूले यी
थालहरू गिन्ति गर्थे जब ती ल्याइन्थे। तिनीहरूले पछि
पनि ती थालहरू गिन्ति गर्थे जब ती बाहिर लगिन्थे।
२९केही द्वारपालकहरूले सजाइने सामग्रीहरू अनि सबै
पवित्र थालहरूको हेरचाह गर्नलाई थिए। तिनीहरूले
पीठो, दाखरस, तेल, धूप अनि विशेष तेलको हेरचाह
गर्दथे। ३०पूजाहारीहरूलाई मात्र मसला मिसाउने काम
दिएको थियो।

३१मत्तित्याह नाउँका एक लेवी मानिस थिए जसको
काम भेटी चढ़ाउनमा उपयोग गरिने रोटी बनाउनु
थियो। मत्तित्याह शल्लूमका सबै भन्दा जेठा छोरा
थिए। शल्लूम कोरह परिवारका थिए। ३२केही
द्वारपालकहरू जो कोरहका परिवारमा थिए तिनीहरूको
काम हरेक विश्राम दिनमा मेचमा राखिने रोटी तयार
पार्नु थियो।

३३लेवीहरू जो सङ्गीतकारहरू अनि आफ्ना
परिवारहरूका अगुवाहरू थिए मन्दिरका कोठहरूमा
बस्थे। तिनीहरूका अरू काम केहि थिएन किनभने
तिनीहरू दिन रात मन्दिरको कामको निम्ति ब्यस्त
थिए।

३४यी सबै लेवीहरूका आफ्ना अगुवाहरू थिए।
प्रधानहरूको रूपमा तिनीहरूको वंशावलीको सूचीमा
नाउँ लेखिएका थियो। तिनीहरू यरूशलेममा बस्थे।

## राजा शाऊलको पारिवारिक इतिहास

३५यीएल गिबोनका पिता थिए। यीएल गिबोन
शहरमा बस्थे। यीएलकी पत्नीको नाउँ माका थियो।
३६यीएलका सबै भन्दा जेठा छोरा अब्दोन थिए। अरू
छोराहरू सूर, कीश, बाल, नेर, नादाब, ३७गदोर,
अहियो, जकर्याह, अनि मिक्लोत थियो। ३८मिक्लोत
शिमामका पिता थिए। यीएलका परिवार यरूशलेममा
तिनीहरूका आफन्तहरूका नजिक बस्थे।

३९नेर कीशका पिता थिए। कीश शाऊलका पिता
थिए अनि शाऊल जोनाथन, मल्कीशू, अबीनादाब
अनि एश्बालका पिता थिए।

४०जोनाथनका छोरा मरिब्बाल थिए। मरिब्बाल
मीकाका पिता थिए।

४१मीकाका छोराहरू पीतोन, मेलेक, तहरै अनि
आहाज थिए। ४२आहाज यादाहका पिता थिए। याराह
आलेमेत, अज्मावेत अनि जिम्रीका पिता थिए। जिम्री
मोसाका पिता थिए। ४३मोसा बिनाका पिता थिए।
रपायाह बीनाका छोरा थिए। एलासा रपायाहका छोरा
थिए अनि आसेल एलासाका छोरा थिए।

४४आसेलका छ जना छोराहरू थिए। तिनीहरूका
नाउँ थिए: अज्रीकाम, बोकारू, इश्माएल, शार्याह,
ओबदियाह अनि हानान हो। ती आसेलका छोरा
छोरीहरू थिए।

## राजा शाऊलको मृत्यु

**१०** पलिश्ती मानिसहरू इस्राएलका मानिसहरू
सित लड़े। इस्राएलका मानिसहरू पलिश्ती
मानिसहरू देखि भागे। धेरै इस्राएलीहरू गिल्बो डाँड़ामा
मारिए। २पलिश्तीहरूले शाऊल अनि उनका छोरालाई
खेद्दै गए। तिनीहरूले उनीहरूलाई भेट्टाए अनि मारिदिए।
पलिश्तीहरूले शाऊलका छोराहरू जोनाथन, अबीनादाब
अनि मल्कीशूअलाई मारिदिए। ३शाऊलको चारैतिर
घमासान युद्ध भयो। धनुधारीहरूले आफ्ना काँडले
शाऊललाई हाने अनि उनलाई घाइतेतुल्याए।

४तब शाऊलले आफ्ना हतियार बोक्नेलाई भने,
"तेरो तरवार बाहिर निकाल अनि मलाई मार्न प्रयोग
गर। तब ती विदेशीहरूले मलाई चोट पुर्‍याउने छैनन्।
अनि मलाई लज्जित बनाउने छैनन् जब तिनीहरू
आउँदा।"

शाऊलका हतियार बोक्ने डराए। तिनले शाऊललाई
मार्न अस्वीकार गरे। तब शाऊलले आफैलाई मार्न
आफ्नै तरवार प्रयोग गरे। तिनी आफ्ना तरवारको
चुच्चोमा लड़े। ५हतियार बोक्नेले शाऊलको मृत्यु
भएको देखे। तब उसले पनि उ तरवारको चुच्चयोमा
लड़े र आत्माहत्या गरे। ६यसरी शाऊल अनि तिनका
तीन जना छोराहरूको पनी मृत्यु भयो। शाऊलका
परिवार सबैको एकसाथ मृत्यु भयो।

७बेंसीमा बस्ने सबै इस्राएलका मानिसहरूले देखे कि
तिनीहरूका आफ्नै सेना भागे। तिनीहरूले देखे कि
शाऊल अनि तिनका छोराहरू मरे। यसर्थ
तिनीहरूले आफ्ना शहरहरू छोडे र भागे। तब पलिश्ती
मानिसहरू इस्राएलका मानिसहरूले छाड़ेका शहरहरूमा
आए अनि पलिश्ती मानिसहरू ती शहर कब्जागरि
बसे।

८भोलि पल्ट पलिश्ती मानिसहरू मृत शरीरहरूबाट
मूल्यवान चीजहरू लिन आए। तिनीहरूले शाऊलको
शरीर अनि तिनका छोराहरूका शरीरहरू गिल्बो डाँड़ामा
पाए। ९पलिश्तीहरूले शाऊलको शरीरबाट मूल्यवान
चीजहरू निकाली लगे। तिनीहरूले शाऊलको शिर
अनि हतियारहरू पनी लगे। तिनीहरूले उनीहरूका
देशभरि उनीहरूका असत्य देवताहरू अनि उनीहरूका
मानिसहरूलाई खबर सुनाउनका निम्ति दूतहरू पठाए।
१०पलिश्तीहरूले शाऊलको हतियारहरू तिनीहरूका
असत्य देवताहरूको मन्दिरमा राखे। तिनीहरूले शाऊलको
शिर दागोनको मन्दिरमा भुण्ड्याए।

११याबेश गिलाद शहरमा बस्ने सबै मानिसहरूले
पलिश्ती मानिसहरूले शाऊल प्रति गरेका सबै कुराहरू
सुने। १२याबेश गिलादको सबै साहसी मानिसहरू
लिएर शाऊल अनि उसका छोराहरूका मृतदेहहरू लिन
गए। तिनीहरूले ती मृतदेहहरू याबेश गिलादमा ल्याए।
तिनीहरूले शाऊल अनि तिनका छोराहरूको हड्डीहरू
याबेशमा एक विशाल रूखमुनि गाडे। त्यस पछि
तिनीहरू सात दिनसम्म उपवास बसे।

१३शाऊलको मृत्यु भयो किनभने तिनी परमप्रभु प्रति
विश्वासनीय भएनन्। शाऊलले परमप्रभुका वचन पालन
गरेनन्। शाऊलले परमप्रभुलाई सोध्नुको सट्टा एउटा
भूतप्रेत खेलाउने कहाँ गए अनि तिनको सल्लाह मागे।
१४तिनले परमप्रभुको सल्लाह लिएनन्। त्यसै कारणले
परमप्रभुले शाऊललाई मारिदिनु भयो अनि राज्य यिशैको
छोरा दाऊदलाई दिनु भयो।

## दाऊद इस्राएलका राजा हुन्छन्

**११** इस्राएलका सबै मानिसहरू हेब्रोन शहरमा
दाऊदकहाँ आए। तिनीहरूले दाऊदलाई भने,
"हामी तपाईंकै मासु र रगतहौं। २अतीतमा तपाईंले
हामीलाई युद्धमा अगुवाइ गर्नु भयो। तपाईंले शाऊल
राजा हुँदा पनि हाम्रो अगुवाई गर्नु भयो। परमप्रभुले
तपाईंलाई भन्नु भयो, 'दाऊद तँ इस्राएलका मेरा
मानिसहरूलको गोठालो हुनेछ्स्। तँ मेरा मानिसहरूको
प्रधान हुनेछस।'"

३इस्राएलका सबै बूढ़ा-प्रधानहरू हेब्रोन शहरमा दाऊद
कहाँ आए। दाऊदले हेब्रोनमा परमप्रभु समक्ष ती
बूढ़ा-प्रधानहरूसित एक करार गरे अनि ती बूढ़ा-प्रधानहरूले
दाऊदलाई अभिषेक गरे। तिनीहरूले तिनलाई इस्राएलका
राजा बनाए। परमप्रभुले यसो हुन्छ भनी वचन दिनु
भएको थियो। परमप्रभुले त्यो वचन दिनका निम्ति
शमूएललाई उपयोग गर्नु भएको थियो।

## दाऊदले यरूशलेम कब्जा गरेका

४दाऊद अनि इस्राएलका सबै मानिसहरू यरूशलेम
शहर गए। यरूशलेमलाई त्यस समयमा यबूस भनिन्थ्यो।
त्यो शहरमा बस्ने मानिसहरूलाई यबूसी भनिन्थ्यो। त्यो
शहरमा ५जो मानिसहरू बस्थे तिनीहरूले दाऊदलाई
भने, "तपाई हाम्रो शहर भित्र आउन सक्नु हुन्न।" तर
दाऊदले ती मानिसहरूलाई परास्त गरिदिए। दाऊदले
सियोनको किल्ला लिए। यो स्थान दाऊदको शहर
बन्यो।

६दाऊदले भने, "त्यो व्यक्ति जसले यबूसी मानिसहरू
माथि आक्रमण गर्छ, मेरा सम्पूर्ण सेनाको सेनापति
हुनेछ।" यसर्थ योआबले आक्रमणको अगुवाइ गरे।
योआब सरूयाहका छोरा थिए। योआब सेनाका सेनापति
बने। ७तब दाऊदले किल्लामा आफ्ना घर बनाए। त्यसै
कारणले यसलाई दाऊदको शहर नाउँ दिइएको हो।
८दाऊदले किल्ला वरिपरि शहर बसाए। तिनले यो
मिल्लो देखि शहर वरिपरिको सबै ठाउँमा पर्खाल
बनाए। योआबले शहरका अन्य भागको मरम्मत गरे।
९दाऊद लगातार सफल हुँदैगए। सर्वशक्तिमान परमप्रभु
तिनीसित हुनुहुन्थ्यो।

### तीन वीरहरू

१०यो सूची दाऊदका विशेष सेनापतिहरूको हो। यी
बीरहरू दाऊदसित तिनका राज्यमा अति शक्तिशाली
बने। तिनीहरू र इस्राएलका सबै मानिसहरूले दाऊदलाई
सहयोग गरे अनि तिनलाई राजा बनाए। यो परमेश्वरले
वचन दिनु भए जस्तै भयो।
११यो सूची दाऊदका विशेष सैनिकहरूको हो:
याशोबाम हक्मोनी थिए। याशोबाम अधिकारीहरूका
अगुवा थिए। याशोबामले एकै पल्टमा तीन सय
मानिसहरूलाई आफ्नो भाला प्रयोग गरेर मारे।
१२अर्को अहोही दोदोका छोरा एलाजार थिए।
एलाजार ती तीन वीरहरू मध्ये एक थिए। १३एलाजार
पास-दम्मीममा दाऊदसँग थिए। पलिश्तीहरू युद्ध लड़न
तयारीको निम्ति त्यस स्थानमा आएका थिए। त्यस
स्थान एक जौले भरिएको खेत थियो। इस्राएलीहरू
पलिश्तीहरू देखि भागे। १४तर ती तीन बीरहरू त्यही
खेतमा बसीरहे अनि त्यसलाई रक्षा गरे। तिनीहरूले
पलिश्तीहरूलाई परास्त गरे। परमप्रभुले इस्राएलका
मानिसहरूलाई महान विजय दिनुभयो।
१५एकपल्ट, दाऊद अद्दुलामको ओड़ारमा थिए,
अनि पलिश्ती सेना तल रपाईमको बेंसीमा थिए।
तीसजना वीरहरू मध्ये तीनजना वीरहरू दाऊदलाई
ओड़ार भेटनसम्म पुगे।
१६अर्कोसमय, दाऊद किल्लामा थिए, अनि पलिश्ती
सेनाका एकदल बेतलेहेममा थिए। १७दाऊद तिर्खाएका
थिए आफ्ना शहरको पानीका निम्ति यसर्थ तिनले भने,
"म चाहन्छु कि कसैले मलाई बेतलेहेम शहरको द्वार
नजिकको कूवाबाट केही पानी देओस्।" दाऊदले
वास्तवमा त्यो चाहेका थिएनन् तिनी केवल कुरा मात्र
गरेका थिए।
१८तर ती तीन जना वीरहरूले पलिश्ती सेनाहरूको
बीच भएर युद्धगर्दै बाटो पौलाए र यी तीन व्यक्तिहरूले
बेतलेहेमको शहरद्वार छेउको कूवाबाट केही पानी लिए।
तब ती तीन वीरहरूले ल्याएको पानी दाऊदकहाँ
ल्याए। दाऊदले पानी पिउन अस्वीकार गरे। तिनले त्यो
पानी परमप्रभुलाई भेटेको रूपमा भूइँमा खन्याए।
१९दाऊदले भने, "परमेश्वर, म यो पानी पिउँन
सक्तिनँ। यो पानी मैले पिएँ भने ती व्यक्तिहरूको रगत
पिएको जस्तो हुनेछ जसले मेरो निम्ति यो पानी ल्याउँन
आफ्ना जीवन खतरामा पारे।" त्यस कारण दाऊदले
पानी पिउन अस्वीकार गरे। ती तीन जना वीरहरूले
यस्ता अनेक साहसी कार्यहरू गरे।

### अन्य वीर सैनिकहरू

२०योआबका भाइ अबीशै यी तीन बीरहरूका प्रधान
थिए। तिनले आफ्ना भाला द्वारा ३०० मानिसहरूसित
युद्ध गरे अनि तिनीहरूलाई मारिदिए। अबीशै ती तीन
वीरहरू जस्तै प्रसिद्ध थिए। २१अबीशै ती तीस जना
वीरहरू भन्दा दोबर प्रसिद्ध थिए। तिनी ती
तीन वीरहरू मध्ये एक नभएता पनि तिनी तीसजनाका
अगुवा थिए।
२२यहोयादाका छोरा, बनायाह शक्तिशाली "मानिस"
थिए। उनी कबसेलबाटका थिए। बनायाहले मोआब
देशका दुइजना महान् वीरहरूलाई मारे। एक दिन हिंउ
पर्दै थियो, बनायाह भूइँमा भएको खाडल मित्र पसे।
अनि एक सिंहलाई मारे। २३अनि बनायाहले एक ठूलो
मिश्र देशका सैनिकहरूलाई मारे। ती व्यक्ति प्राय: साँढ़े
सात फीट अग्ला थिए। त्यस मिश्रदेशकाहरू संग एउटा
भाला थियो त्यो खूबै ठूलो अनि गहुँगो थियो। त्यो
जुलाहाको तानको डण्डा जस्तै ठूलो थियो। बनायाहसित
एउटा लहुरो मात्र थियो। बनायाहले त्यो मिश्रदेशीको
हातमा भएको भाला अठ्याए र उसकोहातबाट खोसे।
तब बनायाहले त्यस मिश्रदेशीलाई उसको आफ्नै भालाद्वारा
मारिदिए। २४बनायाह यहोयादाका छोराले अनेक यस्ता
साहसी कार्य गरे। बनायाह ती तीन वीरहरू जस्तै
प्रसिद्ध थिए। २५बनायाह ती तीसजना वीरहरू भन्दा
अधिक प्रसिद्ध थिए, तर पनी तीन वीरहरू मध्येका
एकजना तिनी थिएनन्। दाऊदले बनायाहलाई आफ्ना
अङ्गरक्षकहरूका प्रधान बनाए।

### तीस जना वीरहरू

२६पराक्रमी सैनकहरूका तीस जना बीर योद्धा यी
हुन: योआबका भाई असाहेल, बेतलेहेम दोदोका छोरा
एल्हानान; २७शम्मोत, हारोद, हेलेस, पेलोनी, २८ईरा,
तकोईका ईक्केशका छोरा; अनातोतका अबीएजेर,
२९सिब्बकै हुशाती; ईलै, अहोही; ३०नतोपाका महरै;
नतोपाकै बानाका छोरा हेलेद, ३१बिन्यामीनके गिबाका
रीबैका छोरा; इतै, पिरातोनका, बनायाह, ३२गाशका
खोल्चाहरूका हुरै, अर्वातीका अबीएल, ३३ बहरीमका
अज्माबेत; शाल्बोनका, एल्याहबा, ३४गीजोनी हाशेमका
छोराहरू; जोनाथन, हरारी शागेका छोरा; ३५अहीआम,
हरारी साकारका छोरा; एलीपाल, ऊरका छोरा,
३६मेकराहका हेपेर, अहियाह, पेलोनी, ३७कार्मेली
हेस्रो, एज्बैका छोरा; नारै, ३८नातानका भाइ; योएल,
हग्रीका छोरा; मिभार, ३९अम्मोनी; सेलेक, बेरोतका;
नहरै, नहरैले सरूयाहका छोरा योआबको कवच बोकेका
थिए। ४०येतेरी, ईरा, सतत्री, गारेब, ४१अहलैका
छोरा हित्ती, उरियाह, जाबाद, ४२अदीन, रूबेनको कुल
समूहका शीजाका छोरा; अदीना रूबेनको कुल समूहका
अगुवा थिए, अनि उसित तीस वीरहरू थिए। ४३हानान,
माकाका छोरा; मित्नी, योशापात, ४४उज्जीयाह, अश्तेराती;
होतामका छोराहरू शामा अनि यीएल, अरोएका
४५यदीएल, शिम्रीका छोरा अनि तिनका भाइ तिजी
योहा, ४६महाबी, एदीएल, यरीबै अनि योशब्याह,

एल्नामका छोराहरू, यित्मा, मोआबी; ४७एलीएल; ओबेद अनि योबाका यासीएल।

## दाऊदसँग भएका साहसी मानिसहरू

**१२** यो मानिसहरूको सूची थियो जो दाऊद कहाँ समिलित हुन आएका थिए जब तिनी सिक्लगमा थिए। यो त्यस समयको कुरा थियो जब दाऊद कीशका छोरा शाऊलबाट लुकेका थिए। यी मानिसहरूले दाऊदलाई युद्धमा सहायता गरेका थिए। २यी मानिसहरू आफ्ना दाहिने वा देब्रेहातले आफ्ना धनुहरूबाट काँड़ हान्न सिपालू थिए। तिनीहरूले दुवै हातले आफ्ना घुयेत्रोद्वारा पनि ढुँङ्गा हान्न सक्थे। तिनीहरू बिन्यामीनका कुल समूहका शाऊलका आफन्तहरू थिए। तिनीहरू थिए! ३अहीएजेर, तिनीहरूका प्रधान अनि योआश; अहीएजेर अनि योआश गिबीयाती शेमाहका छोराहरू थिए। यजीएल अनि पेलेत; यजीएल र पेलेत अज्मावेतका छोराहरू थिए। बराका र येहू अनातोत शहरका थिए। ४यिश्मायाह गिबोन शहरका थिए। यिश्मायाह तीन वीरहरू मध्य एक थिए अनि तिनी तीन वीरहरूका प्रधान पनि थिए। यिर्मयाह, यहजीएल, योहानान अनि योजाबाद- गदेरा ती मानिसहरूबाट; ५एलूजै- यरीमोत, बाल्याह, अनि शमर्याह, शपत्याह, हारूपी, ६एल्काना, यिशियाह अज्रेल, योएजेर अनि याशोबाम, सबै कोरहका परिवार समूहका; ७योएलह अनि जबदियाह, गेदोर शहरका यरोहामका छोराहरू हुन।

## गादी मानिसहरू

८गाद कुल समूहका एक भाग दाऊदसँग मरूभूमिमा तिनका किल्लामा आएर मिले। तिनीहरू युद्धका निम्ति शिक्षा पाएका साहसी सैनिकहरू थिए। तिनीहरू ढाल अनि भाला चलाउनमा सिपालु थिए। तिनीहरू सिंह जस्तै भीषण देखिन्थे। अनि तिनीहरू पर्वतमा मृगजस्तै छिटो दगुर्न सक्थे।

९एजेर गाद कुल समूहबाट सेनाका प्रधान थिए। ओबदियाह अधिकारमा दोस्रो दर्जाका थिए। एलिआब अधिकारमा तेस्रो दर्जाका थिए। १०मिश्मन्ना अधिकारमा चौथा दर्जाका थिए। यिर्मयाह अधिकारमा पाँचौं दर्जाका थिए। ११अत्तै अधिकारमा छैटौँ दर्जाका थिए। एलीएल अधिकारमा सातौँ दर्जाका थिए। १२योहानान अधिकारमा आठौँ दर्जाका थिए। एल्जाबाद अधिकारमा नवौँ दर्जाका थिए। १३यिर्मयाह अधिकारमा दशौँ दर्जाका थिए। मकबन्नै अधिकारमा एघारौँ दर्जाका थिए।

१४ती मानिसहरू गादी सेनाका प्रधानहरू थिए। त्यस समूहका सबैभन्दा कमजोर सैनिकले पनि शत्रुका एकसय सैनिकहरूसित युद्ध गर्न सक्थे। त्यो परिवार समूहका सबै भन्दा बलवान सैनिक शुत्रुका एकहजार सैनिकहरूसित युद्ध गर्नसक्थे। १५गाद कुल समूहका मानिसहरू सैनिक थिए जो वर्षको पहिलो महीना यर्दन नदी पारी जान्थे। त्यो वर्षाको समय थियो जब यर्दन नदीमा बाढ़ी आइरहेथ्यो। तिनीहरूले बेंसीहरूमा बस्ने सबै मानिसहरूलाई खेदी पठाए। तिनीहरूले ती मानिसहरूलाई पूर्व र पश्चिम तिर खेदे।

## दाऊदसँग अन्य सैनकिहरू मिले

१६बिन्यामीन र यहूदाका कुल समूहहरूबाट अन्य मानिसहरू किल्लामा दाऊदकहाँ आए। १७दाऊद तिनीहरूलाई भेट्न बाहिर गए। दाऊदले तिनीहरूलाई भने, "यदि तिमीहरू शान्तिसित मलाई सहायता गर्न आएका हौ भने म तिमीहरूलाई स्वागत गर्छु। मेरो साथ बस। तर यदि तिमीहरू मेरो जासूसी गर्न आएका हौ भने, जब मैले केही नराम्रो गरेको छैन् तब हाम्रा पिता-पुर्खाहरूका परमेश्वरले हेर्नु हुनेछ तिमीहरूले के गर्‍यौ भनी अनि तिमीहरूलाई दण्ड दिनु हुनेछ।"

१८अमासै तीस बीरहरूका अगुवा थिए। तब, आत्माद्वारा बोल्यो अनि भन्यो।

"दाऊद, हामी तपाईका हौं। यिशैका छोरा, हामी तपाईसित छौं, तपाईलाई शान्ति, शान्ति होस्! ती मानिसहरूलाई शान्ति होस जसले तपाईलाई सहायता गरे! किन? किनभने तपाईको परमेश्वरले तपाईलाई सहायता गर्नुहुन्छ।"

यसकारण दाऊदले यी मानिसहरूलाई आफ्ना समूहमा स्वागत गरे अनि तिनीहरूलाई उसका सेनाहरूका अधिकारीहरू बनाए।

१९मनश्शेका कुल समूहका केही मानिसहरू पनि दाऊदसित मिले। जब तिनीहरू दाऊदसित मिले तब तिनी पलिश्तीहरूका साथ शाऊलसित युद्ध गर्न गए। तर दाऊद अनि तिनका मानिसहरूले पलिश्तीहरूलाई वास्तवमा सहायता गरेनन्। पलिश्ती प्रधानहरूले तिनीहरूलाई दाऊदले सहायता गरिरहेछन भन्ने विषयमा कुरा गरे, तब तिनीहरूले तिनलाई पठाइदिने निश्चय गरे। ती शासकहरूले भने, "यदि दाऊद तिनका मालिक शाऊल कहाँ फर्के भने हाम्रा शिरहरू काटिने छन्।" २०यी मनश्शेका मानिसहरू थिए जो दाऊदसँग मिलेका थिए जब तिनी सिक्लग शहर गए: अदनाह, योजाबाद, यदीएल, मीकाएल, योजाबाद, एलीहू अनि सिल्लतै। यी सबै जना मनश्शेका कुल समूहबाट सेना अध्यक्षहरू थिए। २१तिनीहरूले दाऊदलाई नराम्रा मानिसहरूसित लडन सहायता गरेका थिए। ती नराम्रा मानिसहरू देशको चारै तिर गएर मानिसहरूका सामानहरू चोर्थे। मनश्शेका यी सबै मानिसहरू साहसी सैनिकहरू थिए। तिनीहरू दाऊदका सेना प्रधानहरू भए। २२धेरै भन्दा धेरै मानिसहरू दिन प्रतिदिन दाऊदलाई सहायता गर्नआए। यसरी दाऊदका धेरै शक्तिशाली सेनाहरू भए।

### अन्य मानिसहरू हेब्रोनमा दाऊद संग मिले

२३यी संख्याहरू ती मानिसहरूका हुन जो हेब्रोन शहरमा दाऊद कहाँ आए। यी मानिसहरू युद्धका निम्ती तयार थिए। तिनीहरू शाऊलको राज्याधिकार दाऊदलाई दिन आए। यो त्यही कुरा थियो जो हुने छ भनी परमप्रभुले भन्नु भएको थियो। यो तिनीहरूको संख्या हो:

२४यहूदाका कुल समूहबाट युद्धका निम्ति ६,८०० मानिसहरू तयार थिए। तिनीहरूले ढाल र भालाहरू बोक्थे।

२५शिमोनका कुल समूहबाट ७,१०० मानिसहरू थिए। तिनीहरू युद्धका निम्ति तयार सहासी सैनिकहरू थिए।

२६लेवीका कुल समूहबाट ४,६०० मानिसहरू थिए। २७यहोयादा त्यो समूहमा थिए। तिनी हारून परिवारका अगुवा थिए। यहोयादासित ३,७०० मानिसहरू थिए।

२८सादोक पनि त्यस समूहमा थिए। तिनी एक साहसी युवा सैनकि थिए। तिनी आफ्ना परिवारका बाईस जना अधिकारीहरूसित आए।

२९बिन्यामीन कुल समूहबाट ३,००० मानिसहरू थिए। तिनीहरू शाऊलका आफन्तहरू थिए। धेरै जसो यी मानिसहरू त्यस बेलासम्म शाऊलका परिवार प्रति विश्वसनीय रहे।

३०एप्रैम कुल समूहबाट २०,८०० मानिसहरू थिए। तिनीहरू साहसी सैनिकहरू थिए। तिनीहरू आफ्ना गोत्र अनुसार प्रसिद्ध मानिसहरू थिए।

३१मनश्शे कुल समूहका आधाबाट १८,००० मानिसहरू थिए। तिनीहरूलाई नाउँद्वारा आउनु अनि दाऊदलाई राजा बनाउन बोलाइयो।

३२इस्साकार कुल समूहबाट २०० बुद्धिमान अगुवाहरू थिए। ती मानिसहरूले उचित समयमा इस्राएलले गर्नु पर्ने ठीक कुराहरू जान्दथे। तिनीहरूका आफन्तहरूले तिनीहरूको आदेश भन्द थिए।

३३जबूलून कुल समूहमा ५०,००० शिक्षित सैनकिहरू थिए। तिनीहरू सबै किसिमका हतियारहरू चलाउनमा सिपालू थिए। तिनीहरू दाऊद प्रति खुबै बफादारी थिए।

३४नप्तली कुल समूहबाट १,००० अधिकारीहरू थिए। तिनीहरूसित ३७,००० मानिसहरू थिए। ती मानिसहरू ढाल अनि भालाहरू बोक्थे।

३५दान कुल समूहबाट २८,६०० मानिहसहरू युद्धका निम्ति तयार थिए।

३६आशेर कुल समूहबाट युद्धका निम्ति ४०,००० शिक्षित सैनिकहरू तयार थिए।

३७यर्दन नदीको पूर्व तर्फबाट रूबेन गाद अनि मनश्शेका आधा कुल समूहबाट १,२०,००० मानिसहरू थिए। ती मानिसहरूसित सबै किसिमका हतियारहरू थिए।

३८ती सबै मानिसहरू साहसी लडाकुहरू थिए। तिनीहरू दाऊदलाई राजा तुल्याउन दृढ़ संकल्प गरेर हेब्रोनमा आएका थिए। समस्त इस्राएलका राजा बनाउन पूर्ण सहमत भएर हेब्रोन शहरमा इस्राएलका अन्य सबै मानिसहरू पनि दाऊद राजा हुनु पर्छ, भन्ने कुरामा सहमत थिए। ३९ती मानिसहरूले दाऊदसित हेब्रोनमा तीन दिन बिताए। तिनीहरूले खाए अनि पिए किनभने तिनीहरूका आफन्तहरूले तिनीहरूका निम्ति खाने कुरा तयार गरेका थिए। ४०तिनीहरूका ती क्षेत्रका छिमेकीहरूले पनि जहाँ इस्साकार, जबूलून अनि नप्तालीका कुल समूहहरू बस्थे! खाने कुरा, गधा, ऊँट, खच्चर अनि गोरूहरूमा लिएर आए। तिनीहरूले प्रशस्त मात्रामा पीठो, नेभाराका डल्ला, किसमिसका भुप्पा, दाखका डल्ला, दाखरस, तेल गाई गोरूहरू अनि भेडाहरू ल्याए। इस्राएलका मानिसहरू अत्यन्त प्रसन्न थिए।

### करारको सन्दूक फर्काई ल्याएको

**१३** दाऊदले आफ्ना सेनाका सबै अधिकारीहरूसित कुरा-काँनी गरे। २तब दाऊदले इस्राएली मानिहसहरूलाई एक साथ बोलाए। तिनले उनीहरूलाई भने, "यदि तिमीहरूको राम्रो विचार होभन्ने सम्फन्छौ भने, अनि यदि परमप्रभु यही चाहनुहुन्छ इस्राएलका सबै क्षेत्रमा हाम्रा दाज्यू-भाईहरूलाई हामी सन्देश पठाऔं साथै पूजाहारीहरू अनि लेवीहरू कहाँ पनि सन्देश पठाऔं जो हाम्रा दाज्यू-भाईहरूसित आफ्ना शहरहरू र ती शहर नजिकका खेतहरूमा बस्छन्। सन्देशमा तिनीहरूलाई आउनु अनि हाम्रो साथ रहनु भनियोस्। ३करारको सन्दूकलाई यरूशलेममा हामीकहाँ पर्काई ल्याऔं। हामीले करारको सन्दूकको वास्ता गरेका थिएनौं जब शाऊल राजा थिए।" ४यसर्थ इस्राएलका सबै मानिसहरू दाऊदसँग सहमत भए। तिनीहरू सबैले सोचे यसो गर्नु नै उचित हुनेछ।

५यसर्थ दाऊदले मिश्रदेशको शिहोर नदी देखि लेबो हमात शहर सम्मका सबै इस्राएलका मानिसहरूलाई भेला गरे। करारको सन्दूकलाई किर्यत-यारीमबाट फर्काई ल्याउनदा तिनीहरू साथमा आए। ६दाऊद र तिनका साथमा सबै इस्राएलका मानिसहरू यहूदाको बालाहामा गए। बालाहा, किर्यत यारीमको अर्को नाउँ हो। तिनीहरू करारको सन्दूक बाहिर ल्याउनका निम्ति त्यहाँ गए। त्यो करारको सन्दूक परमेश्वर परमप्रभुको सन्दूक हो। उहाँ करूब स्वर्ग दूतहरूको माथि बस्नुहुन्छ। यो त्यो सन्दूक हो जसलाई परमप्रभुको नाउँद्वारा पुकारिन्छ।

७मानिसहरूले अबीनादाबको घरबाट करारको सन्दूक सारे। तिनीहरूले सन्दूकलाई नयाँ रथमा राखे। उज्जाह अनि अहियोले रथ हाँक्दै लगे।

८दाऊद अनि इस्राएलका सबै मानिसहरू परमेश्वरको
समक्ष उत्सव मनाइरहेका थिए। तिनीहरूले परमेश्वरको
स्तुति गर्दै थिए अनि गीतहरू गाउँदै थिए। तिनीरू
सारङ्गी, वीणा, ढोल, भ्याली, खैँजडी अनि तुरही
बजाउँदै थिए।
९तिनीहरू किदोनको खलामा आए। रथ तान्ने
साँढ़ेहरू ठोक्किए अनि करारको सन्दूक भण्डै लड्यो।
उज्जाहले सन्दूक समात्न हात बढ़ाए। १०परमप्रभु
उज्जाहसित खुबै रिसाउनु भयो। परमप्रभुले उज्जाहलाई
मारिदिनु भयो किनभने उसले सन्दूक छोएका थिए।
यसरी उज्जाह त्यतिनैखेर परमेश्वरको समक्ष मरे।
११परमेश्वरले उहाँको क्रोध उज्जाह प्रति देखाउनु भयो
अनि यसले दाऊदलाई अप्रशन्त तुल्यायो। त्यस समय
देखि अहिले सम्म त्यस स्थानलाई "पेरेस-उज्जाह"
भनिन्छ।
१२दाऊद त्यस दिन परमेश्वर देखी भयभीत भए।
दाऊदले भने, "म करारको सन्दूक यहाँ मेरोमा ल्याउन
सक्तिनँ।" १३यसर्थ दाऊदले करारको सन्दूक आफूसित
दाऊदको शहरमा लगेगन् तर तिनले एकातिर लागे
गिन्ती ओबेद-एदोमको घरमा छोडे। ओबेद-एदोम गात
शहरका थिए। १४करारको सन्दूक ओबेद-एदोमका
परिवारसित उनको घरमा तीन महीना सम्म रह्यो।
परमप्रभुले ओबेद-एदोमका परिवारलाई अनि ओबेद
एदोमका हरेक वस्तुलाई आशिष् दिनुभयो।

## दाऊदको राज्य बिस्तार हुन्छ

**१४** हीराम सोर शहरका राजा थिए। हीरामले
दाऊदकहाँ दूतहरू पठाए। हीरामले देवदार
बृक्षका मूढाहरू, डकर्मी र सिकर्मीहरू पनि दाऊद
कहाँ पठाए। हीरामले ती दाऊदको निम्ति महल निर्माण
गर्नलाई पठाए। २तब दाऊदले देखे कि परमप्रभुले
साँच्चै नै तिनलाई इस्राएलका राजा बनाउनु भयो।
परमप्रभुले दाऊदको राज्यलाई खुबै विशाल अनि
शक्तिशाली तुल्याइदिनु भयो। परमेश्वरले यसो गर्नुभयो
किनभने उहाँले दाऊदलाई अनि इस्राएलका मानिसहरूलाई
प्रेम गर्नुहुन्थ्यो।
३दाऊदले यरूशलेम शहरमा धेरै स्त्रीहरूलाई विवाह
गरे। अनि तिनका धेरै छोरा छोरीहरू भए। ४यरूशलेममा
जन्म भएका दाऊदका छोरा छोरीहरूका नाँउ यी हुन्:
शम्मूअ, शोबाब, नातान, सुलेमान, ५यिभार, एलीशूअ,
एल्पेलेत, ६नोगह, नेपेग, यापी, ७एलीशामा, बेलीयादा
अनि एलीपेलेत।

## दाऊदले पलिश्तीहरूलाई पराजित गर्छन्

८पलिश्ती मानिसहरूले सुने कि दाऊद इस्राएलका
राजा चुनिएकाछन्। यसर्थ सबै पलिश्ती मानिसहरू
दाऊदको खोजिमा गए। दाऊदले यस विषयमा सुने।
तब तिनी पलिश्ती मानिसहरूसित युद्ध गर्न निक्ले।
९पलिश्ती मानिसहरूले रपाईमको बेंसीमा बस्ने
मानिसहरू माथि आक्रमण गरे अनि तिनीहरूका सर
सामानहरू चोरे। १०दाऊदले परमेश्वरलाई सोधे, "के
म जाऊँ अनि पलिश्ती मानिसहरूसित युद्ध
गुरू? के मलाई तपाईले उनीहरूलाई परास्त गर्नु
दिनुहुन्छ?"
परमप्रभुले दाऊदलाई उत्तर दिनु भयो, "जा, म
तँलाई ती पलिश्ती मानिसहरूलाई परास्त पार्न दिनेछु।"
११तब दाऊद र तिनका मानिसहरू बाल पराजीम
शहरसम्म गए। त्यहाँ दाऊद अनि तिनका मानिसहरूले
पलिश्ती मानिसहरूलाई परास्त गरे। दाऊदले भने,
"भत्केको बाँधबाट पानी छुट्छ। त्यही प्रकारले परमेश्वरले
मेरो शत्रुहरू माथि छुट्नु भयो। परमेश्वरले मेरो
माध्यमबाट यसो गर्नुभयो।" त्यसै कारणले त्यस स्थानको
नाउँ बाल-पराजीम राखिएको हो। १२पलिश्ती मानिसहरूले
बाल पराजीममा आफ्ना मूर्तिहरू छाडेका थिए। दाऊदले
आफ्ना मानिसहरू ती मूर्तिहरूलाई जलाउने आदेश
दिए।

## पलिश्ती मानिसहरू माथि अर्को विजय

१३पलिश्तीहरूले रपाईमको बेंसीमा बस्ने मानिसहरू
माथी फेरि आक्रमण गरे। १४दाऊदले फेरी परमेश्वरसित
प्रार्थना गरे। परमेश्वरले दाऊदको प्रार्थनाको उत्तर
दिनुभयो। परमेश्वरले भन्नु भयो, "दाऊद, जब तँ
आक्रमण गर्दा पलिश्तीहरूको पछि पहाड़ तिर नलाग।
त्यसको साटो तिनीहरूको चारै तिर जा अनि पीपलका
रूखहरूका पहाड़ी पट्टी लुक। १५अनि त्यस समयमा
तिमीले किम्बूको टुप्पोहरूबाट हिड़ीरहेको आवाज सुन्ने
छौ। तब तिमीले पलिश्तीहरू माथि आक्रमण गर्नु नै
पर्छ। तिमीले यसो अवश्यै गर्नु पर्छ। परमेश्वर आफै
तिमीहरूका अघि अघि पलिश्तीका सेनाहरूलाई प्रहार
गर्न जानुहुनेछ।" १६दाऊदले त्यसै गरे जो परमेश्वरले
तिनलाई गर्नु भन्नुभएको थियो। यसरी दाऊद अनि
तिनका मानिसहरूले पलिश्ती सेनालाई परास्त गरे।
तिनीहरूले गिबोन शहरदेखि गेजेर शहर सम्मका सबै
पलिश्ती सेनाहरूलाई मारे। १७यसरी दाऊद सबै देशहरूमा
प्रसिद्ध भए। परमप्रभुले सबै राष्ट्रहरूलाई दाऊददेखी
भयभीत तुल्याउनु भयो।

## यरूशलेममा करारको सन्दूक

**१५** दाऊदले आफ्ने निम्ति दाऊदशहरमा
राजमहलहरू बनाए। तब तिनले करारको
सन्दूक राख्नलाई एउटा स्थान बनाए। तिनले त्यसका
निम्ति पाल टाँगे। २तब दाऊदले भने, "लेवीहरूलाई
मात्र करारको सन्दूक बोक्ने अनुमति छ। किनभने
तिनीहरू हुन् जसलाई परमप्रभुले करारको सन्दूक बोक्न

अनि सदा सर्वदा उहाँको सेवा गर्नका निम्ति छान्नु
भएको थियो।"
३दाऊदले इस्राएलका सबै मानिसहरूलाई यरूशलेममा
एकसाथ भेट्नु भने जब लेवीहरूले करारको सन्दूकलाई
बोकेर तिनले यसको निम्ति बनाएको स्थान मा ल्याउने
छन्। ४दाऊदले हारूनका सन्तानहरू र लेवीहरूलाई
एक साथ बोलाए। ५कहातका परिवार समूहबाट १२०
मानिसहरू थिए। ऊरीएल तिनीहरूका मुखिया थिए।
६मरारीका परिवार समूहबाट २२० मानिसहरू थिए।
असायाह तिनीहरूका अगुवा थिए। ७गेर्शोमका परिवार
समूहबाट १३० जना मानिसहरू थिए। योएल तिनीहरूका
अगुवा थिए। ८एलीसापानका परिवार समूहबाट २००
मानिसहरू थिए। शमायाह तिनीहरूका मुखिया थिए।
९हेब्रोनका परिवार समूहबाट ८० जना मानिसहरू
थिए। तिनीहरूका मुखिया एलीएल थिए। १०उज्जीएलका
परिवार समूहबाट ११२ जना मानिसहरू थिए। तिनीहरूका
मुखिया अम्मोनीदाब थिए।

## पूजाहारी र लेवीहरूसित दाऊद कुराकानी गर्छन्

११तब दाऊदले पूजाहारीहरू, सादोक अनि
अबियाथारलाई तिनी कहाँ आउनु भने। दाऊदले यी
लेवीहरूलाई पनि तिनी कहाँ आउनु भने, उरीएल,
असायाह, योएल, शमायाह, एलीएल अनि अम्मीनादाब।
१२दाऊदले तिनीहरूलाई भने, "तिमीहरू लेवी कुल
समूहका अगुवाहरू हौ। तिमीहरू र अन्य लेवीहरूले
आफैलाई पवित्र बनाउनु पर्छ। त्यसपछि करारको
सन्दूकलाई मैले त्यसको निम्ति बनाएको स्थानमा
ल्याउनु पर्छ। १३अघिल्लो पल्ट करारको सन्दूक
कसरी बोक्नु पर्ने भनी हामीले परमप्रभुलाई सोधेनौं।
तिमी लेवीहरूले त्यो बोकेनौ अनि त्यसै कारण परमप्रभुले
हामीलाई दण्ड दिनुभयो।"
१४तब पूजाहारी र लेवीहरूले स्वयमलाई पवित्र
तुल्याए जसद्वारा तिनीहरूले परमप्रभु इस्राएलका
परमेश्वरको करारको सन्दूक बोक्न सके। १५लेवीहरूले
मोशाले आदेश गरे झैं करारको सन्दूकलाई आफ्ना
काँधमा बोक्नमा निम्ति विशेष डन्डा प्रयोग गरे।
तिनीहरूले करारको सन्दूक परमप्रभुले भन्नु भए अनुसार
बोके।

## सङ्गीतकारहरू

१६दाऊदले लेवीहरूलाई आफ्ना सङ्गीतकार दाज्यू-
भाईहरूलाई ल्याउनु भने। सङ्गीतकारहरूले बाजा, वीणा,
सारङ्गी अनि झ्यालीहरू ल्याउनु पर्ने अनि खुशीको
गीत गाउनु पर्ने थियो।
१७तब लेवीहरूले हेमान अनि उसका दाज्यू-भाईहरू
आसाप अनि एतानलाई ल्याए। हेमान योएलका छोरा
थिए। आसाप बेरेक्याहका छोरा थिए। एतान कुशायाहका
छोरा थिए। यी मानिसहरू मरारीका परिवार समूहका
थिए। १८तिनीहरूको परिवारमा दोस्रो दर्जाका थिए।
तिनीहरू जकर्याह, याजीएल, शमीरामोत, यहीएल,
उन्नी, एलीआब, बनायाह, मासेयाह, मत्तित्याह, एलीपलेहु,
मिक्नेयाह ओबेद एदोम र यीएल यी मानिसहरू द्वार
पालहरू थिए।
१९सङ्गीतकार हेमान, आसाप अनि एतानले काँसाका
झ्यालीहरू बजाए। २०जकर्याह, अजीएल, शमीरामोत,
यहीएल, उन्नी, एलीआब, मासेयाह अनि बनायाहले
अलामोत सारङ्गी बजाए। २१मत्तित्याह, एलीपलेहू
मिक्नेयाह, ओबेद-एदोम यीएल अनि अजज्याहले शिमीनीत
निदेशक अनुसार वीणा बजाए। यो तिनीहरूको प्रतिदिनको
कार्य थियो। २२लेवी प्रमूख कनन्याह गाउने जिम्मामा
थिए। कनन्याहले यो काम पाए किनभने तिनी गाउनमा
खूबै निपुण थिए।
२३बेरेक्याह अनि एल्काना करारको सन्दूकका दुइ
रक्षकहरू थिए। २४पूजाहारीहरू शबन्याह, योशापात,
नतनेल, अमासै, जकर्याह, बनायाह अनि एलीएजेरको
काम करारको सन्दूक अघि-अघि हिंडदा तुरही बजाउने
थियो। ओबेद-एदोम अनि यहियाह करारको सन्दूकका
अन्य रक्षकहरू थिए।
२५दाऊद, इस्राएलका बूढ़ा-प्रधानहरू अनि सेनाका
कप्तानहरू करारको सन्दूक लिन गए। तिनीहरूले
त्यसलाई ओबेद एदोमको घर बाहिर निकाले। प्रत्येक
व्यक्ति खुशी थिए। २६परमेश्वरले लेवीहरूलाई सहायता
गर्नु भयो जसले करारको सन्दूक बोकेका थिए।
तिनीहरूले सातवटा साढ़े र सातवटा भेड़ाहरूको बलिदिए।
२७सबै लेवीहरू जसले करारको सन्दूक बोकेका थिए
तिनीहरूले मलमलका राम्रा पोशाक लगाएका थिए।
कनन्याह, गाउने जिम्माका व्यक्ति अनि सबै गायकहरूका
मलमलका राम्रा पोशाकहरूमा थिए। दाऊदले पनि
मलमल द्वारानिर्मित राम्रा पोशाक लगाएका थिए। अनि
दाऊदले उत्तम मलमलद्वारा निर्मित एपोद पनि लाएका
थिए।
२८यसरी इस्राएलका सबै मानिसहरूले करारको
सन्दूक ल्याए। तिनीहरूले जय-जयकार गरे, तिनीहरूले
नरसिङ्गा तुरहीहरू र झ्याली, वीणा अनि सारङ्गीहरू
बजाए।
२९जब करारको सन्दूक दाऊदको शहरमा
ल्याइपुऱ्याइयो, मीकलले झ्यालबाट हेरिन्। मीकल
शाऊलकी छोरी थिइन्। तब तिनले राजा दाऊदलाई
नाच्दै गरेका अनि यन्त्रहरू बजाउँदै गरेका देखिन्,
अनि तिनले दाऊद प्रतिको आफ्नो श्रद्धा हराइन अनि
तिनले सोचिन दाऊदले आफैलाई मूर्ख बनाइरहेछन्।
१६ लेवीहरूले करारको सन्दूक ल्याए अनि त्यसलाई
दाऊदले टाँगेको पालभित्र राखे। त्यस पछि
तिनीहरूले परमेश्वरलाई होमबलि र मेलबलि अर्पण

गरे। २दाऊदले होमबलि अनि मेलबलि चढ़ाइ सकेपछि
तिनले परमप्रभुको नाउँमा मानिसरूलाई आशीर्वाद दिए।
३त्यस पछि तिनले हरेक इस्राएली पुरूष र स्त्रीहरूलाई
एउटा-एउटा रोटी, केही खजूरका झुप्पा अनि किसमिसहरू
दिए।

४तब दाऊदले करारको सन्दूकको अघि सेवा गर्न
का निम्ति केही लेवीहरूलाई चुने। ती लेवीहरूको
काम उत्सव मनाउने, धन्यवाद दिने अनि इस्राएलका
परमप्रभु परमेश्वरको स्तुति गाउने थियो। ५आसाप
पहिलो दलका प्रमुख थिए। आसापका दलले झ्याली
बजाए। जकर्याह दोस्रो दलका प्रधान थिए। अन्य
लेवीहरू यीएल, शमीरामोत, यहीएल, मत्तित्याह, एलीआब,
बनायाह, ओबेद एदोम अनि यीएल थिए। यी मानिसहरूले
वीणा, अनि सारङ्गी बजाए। ६बनायाह अनि यहजीएल
पूजाहारीहरू थिए जसले सदैव करारको सन्दूक अघि
तुरही बजाउथे। ७यो त्यसबेला थियो जब दाऊदले
पहिलो पल्ट आसाप अनि उनका भाइहरूलाई परमप्रभुको
स्तुतिगान गर्ने काम दिएका थिए।

## दाऊदको धन्यवादको गीत

८परमप्रभुको स्तुति गर। उहाँको नाउँ पुकार।
मानिसहरूलाई ती महान कार्यहरूको बारेमा भन जो
परमप्रभुले गर्नु भएको छ।

९परमप्रभुको निम्ति गाओ। परमप्रभुको निम्ति
स्तुति गान गर। उहाँका आश्चर्यकर्महरूको विषयमा
सुनाऊ।

१०परमप्रभुको पवित्र नाउँको गौरव गर। परमप्रभु
तर्फ आउने सबै मानिसहरू, प्रसन्न होऊ।

११परमप्रभु र उहाँको शक्ति तर्फ हेर। परमप्रभु
कहाँ जाऊ अनि उहाँको सहायता सधैं खोज।

१२ती अचम्मका कामहरू सम्झ जो परमप्रभुले गर्नु
भएको छ। उहाँका फैसलाहरू अनि उहाँले गर्नु भएका
शक्तिशाली कार्यहरूको स्मरण गर।

१३इस्राएलका मानिसहरू परमप्रभुका दास हुन्।
याकूबका सन्तानहरू परमप्रभुका चुनिएका मानिसहरू
हुन्।

१४परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ। उहाँले संसार
भनि नै न्याय राख्नु हुन्छ।

१५उहाँको करार सदैव सम्झ। उहाँले ती आज्ञाहरू
हजारौं पुस्ताहरूका निम्ति दिनुभएको छ।

१६त्यो करारलाई सम्झ जो परमप्रभुले अब्राहामसित
गर्नु भएको थियो। उहाँले इसहाकसित गर्नु भएको
प्रतिज्ञा सम्झ।

१७परमप्रभुले यसलाई याकूबको निम्ति विधि बनाउनु
भयो। यो करार इस्राएलसितको हो जो सदैव लगातार
चलिरहन्छ।

१८परमप्रभुले इस्राएललाई भन्नु भयो: "मैले तिमीलाई
यो कनानको भूमि सुम्पि दिएँ। यो तिम्रो पैतृक
सम्पत्तिको भाग हुनेछ।"

१९जब तिनीहरू एउटा सानो संख्याका मानिसहरू
मात्र थिए, अनि केही समयको लागि अन्य राज्यहरूसँग
बसि रहे।

२०तिनीहरू एक राष्ट्रदेखि अर्को राष्ट्रमा गए।
तिनीहरू एक राज्य देखि अर्को राज्यमा गए।

२१तर परमप्रभुले कसैलाईपनि तिनीहरू माथि चोट
पुर्‍याउन दिनु भएन। परमप्रभुले तिनीहरूलाई चोट
नपुर्‍याउनु भनी राजाहरूलाई चेतावनी दिनुभयो।

२२परमप्रभुले ती राजाहरूलाई भन्नु भयो, "मेरो
अभिषेक भएका व्यक्तिहरूलाई चोट नदेऊ। मेरा
अगमवक्ताहरूलाई चोट नदेऊ।"

२३सारा पृथ्वीका मानिस हो, परमप्रभुको निम्ति
गाओ। हामीलाई बचाउने परमप्रभुको बारेमा हरेक दिन
तिमीले असल समाचार भन्नुपर्छ।

२४सबै राष्ट्रलाई परमप्रभुको महिमाको विषयमा
घोषणा गर। हरेकलाई भन उहाँ कति अदभुत हुनुहुन्छ।

२५परमप्रभु महान् हुनुहुन्छ, अनि धेरैले उहाँको
महिमा गाउँछन्, परमप्रभुको डर सबै देवताहरूका भन्दा
धेरै भयभित हुन्छ।

२६किन? किनभने संसारमा सबै देवताहरू केवल
व्यर्थका मूर्तिहरू हुन्। तर परमप्रभुले आकाश बनाउनु
भयो।

२७परमप्रभुको महिमा अनि गौरव छ। शक्ति र
आनन्दले ठाउँ भर्दछ जहाँ बस्नु हुन्छ।

२८परिवारहरू अनि समूहहरू, परमप्रभुको महिमा र
शक्तिको प्रशंसा गर।

२९परमप्रभुको प्रशंसा र उहाँको नाउँको महिमा
होस्। परमप्रभु प्रति तिमीहरूका भेटीहरू ल्याऊ।
परमप्रभु अनि उहाँको पवित्र सुन्दरताको आराधना गर।

३०उहाँको सामुने डराओ, जो सबै पृथ्वीमाथि छ।
जतिसक्दो संसार दृढ़ निमार्ण गरिएको छ। यो हल्लिने
छैन।

३१पृथ्वी अनि आकाश प्रशन्न होऊन! सबैतिरका
मानिसहरूले भनून्, "परमप्रभुले शासन गर्नुहुन्छ।"

३२समुद्र अनि यसमा भएका सबै वस्तुहरूले जय-
जयकार गरून! खेतहरू र तिनीहरूमा भएका हरेक
थोकहरूले आनन्द देखाऊन।

३३तब जंङ्गलका वृक्षहरूले गाउने छन्। किन?
किनभने परमप्रभु आउनु हुँदैछ। उहाँ पृथ्वीको न्याय
गर्न आउनु हुँदैछ।

३४परमप्रभुलाई धन्यवाद देओ, किनभने उहाँ असल
हुनुहुन्छ, हो परमप्रभुको प्रेम सदा-सर्वदा लगातार
बगीरहन्छ।

३५परमप्रभुसित भन: "हाम्रो परमेश्वर हाम्रा उद्धारकर्ता
हामीलाई बचाउँनुहोस हामीलाई एकसात पारिदिनुहोस् र

हामीलाई अन्य देशहरूबाट बचाउनु होस्। यसकारण
हामी तपाईको पवित्र नाउँको स्तुति अनि महिमा गर्न
सकौ जब तपाईको स्तुति गर्छौं।”
३६परमप्रभु इस्राएलका परमेश्वरको सदा सर्वदा
स्तुति भइरहोस, जसरी सदा-सर्वदा उहाँको स्तुति
भइरहेकोछ।
तब सबै मानिसहरूले परमप्रभुको स्तुति गदै भने,
“आमिन।”
३७त्यस पछि दाऊदले आसाप अनि उनका भाइहरूलाई
करारको सन्दूकको सामु छाड़े। दाऊदले तिनीहरूलाई
त्यसको अघि हेरक दिन सेवा गर्न भनी छोड़ेका थिए।
३८दाऊदले ओबेद-एदोमलाई र ६८ जना अन्य
लेवीहरूलाई पनि आसाप अनि तिनका भाइहरूसित
सेवा गर्नका निम्ति छाडे। ओबेद एदोम र होस्सा
रक्षकहरू थिए। ओबेद-एदोम यदूतूनका छोरा थिए।
३९दाऊदले पूजाहारी सादोक अनि अन्य पूजाहारीहरू
जसले तिनीसित गिबोनको उच्च स्थानमा परमप्रभुको
पाल अघि सेवा गरेका थिए। ४०हरेक बिहान र
सांझमा सादोक अनि अन्य पूजाहारीहरू होमबलिको
बेदीमा होमबलि चढ़ाउँथे। तिनीहरूले परमप्रभुको
व्यवस्थामा लेखिएका नियमहरू जो परमप्रभुले
इस्राएलीहरूलाई दिनु भएको थियो, पालन गर्नलाई
यसो गर्थे। ४१हेमान यदूतून अनि अन्य सबै लेवीहरूलाई
स्तुति गान गाउँदै, “परमप्रभुको स्तुति गर, किनभने
उहाँको प्रेम सदासर्वदा रहिरहन्छ।” ४२गायक नाउँ
अनुसार चुनिएका थिए। हेमान अनि यदूतून तिनीहरूका
साथ थिए। तिनीहरूको काम तुरही फुक्नु अनि
झ्याली बजाउनु थियो। जब परमप्रभुका निम्ति भजन
गाइन्थ्यो तिनीहरूले अन्य वाध्ययन्त्रहरू पनि बजाउने
गर्थे। यदूतूनका छोराहरूले द्वारको रक्षा गर्दथे।
४३समारोह पछि, सबै मानिसहरू आफ्नो-आफ्नो घर
गए। अनि दाऊद पनि आफ्ना परिवारलाई आशीर्वाद
दिन घर गए।

## परमेश्वरको दाऊदलाई प्रतिज्ञा

१७ दाऊद आफ्ना घर गए पछि तिनले अगमवक्ता
नातानलाई भने, “हेर, म देवदारको काठले
बनाएको घरमा बसिरहेछु, तर करारको सन्दूक पाल
मुनि राखेको छ। म परमेश्वरको निम्ति एउटा मन्दिर
बनाउन चाहन्छु।”
२नातानले दाऊदलाई उत्तर दिए, “तपाई जे गर्न
चाहनुहुन्छ त्यो गर्न सक्नु हुन्छ। परमेश्वर तपाईसित
हुनुहुन्छ।”
३तर त्यो रात परमेश्वरको वचन नातान कहाँ आयो।
४परमेश्वरले भन्नु भयो, “जा, अनि यी कुराहरू मेरो
दास दाऊदलाई भन: परमप्रभुले भन्नु हुन्छ, ‘दाऊद म
बस्नको निम्ति मेरो मन्दिर निर्माण गर्ने व्यक्ति तँ
होइनस्। ५-६इस्राएललाई मैले मिश्र देशबाट बाहिर
ल्याएको समय देखी आज सम्म म मन्दिरमा बसेको
छैन। म पालको चारैतिर घुमिरहेछु। मैले मानिसहरूलाई
इस्राएलका मानिसहरूका विशेष अगुवाहरू हुनलाई
छानें। ती अगुवाहरू मेरा मानिसहरूका निम्ति गोठालाहरू
तुल्य छन्। जब म इस्राएलका चारैतिर विभिन्न स्थानमा
घुमिरहेथें। त्यसबेला कुनै पनि ती अगुवाहरूलाई मैले
कहिले पनि भनिन् किन तिमीहरूले मेरो निम्ति देवदारू
काठको मन्दिर निर्माण गरेनौ?’
७“यसकारण अब, यी सबै कुराहरू मेरो सेवक
दाऊदलाई भन, सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, ‘मैले
तँलाई गोठाला हुदा खेतबाट ल्याएँ। मैले तँलाई मेरा
इस्राएल मानिसहरूका राजा बनाएँ। ८तँ जहाँ गए ता
पनि म तेरो साथ थिए। म तँ भन्दा अघि गएँ र तेरा
शुत्रहरूलाई मारिदिएँ। अब म तँलई पृथ्वीको एक
प्रसिद्ध मानिस बनाउनेछु। ९म यो भूमि मेरो इस्राएली
मानिसहरूलाई दिरहेकोछु। म उनिहरूलाई यस भूमिमा
स्थाप्ना गर्नेछु अनि तिनीहरू त्यहां बस्नेछन्। कसैले
तिनीहरूलाई दिक्दारी दिनेछैन। नराम्रा मानिसहरूले
तिनीहरूलाई चोट पुर्याउने छैनन्। जसरी तिनीहरूले
पहिले गरेका थिए। १०ती नराम्रा कुराहरू भए, तर
मैले मेरा इस्राएली मानिसहरूको हेरचाहको निम्ति
प्रमुखहरू चुने अनि म तेरा सबै शत्रुहरूलाई पनि
परास्त गर्नेछु।
“‘म तँलाई भन्छु कि परमप्रभुले तेरो निम्ति एउटा
राजकीय घरना निर्माण गरिदिनु हुनेछ। ११जब तेरो
मृत्यु हनेछ अनि तँ तेरा पिता-पुर्खाहरूसित मिल्नेछस म
तेरो आफ्नै छोरालाई नयाँ राजा बनाउनेछ। नयाँ राजा
तेरा छोराहरू मध्ये एक जना हुनेछ। अनि म उसको
राज्यलाई शक्तिशाली बनाउनेछु। १२तेरो छोराले मेरो
निम्ति एक मन्दिर निर्माण गर्नेछ। म तेरो परिवारलाई
सर्वदा शासन गर्ने बनाउनेछु। १३म उसको पिता हुनेछु
अनि उ मेरो छोरा हुनेछ। तेरो अघि शाऊल राजा
थियो। अनि मैले मेरो सहयोग शाऊलबाट
हटाए। तर म तेरो छोरालाई प्रेम गर्न कहिले पनि
छाड़ने छैन्। १४म उसलाई मेरो मन्दिर अनि राज्यको
जिम्मामा सर्वदा राख्ने छु। उसको शासन सर्वदा
चलिरहने छ।’”
१५नातानले यो दर्शनबाट परमेश्वरले भन्नु भएका
सबै कुराहरूको विषयमा दाऊदलाई भने।

## दाऊदको प्रार्थना

१६तब, राजा दाऊद पवित्र पालमा गए र परमप्रभु
समक्ष बसे। दाऊदले भने, “हे परमप्रभु परमेश्वर
तपाईले मेरा निम्ति अनि मेरा परिवारका निम्ति यति
बिघ्न वास्ता गरिदिनु भयो। म यो किन बुझ्दिन?
१७यीनीहरू बाहेक तपाईंले मलाई जान्न दिनु भयो कि

भविष्यमा मेरा परिवारको भाग्य के हुन्छ भनि। तपाईले मलाई सधैं एउटा अति प्रसिद्ध व्यक्तिलाई जस्तै व्यवहार गर्नुभयो। १८यो भन्दा धेरै म के भन्न सक्छु र? तपाईले मेरो निम्ति यति धेरै गरिदिनु भयो। अनि म तपाईको मात्र दास हुँ। तपाईंले मलाई जान्नुहुन्छ। १९हे परमप्रभु, तपाईले मेरा निम्ति यो अदभुत कार्य गरिदिनु भयो। तपाईले यसो गर्नुभयो किनभने तपाई यो चाहनु हुन्थ्यो। २०हे परमप्रभु तपाई जस्तो अन्य कोही हुने छैन। तपाई बाहेक अन्य ईश्वर छैन। हामीले कहिले पनि कुनै ईश्वरले यस्तो अदभुत कार्य गरेको सुनेका छैनौ। २१इस्राएल जस्तै अन्य कुनै राष्ट्र छ? छैन पृथ्वीमा इस्राएल मात्र यस्तो राष्ट्र हो जसको निम्ति तपाईले यस्ता अदभुत कार्यहरू गर्नु भयो। हामीलाई मिश्रदेशबाहिर निकाल्नुभयो अनि तपाईले हामीलाई स्वतन्त्र बनाउनु भयो। तपाईले आफै स्वयंलाई प्रसिद्ध तुल्याउनु भयो। तपाईले तपाईका मानिसहरूका अघि जानु भयो अनि अन्य मानिसहरूलाई हाम्रो निम्ति तिनीहरूको देश छोडन वाध्य तुल्याउनु भयो। २२तपाईंले तपाईका इस्राएली मानिसहरूलाई सदा-सर्वदा तपाईंको बनाउनुभयो। अनि तपाई परमप्रभु तिनीहरूको परमेश्वर बन्नु भयो।

२३"त्यसैकारण परमप्रभु तपाईले म अनि मेरो सन्तानहरूको विषयमा के भन्नुभयो यो सदा-सर्वोदा सत्य रहोस्। तपाईले के भन्नुभयो त्यो गर्नुहोस् तपाईले गर्नु हुनेछ। २४तपाईको वचन राख्नुहोस् जस द्वारा मानिसहरूले सदैव तपाईको नाउँको सम्मान गर्नेछन्। तब मानिसहरूले भन्ने छन्, 'सर्वशक्तिमान परमप्रभु इस्राएलका परमेश्वर हुनुहुन्छ।' अनि दाऊद तपाईंको दासको साम्राज्य तपाईंको सामुन्ने स्थापित होस्।

२५"तपाईं आफैले मलाई प्रकट गर्नु भएकोछ। त्यो तपाईंले मेरो परिवारलाई, राजाहरूको परिवार बनाउँनु हुनेछ। त्यसै कारण म निधक्क साथ तपाईलाई दयाहरू मागिरहेछु। २६यसकरण अब मेरो परमप्रभु, तपाई नै परमेश्वर हुनुहुन्छ। परमेश्वर तपाई स्वयंले मेरा निम्ति यी असल कुराहरू गरिदिन्छु भनी प्रतिज्ञा गर्नु भएको छ। २७त्यसकारण मेरो परमप्रभुलाई इच्छा भए तपाईंले तपाईंको दासको राजवंशलाई आशिष दिनुहोस् यो तपाईंको उपस्थिमा सदा-सर्वदा लगातार रहनेछ। कारण परमप्रभु तपाईं आफैले यसलाई आशीर्वाद दिनु भएको छ। अनि तपाईंले जे आशीर्वाद दिनुभयो सदा-सर्वदै आशीष हुनेछ।"

### दाऊदले विभिन्न राष्ट्रहरू जित्छन्

१८ पछि दाऊदले पलिश्ती मानिसहरूलाई आक्रमण गरे। तिनले पलिश्तीहरूलाई परास्त गरे। तिनले गात शहर अनि त्यसका वरिपरिका सा-साना अरू शहरहरू पलिश्ती मानिसहरूबाट लिए।

२त्यस पछि दाऊदले मोआब देशलाई परास्त गरे। मोआबीहरू दाऊदका सेवक बने। तिनीहरूले दाऊदलाई कर तिर्थे।

३दाऊदले हदर-एजेरको सेनाहरू विरूद्ध पनि युद्ध गरे। हदर-एजेर सोबाका राजा थिए। दाऊद ती सेनाहरूसित हमात शहरसम्म लड़े। दाऊदले यसो गरे किनभने हदर-एजेरले आफ्नो राज्य यूफ्रेटिस नदी सम्म फैलाउने चेष्टा गरेका थिए। ४दाऊदले हदर-एजेरका १,००० रथहरू, ७,००० सारथिहरू अनि २०,००० पैदल सैनकिहरू कब्जामा लिए। दाऊदले हदर-एजेरका बलिया घोड़ाहरू पनि अपांग बनाइदिए जुन चाही रथ तान्नमा उपयोग गरिएका थिए। तर दाऊदले १०० वटा रथहरू तान्ने प्रशस्त घोड़ाहरू आफ्नो निम्ति बचाइदिए।

५अरामी मानिसहरू दमीशक शहरबाट हदर-एजेरलाई सहायता गर्न आए। हदर-एजेर सोबाका राजा थिए। तर दाऊदले तिनलाई परास्त गरे र २२,००० अरामी सैनिकहरूलाई मारिदिए। ६दाऊदले अराममीहरूको राज्य दमीशका शहरमा सेना लगेर बसाए। अरामी मानिसहरू दाऊदका सेवक भए अनि तिनीकहाँ कर ल्याउन थाले। यसरी परमप्रभुले दाऊदलाई जहाँ गए ता पनि विजय गराउनुभयो।

७दाऊदले हदर-एजेरका सेना प्रधानहरूबाट सुनका ढालहरू लिए अनि ती यरूशलेममा ल्याए। ८दाऊदले तेबह अनि कून-शहरहरूबाट धेरै मात्रामा काँसा पनि ल्याए। ती शहरहरू हदर-एजेरका थिए। पछि सुलेमानले त्यो काँसालाई काँसाको कुण्ड, काँसाका स्तम्भ र काँसाका विभिन्न भाँड़ाहरू मन्दिरको निमार्ण गर्नको निम्ति उपयोग गरे।

९तोऊ हमात शहरका राजा थिए। हदर-एजेर सोबाका राजा थिए। तोऊले हदर-एजेरका सबै सेनालाई दाऊदले परास्त पारे भन्ने कुरा सुने। १०यसकारण तोऊले उसको छोरा हदोरामलाई दाऊद कहाँ उसलाई उसको विजयमा अभिनन्दन गर्न अनि बधाई दिन पठाए। तिनले यसो गरे किन भने दाऊद हदर-एजेरका विरूद्ध लड़ेका थिए अनि तिनलाई परास्त गरेका थिए। हदर-एजेरका अघि तोऊ सँग युद्ध गरेका थिए। हदोरामले दाऊदलाई सुन, चाँदी अनि कांसा द्वारा निर्मित धेरै किसिमका चीज बीजहरू दिए। ११दाऊदले ती वस्तुहरूलाई पवित्र तुल्याए र परमप्रभुलाई चढ़ाए। दाऊदले एदोम, मोआब, अम्मोनीहरू, पलिश्तीहरू अनि अमालेकीहरूबाट ल्याएका सबै चाँदी अनि सुन पनि त्यसै गरे।

१२अबीशै, सरूयाहका छोराले १८,००० एदोमी मानिसहरूलाई नूनको बेंसीमा मारे। १३अबीशैले एदोममा किल्लाहरू बसाए अनि सबै एदोमीहरू दाऊदका सेवक बनाए। परमप्रभुले दाऊदलाई तिनी जहाँ सुकै गए पनि विजय दिलाउनु भयो।

## दाऊदका प्रमुख अधीकारीहरू

१४दाऊद सम्पूर्ण इस्राएलका राजा थिए। तिनले
त्यही गरे जो हरेकका निम्ति उचित अनि उत्तम थियो।
१५योआब सरूयाहका छोरा दाऊदका सेनाका सेनापति
थिए। यहोशापात, अहीलूदको छोरा दाऊदले गरेका
कार्यहरूको विषयमा लेखे। १६सादोक अनि अबीमेलेक
पूजाहारीहरू थिए। सादोक अहीतूबका छोरा थिए अनि
अहीमेलेक एबियातारका छोरा थिए। शब्शा लेखपाल
थिए। १७बनायाह करेती अनि पेलेथीहरूका अगुवाइ
गर्ने जिम्मामा थिए। बनायाह यहोयादाका छोरा थिए।
अनि दाऊदका छोराहरू मुख्य अधिकारीहरू थिए।
तिनीहरू राजा दाऊद संघ सेवागर्थे।

## अम्मोनीहरूले दाऊदका मानिसहरूलाई लज्जित तुल्याउँछन्

१९ नाहाश अम्मोनी मानिसहरूका राजा थिए।
केही समयपछि नाहाशको मृत्यु भयो र
तिनको सट्टामा उनका छोरा नयाँ राजा भए। २तब
दाऊदले भने, "नाहाश म प्रति दयालु थिए, यसर्थ म
हानून, नाहाशका छोरा प्रति दयालु हुनेछु।" यसर्थ
दाऊदले तिनको पिताको मृत्यु प्रति हानूनलाई सान्त्वना
दिनका निम्ति दूतहरू पठाए। दाऊदका दूतहरू अम्मोन
देशमा हानूनलाई सान्त्वना दिन गए।

३तर अम्मोनी प्रधानहरूले हानूनलाई भने,
"मूर्खनबन्नुहोस्। दाऊदले वास्तवमा यी मानिसहरू
तपाईलाई सहानुभूति दिन वा तपाईंका मृत पिता प्रति
सम्मान जनाउन पठाएका होइनन् होइन, दाऊदले तिनका
समाचारवाहकहरूलाई तपाईंको देशको जासूसी गर्न भनी
पठाएका हुन। दाऊदले वास्तवमा तपाईंको देशलाई
ध्वंश पार्न चाहन्छन्।" ४यसर्थ हानूनले दाऊदका
समाचारवाहकहरूलाई पकड़े अनि तिनीहरूका दाही
कपाल र काटिदिए। हानूनले तिनीहरूका बस्त्रहरू पनि
कम्मर सम्म काटि दिए। त्यस पछि तिनले तिनीहरूलाई
पठाइदिए।

५दाऊदका मानिसहरूलाई घर जान अप्ठेरो पर्‍यो।
केही मानिसहरू दाऊद कहाँ गए अनि तिनका मानिसहरू
प्रति के घटना घटयो सो भने। यसर्थ राजा दाऊदले
आफ्ना मानिसहरूलाई यो समाचार पठाए "तिनीहरू
तिमीहरूको दाही फेरि नबढुञ्जेल यरीहो शहरमै बस्नु।
त्यस पछि तिमीहरू घर फर्केर आउन सक्छौ।"

६अम्मोनीहरूले सोचे कि दाऊदले तिनीहरूलाई उसको
शत्रु हो भन्ने विचार गरे। तब तिनीहरूले १,०००
तोड़ा चाँदी प्रयोग गरेर मिसुपुतामियाबाट रथहरू अनि
सारथिहरू ज्यालामा ल्याए। तिनीहरूले अराम-माका
अनि सोबाबाट पनि रथहरू अनि सारथिहरू ज्यालामा
ल्याए। ७अम्मोनीहरूले ३२,००० रथहरू ज्यालामा
ल्याए। तिनीहरूले मकाका राजा अनि तिनका सेनालाई
सहायता गर्न गाउनु भनी तिनीहरूलाई ज्याला दिए।
माकाका राजा र उसका सैनिकहरू आए अनि मेदबा
शहरको नजिकमा छाउनी बसाए। अम्मोनीहरू आफै
आफ्ना शहरहरू बाट बाहिर आए र युद्धका निम्ति
तयार भए।

८दाऊदले सुने कि अम्मोनी मानिसहरू युद्धका
निम्ति तयार हुँदैछन्। यसर्थ तिनले योआब अनि
इस्राएलका समस्त सेनालाई अम्मोनी मानिसहरूसित
युद्ध गर्न पठाए। ९अम्मोनीहरू बाहिर आए अनि
युद्धका निम्ति तयार बसे। तिनीहरू शहरद्वारको नजिक
थिए। जो राजाहरू सहायता गर्न आएका थिए तिनीहरू
आफै बाहिर मैदान तिर बसे।

१०योआबले देखे कि तिनीसित लड़नका निम्ति दुइ
सैन्यदलहरू तयार थिए। एक दल तिनको सामुन्ने थियो
अनि अर्को दल तिनका पछिल्लतिर थियो। यसर्थ
योआबले इस्राएलका केही सर्वोत्तम सैनिकहरूलाई छाने।
तिनले तिनीहरूलाई अरामका सेना विरूद्ध लड़न पठाए।
११योआबले इस्राएलका सैनिकहरूलाई अबीशैको
अधीनमा रहने आदेश दिए। अबीशै योआबका भाइ
थिए। ती सैनिकहरू अम्मोनी सेना बिरूद्ध लड़न गए।
१२योअबले अबीशैलाई भने, "यदि अरामका सैनिक
मेरा निम्ति अति शक्तिशाली भए तब तिमीले मलाई
सहायता गर्नुपर्छ। यदि अम्मोनी सैनिक तिम्रा निम्ति
अति शक्तिशाली भए भनि म तिमीलाई सहायता गर्नेछु।
१३हामी साहसी अनि शक्तिशाली बनौ जब हामी हाम्रा
मानिसहरूका निम्ति अनि हाम्रा परमेश्वरको शहरहरूका
निम्ति लड़छौ। परमप्रभुले त्यही गरून् जो उहाँले उचित
ठान्नुहुन्छ।"

१४योआब अनि तिनीसित भएका सेनाले अरामका
सेनालाई आक्रमण गरे। अरामका सेनाहरू योआब
अनि तिनका सेनाहरू देखि भागे। १५अम्मोनी सेनाहरूले
अरामका सेनाहरू भागिरहेको देखे यसर्थ तिनीहरू पनि
भागे। तिनीहरू अबीशै र तिनका सेना देखि भागे।
अम्मोनीहरू आफ्ना शहरमा फर्के अनि योआब यरूशलेम
फर्केर गए।

१६अरामी प्रधानहरूले देखे कि इस्राएलीहरूले
तिनीहरूलाई परास्त गरे। यसर्थ तिनीहरूले यूफ्रेटिस
नदीको पूर्वतिर बसेका अरामी मानिसहरू बाट सहायता
पाउनका निम्ति दूतहरू पठाए। शोपक अरामका हदर-
एजेरका सेनापति थिए। शोपकले ती अन्य अरामी
सैनिकहरूको पनि अगुवाइ गरे।

१७दाऊदले समाचार सुने कि अरामका मानिसहरू
युद्धका निम्ति एकत्रित भइरहे छन्। यसर्थ दाऊदले
इस्राएलका सबै मानिसहरूलाई एकजुट गराए। दाऊदले
तिनीहरूलाई यर्दन नदी पारी लगे। तिनीहरू अरामीहरूको
आमने-सामने भए। दाऊदले आफ्ना सेनालाई युद्धका
निम्ति तयार हुनु हुकुम गरे अनि तिनीहरूले अरामीहरूलाई

आक्रमण गरे। १८अरामीहरू इस्त्राएलीहरूबाट भागे। दाऊद र तिनका सेनाले ७,००० सारथिहरू अनि ४०,००० अरामी सैनिकहरूलाई मारे। दाऊद अनि तिनका सेनाले अरामी सेनाका सेनापति शोपकलाई पनि मारिदिए।

१९जब हदर-एजेरका अधीकारीहरूले तिनीहरूलाई इस्त्राएलले परास्त पारेका देखे, तिनीहरूले दाऊदसित सन्धि गरे। तिनीहरू दाऊदका सेवक बने। यसर्थ अरामीहरूले अम्मोनीहरूलाई फेरि सहायता गर्न अस्वीकार गरे।

### योआबले अम्मोनीहरूलाई नष्ट पार्दछन्

२० बसन्त ऋतुमा, योअबले इस्त्राएलका सैनिकहरूलाई युद्धमा लगेर गए। यो वर्षको त्यो समय थियो जब राजाहरू युद्धमा जान्थे, तर दाऊद यरूशलेम मै बसे। इस्त्राएलका सैनिकहरू अम्मोन देशमा गए अनि त्यसलाई ध्वंश पारे। त्यस पछि तिनीहरू रब्बा शहरमा गए। सैनिकहरू शहरको चारैतिर छाउनीमा तिनीहरू जानबाट रोक्नलाई मानिसहरूलाई शहरको भित्र वा बाहिर त्यहाँ बसे। योआब अनि इस्त्राएलका सेना रब्बा शहरको विरूद्ध त्यसलाई ध्वंश नपारून्जेल सम्म लड़े।

२दाऊदले तिनीहरूका राजाको शिरबाट श्रीपेच निकाले। त्यो सुनको श्रीपेच लगभग एक तोड़ा* थियो। श्रीपेचचमा मूल्यवान रत्नहरू थिए। श्रीपेच दाऊदको शिरमा लगाइयो। तब दाऊदले रब्बा शहरबाट धेरै मूल्यवान बस्तुहरू पाए। ३दाऊदले रब्बाका मानिसहरूलाई ल्याए अनि तिनीहरूलाई आरा, फलामका गल अनि बन्चरो द्वारा काम गर्न लगाए। दाऊदले अम्मोनीहरूका सबै शहरहरूलाई पनि त्यसै गर्न लगाए। त्यस पछि दाऊद अनि सबै सेना यरूशलेम फर्के।

### पलिश्ती दैत्यहरू मारिन्छन्

४पछि इस्त्राएलीहरूको पलिश्ती मानिसहरूसित गेजेर शहरमा युद्ध भयो। त्यस समय हूशाका सिब्बकैले सिप्पैलाई मारे। सिप्पै दैत्यहरूका (रपाईहरूका) एकजना छोरा थिए। यसरी ती पलिश्ती मानिसहरू इस्त्राएली मानिसहरूका दास सरह भए।

५फेरि त्यहाँ इस्त्राएलीहरू अनि पलिश्तीहरूको बीचमा युद्ध भयो। एल्हानान, याएरका छोराले लहमीलाई मारे। लहमी गोल्यतका भाइ थिए। गोल्यत गात शहरका थिए। लहमीको भाला अत्यन्त ठूलो अनि गह्रौ थियो। त्यो तानको विशाल डन्डा जस्तै थियो।

६पछि, इस्त्राएलीहरूले पलिश्तीहरूसित गात शहरमा युद्ध लड़े। यो शहरमा एकजना दैत्य मानिस थियो। त्यसको हात अनि खुट्टामा चौबीसवटा औंलाहरू थिए। त्यस मानिसको प्रत्येक हातमा छः वटा औंलाहरू अनि प्रत्येक खुट्टामा छ वटा औंलाहरू थिए। त्यो पनि दैत्यहरूको छोरा थियो। ७यसरी जब त्यस मानिसले इस्त्राएललाई निन्दा गऱ्यो, तब जोनाथनले त्यसलाई मारिदिए। जोनाथन शिमेअका छोरा थिए। शिमेअ दाऊदका दाज्यू थिए।

८ती पलिश्ती मानिसहरू गात शहरका दैत्यहरूका (रफाका सन्तान) छोराहरू थिए। दाऊद अनि तिनका सेवकहरूले ती दैत्य मानिसलाई मारे।

### इस्त्राएलीहरूको गन्ती गरेर दाऊदले पाप गर्छन

२१ शैतान इस्त्राएलका मानिसहरूको विरूद्ध थियो। त्यसले दाऊदलाई इस्त्राएलका मानिसहरूको गिन्ती गर्न उत्साहित तुल्यायो। २यसर्थ दाऊदले योआब र मानिसहरूका अगुवाहरूलाई भने, "जाऊ अनि इस्त्राएलका सबै मानिसहरूको गणना गर। देशमा भएका हरेकको गिन्तीगर। बेर्शेबा शहरदेखि दान शहरसम्म। तब मलाई भन, जस द्वारा त्यहाँ कति जना मानिसहरू छन् म जान्ने छु।"

३तर योआबले भने, "परमप्रभुले उहाँको राष्ट्रलाई सय गुणा विशाल बनाउन्। हजूर, इस्त्राएलका सबै मानिसहरू तपाईका दास हुन्। तपाई किन यो काम गर्न चाहनुहुन्छ, मेरा परमप्रभु राजा तपाईले इस्त्राएलका सबै मानिसहरूलाई पापको दोषी तुल्याउनु हुनेछ।"

४तर राजा दाऊद ढीट थिए। योआबले त्यसै गर्नु पऱ्यो जो राजाले भने। यसर्थ योआब गए अनि मानिसहरूको गिन्ती गर्दै देश भरि घुमे। त्यस पछि योआब यरूशलेम फर्की आए। ५अनि कतिजना मानिसहरू थिए सो दाऊदलाई भने। इस्त्राएलमा ११,००,००० मानिसहरू थिए जो तरवार चलाउन सक्थे। अनि ४,७०,००० मानिसहरू यहूदामा थिए जो तरवार चलाउन सक्थे। ६योआबले लेवी अनि बिन्यामीनका कुल समूहहरूको गिन्ती लिएनन्। योआबले ती अनि परिवार समूहहरूको गणना गरेनन् किनभने तिनलाई दाऊदको आदेश मनपरेन। ७परमेश्वरको नजरमा दाऊदले नराम्रो कार्य गरेका थिए। यसर्थ परमेश्वरले इस्त्राएललाई दण्ड दिनु भयो।

### परमेश्वरले इस्त्राएललाई दण्ड दिनु हुन्छ

८तब दाऊदले परमेश्वरलाई भने, "मैले अति मूर्खता पूर्ण काम गरेकोछु। मैले इस्त्राएलका मानिसहरूको गणना गरेर अति नराम्रो पाप गरेका छु। त्यसकारण म तपाईको दासबाट यो पाप हटाई दिनुहोस् भनी याचना गर्छु।"

९गाद दाऊदका दर्शी थिए। परमप्रभुले गादलाई भन्नुभयो, १०"जा, अनि दाऊदलाई भनः 'परमप्रभुले जे

---

**एक तोड़ा** अर्थात् ७५ पाउण्ड व चौतीस किलोग्राम।

भन्नुहुन्छ त्यो यो होः म तँलाई तीनवटा रोजाइ दिँदैछु।
तैंले ती मध्ये एउटा रोज्नु पर्छ। तब म तैंले रोजे
अनुसार दण्ड दिनेछु।'"
११तब गाद दाऊद कहाँ गए। गादले दाऊदलाई
भने, "परमप्रभु यही भन्नुहुन्छ, 'दाऊद रोज कुन दण्ड
तँ चाहन्छस्? १२प्रशस्त आहर बिना तीन वर्ष, वा तीन
महीनासम्म, तेरो शत्रुहरू देखि भागी हिँडनु जब
तिनीहरू आफ्ना तरवार लिएर तँलाई खेद्धनेछन् परमप्रभुबाट
तीन दिनको दण्ड। भयानक रूड़ि देश भरि फैलने छ
अनि परमप्रभुका स्वर्गदूतले मानिसहरूलाई ध्वंश गर्दै
इस्राएलको चारैतिर जानेछन्।' दाऊद परमेश्वरले मलाई
पठाउनु भएको हो। अब तपाईले निर्णय गर्नुहोस् कुन
उत्तर मैले उहाँलाई दिनु?"
१३दाऊदले गादलाई भने, "म संकष्टमा परेको छु।
म कुनै मानिसहले मलाई दण्ड दिएको फैसला चाहदिन।
परमप्रभु दयालू हुनुहुन्छ यसकारण मलाई उहाँको हातमा
पर्न दिनोस्।"
१४यसर्थ परमप्रभुले इस्राएलमा भयंकर रोगहरू
पठाउनुभयो अनि ७०,००० मानिसहरू मरे।
१५परमेश्वरले एउटा स्वर्गदूतलाई यरूशलेम ध्वंश त
गर्न पठाउनु भयो। तर जब ती स्वर्ग दूतले यरूशलेमलाई
ध्वंशत गर्न शुरू गरे परमप्रभुले त्यो देख्नु भयो अनि
उहाँलाई दुःख लाग्यो यसर्थ परमप्रभुले यरूशलेमलाई
नाश नपार्ने निश्चय गर्नुभयो। परमप्रभुले स्वर्गदूतलाई जो
नाश गर्दै थिए, भन्नुभयो, "रोक! यति नै पर्याप्त छ।"
परमप्रभुका स्वर्गदूत यबूसी ओर्ननको खलामा उभिएका
थिए।
१६दाऊदले माथितिर हेरे अनि परमप्रभुका स्वर्गदूतलाई
आकाशमा देखे। स्वर्गदूतले तिनको तरवार यरूशलेम
शहर माथि समातिरहेका थिए। तब दाऊद अनि बूढ़ा-
प्रधानहरूले आफ्ना शिरलाई भूइँछुने गरि झुकाएर
प्रणाम गरे। दाऊद अनि बूढ़ा-प्रधानहरूले आफ्ना दुःख
प्रकट गर्नका निम्ति विशेष वस्त्र पहिरेका थिए।
१७दाऊदले परमेश्वरलाई भने, "म त्यही एक हुँ जसले
पाप गर्‍यो। मानिसहरूको गिन्ती गर्नका निम्ति मैले नै
आदेश गरेको थिएँ। म अन्जानमा थिएँ। इस्राएलका
मानिसहरूले केही भूल गरेका थिएनन्। परमप्रभु मेरा
परमेश्वर, मलाई र मेरो परिवारलाई दण्ड दिनुहोस। तर
यो भयानक रोगहरूलाई रोक्नुहोस जसले तपाईका
मानिसहरूलाई मारिरहेछ्।"
१८तब परमप्रभुका स्वर्गदूतले गादलाई भने। तिनले
भने, "दाऊदलाई परमप्रभुको आराधना गर्नका निम्ति
एक वेदी निर्माण गर्नु भन। दाऊदले त्यो बेदी यबूसीका
ओर्ननको खलाको नजिक निर्माण गर्नुपर्छ।" १९गादले
ती कुराहरू दाऊदलाई भने अनि दाऊद ओर्ननको खला
तिर गए।
२०ओर्नान गहूँ कुटदै थिए। ओर्नान फर्के अनि
स्वर्गदूतलाई देखे। ओर्ननका चारजना छोराहरू लुक्नलाई
कुदे। २१दाऊद ओर्नान डाँड़ा तिर उकालो लागे।
ओर्नानले तिनलाई देखे र खला छाड़े। तिनी दाऊद भए
तिर गए अनि तिनको सामुन्ने भूइँछुने गरी शिर झुकाई
प्रणाम गरे।
२२दाऊदले ओर्नानलाई भने, "तिम्रो खला मलाई
बेच। म तिमीलाई पूरा दाम दिनेछु। तब म यो
जग्गालाई परमप्रभुको अराधना गर्नको निम्ति बेदी
निर्माण गर्न उपयोग गर्ने छु। तब यी भयानक रोगहरू
बन्द हुनेछन्।"
२३ओर्नानले दाऊदलाई भने, "यो खला लिनुहोस।
तपाई मेरो स्वामी, महाराजा हुनुहुन्छ। तपाईंलाई जे
इच्छ लाग्छ त्यही गर्नु होस। तपाईलाई होम बलिहरूका
निम्ति गाई-गोरुहरू पनि दिनेछु। म तपाईलाई खलाको
तखताहरू दाउराको रुपमा दिनेछु। म अन्न बलि
चढ़ाउनको निम्ति गहुँ र यी सबै सामानहरू तपाईलाई
दिनेछु।"
२४तर राजा दाऊदले ओर्नानलाई उत्तर दिए, "होइन,
म तिमीलाई पूरा दाम दिन्छु। परमप्रभुलाई अर्पण गर्नका
निम्ति म तिम्रो केही चीज लिँदिन। म त्यो भेट अर्पण
गर्दिन जसको मैले कुनै मूल्य दिनु पर्दैन।"
२५यसर्थ दाऊदले ओर्नानलाई त्यो स्थानको निम्ति
६०० शेकेल जति सुन दिए। २६दाऊदले त्यहाँ
परमप्रभुको आराधना गर्नका निम्ति एउटा बेदी निर्माण
गरे। दाऊदलले होमबलि र मेलबलि चढ़ाए। दाऊदले
परमप्रभुसित प्रार्थना गरे। परमप्रभुले स्वर्गबाट आगो
पठाएर दाऊदलाई उत्तर दिनुभयो। त्यो आगो तल
होमबलिको बेदीमा झर्‍यो। २७तब परमप्रभुले स्वर्गदूतलाई
तिनको तरवार म्यानमा हाल्नु भनी आज्ञा दिनुभयो।
२८दाऊदले देखे कि परमप्रभुले ओर्नानको खलामा
तिनलाई उत्तर दिनुभयो। यसर्थ दाऊदले परमप्रभुको
निम्ति बलि चढ़ाए। २९पवित्र पाल अनि होमबलिको
वेदी गिबोन शहरको उच्च स्थानमा थियो। मोशाले त्यो
पवित्र पाल निर्माण गरेका थिए जब इस्राएलका मानिसहरू
मरूभूमिमा थिए। ३०दाऊद परमेश्वरसित कुरा-कानी
गर्न पवित्र पालमा जान सकेनन् किनभने तिनी भयभीत
थिए। दाऊद परमप्रभुका स्वर्गदूत अनि तिनको तरवारसित
भयभीत थिए।

२२ दाऊदले भने, "परमप्रभु परमेश्वरको मन्दिर
अनि इस्राएलका मानिसहरूका निम्ति भेटीहरू
जलाउने बेदी यहाँ निर्माण गरिने छ।"

### दाऊदले मन्दिर निमार्णको निम्ति योजना बनाउछन्

२दाऊदले इस्राएलमा बस्ने सबै विदेशीहरूलाई एकसाथ
भेला हुने आदेश दिए। दाऊदले विदेशीहरूबाट ढुँगा
काटनेहरू छाने। तिनीहरूको काम परमेश्वरको मन्दिर
बनाउनका निम्ति ढुङ्गा काटेर तयार गर्ने थियो। ३दाऊदले

फाटकको ढोकाहरूका निम्ति काँटी अनि कब्जाहरू बनाउन फलाम ल्याए। दाऊदले जोख्न पनि नसकिने मात्रामा प्रचुर काँसा ल्याए। ४अनि दाऊदले गिन्ती गर्न नसकिने हिसाबमा देवदारूका मूढ़ाहरू ल्याए। सीदोन अनि सोर शहरका मानिहरूले पनि दाऊद कहाँ धेरै देवदारूका मूढ़ाहरू ल्याए।

५दाऊदले भने, "हाम्रा परमप्रभुको निम्ति हामीले अत्यन्त विशाल मन्दिर बनाउनु पर्छ। तर मेरो छोरा सुलेमान सानै छ यसर्थ त्यसले ती कुराहरू सिकेको छैन जो त्यसले जान्नु पर्छ। परमप्रभुको मन्दिर अत्यन्त विशाल हुनु पर्छ। यो यसको विशाल अनि सुन्दरताको निम्ति सबै राष्ट्रहरूमा प्रसिद्ध अनि उज्ज्वल हुनुपर्छ। त्यसै कारण म परमप्रभुको मन्दिर निर्माण गर्नको लागि योजनाहरू बनाउने छु।" यसकारण उनको मृत्यु अघि दाऊदले मन्दिर निमार्णको निम्ति धेरै योजनाहरू बनाए र सामग्रीहरू दिए।

६त्यस पछि दाऊदले आफ्ना छोरा सुलेमानलाई बोलाए उनलाई इस्राएलका परमप्रभु परमेश्‍वरको निम्ति मन्दिर बनाउँनु भने। ७दाऊदले सुलेमानलाई भने, "मेरो छोरो, परमप्रभु मेरा परमेश्‍वरको निम्ति म एउटा मन्दिर बनाउन चाहन्थेँ। ८तर परमप्रभुले मलाई भन्नुभयो, 'दाऊद, तैंले धेरै युद्धहरू लड़ेको छस् र धेरै मानिसहरू मारेको छस्। यसर्थ मेरो नाउँको निम्ति तैंले मन्दिर बनाउन सक्तैनस्। ९तर तिम्रो छोराहरू मध्ये एकजना जो शान्ति प्रिय व्यक्ति हो। म शान्तिको समय प्रदान गर्नेछु। त्यसका वरिपरिका शत्रुहरूले त्यसलाई आक्रमण गर्ने छैनन्। त्यसको नाउँ सुलेमान हो। म इस्राएललाई उ राजा भएको समयमा शान्ति र आरम प्रदान गर्नेछु। १०सुलेमान एउटा हो जसले मेरो निम्ति अवश्यै मन्दिर बनाउनेछ। सुलेमान मेरो छोरा हुनेछ अनि म उसको पिता हुनेछुन्। अनि म उसको राजवंशलाई शक्तिशाली तुल्याउने छु र उसको सन्तानहरूले इस्राएलमा सदा-सर्वदा शासन गर्ने छ।'"

११दाऊदले यो पनि भने अब छोरा, "परमप्रभु तेरो साथ रहून्! तँ सफल बन् अनि तैंले मन्दिर बनाउने छस् भनी परमप्रभुले भन्नु भए जस्तै परमप्रभु तेरो परमेश्‍रको निम्ति मन्दिर निर्माण गर। १२जसरी पनि परमप्रभुले तपाईंलाई ज्ञान र बुद्धि दिउन्। ताकि जब उहाँले तँलाई इस्राएल माथि अधिकार दिनु हुन्छ, तैले होसियारी साथ परमप्रभु तेरो परमेश्‍वरको आज्ञा पालन गर्ने छस्। १३यदि तैंले होशियारी साथ ती नियम अनि व्यवस्थाहरू पालन गरिसभने, परमप्रभुले मोशालाई जो दिनु भएको थियो, तैले त्यो सफलता प्राप्त गर्ने छस्। बलवान र साहसी बन। न डराऊ निरूत्साहित नहो।

१४"सुलेमान, मैले परमप्रभुको मन्दिर निर्माण गर्न कठिन परिश्रम गरेको छु। मैले एक लाख तोड़ा* सुन दिएको छु। अनि लगभग दश लाख तोड़ा* चाँदी दिएको छु। मैले यतिबिध्न काँसा र फलाम दिएको छु जसको तौल गर्न सकिँदैन। साथै मैले काठपात र ढुङ्गाहरू दिएकोछु। सुलेमान तैंले त्यस माथि थप्न् सक्छस्। १५तँसित धेरै कारीगरहरू, डकर्मीहरू अनि सिकर्मीहरू छन्। तँसित हरेक प्रकारको काम गर्न सिपालु मानिसहरू छन्। १६तिनीहरू सुन, चाँदी, काँसा अनि फलामका काम गर्नम् सिपालु छन्। तँसित अधिक निपुण कर्मीहरू छन् जसको गिन्ती लिन सकिँदैन। अब काम शुरू गर। अनि परमप्रभु तेरो साथ रहून्।"

१७तब दाऊदले इस्राएलका समस्त अगुवाहरूलाई तिनका छोरा सुलेमानलाई सहायता गर्नु भनी आदेश दिए। १८दाऊदले ती अगुवाहरूलाई भने, "साच्चैनै परमप्रभु तिमीहरूका साथ हुनुहुन्छ। अनि उहाँले तिमीहरूलाई राजनीतिक शान्ति दिनुभएको छ। किनभने उहाँले यस भूमि निवासीहरूलाई परास्ता गर्न मलाई सहायता गर्नु भएकोछ अब परमप्रभु र उहाँका मानिसहरूको यस भूमिमाथि अधिकार गर्दछन्। १९अब तिमीहरूको तन मन अनि धन परमप्रभु तिम्रा परमेश्‍वर प्रति लगाऊ, अनि उहाँले भन्नु भएका कामहरू गर। परमप्रभु परमेश्‍वरको पवित्र स्थान र परमप्रभुको निम्ति मन्दिर निर्माण गर। त्यस पछि करारको सन्दूक अनि अन्य सबै पवित्र बस्तुहरू मन्दिरमा ल्याओ।"

### लेवीहरूका निम्ति मन्दिरमा सेवाकार्यका योजनाहरू

**२३** दाऊद वृद्ध भए, यसर्थ तिनले आफ्ना छोरा सुलेमानलाई इस्राएलका नयाँ राजा बनाए। २दाऊदले इस्राएलका समस्त अगुवा पूजाहारीहरू अनि लेवीहरूलाई पनि भेला गरे। ३दाऊदले तीस बर्ष अनि त्यस भन्दा अधिक उमेर भएका लेवीहरूको गिन्ती लिए। जम्मा ३८,००० लेवीहरू थिए। ४दाऊदले भने, "२४,००० लेवीहरूले परमप्रभुको मन्दिर निर्माण कार्यको हेरचाह गर्नेछन्। ६,००० लेवीहरू सुरक्षा कर्म अनि न्यायकर्त्ताहरू हुनेछन्। ५चारहजार लेवीहरू द्वार-पालक हुनेछन् अनि ४,००० विशेष वाध्य-यन्त्र लेवीहरू बनाएको छु। ती यन्त्रहरू तिनीहरूले परमप्रभुको स्तुतिका निम्ति उपयोग गर्नेछन्।"

६दाऊदले लेवीहरूलाई तीन समूहमा विभाजन गरे। ती लेवीका तीन जना छोराहरू गेर्शोन, कहात र मरारीका परिवार समूहहरू थिए।

### गेर्शोनका परिवार समूह

७गेर्शोनको परिवार समूहबाट लादान र शिमी थिए। ८लादानका तीन जना छोराहरू थिए। तिनका सबै भन्दा जेठा छोरा यहीएल थिए। तिनका अन्य छोराहरू जेताम

---

**एक लाख तोड़ा** अर्थात् करीब ३,७५० टन।

**दश लाख तोड़ा** अर्थात् करीब ३७,५०० टन।

अनि योएल थिए। ९शिमीका छोराहरू शलोमोत,
हजीएल अनि हारान थिए। यी तीन छोराहरू लादानको
परिवारका अगुवाहरू थिए।
१०शिमीका चार जना छोराहरू यहत, जीजा, येऊश
अनि बरीआ थिए। ११यहत सबै भन्दा जेठा छोरा थिए
अनि जीजा महिला छोरा येऊश अनि बरीआलाई एकै
परिवारको रूपमा गन्ती गरिन्थ्यो।

## कहातका परिवार समूह

१२कहातका चार जना छोराहरू अम्राम, यिसहार,
हेब्रोन अनि उज्जीएल थिए। १३अम्रामका छोराहरू
हारून अनि मोशा थिए। हारूनलाई अति विशिष्ट
हुनको निम्ति चुनिएको थियो। हारून अनि तिनका
सन्तानहरूलाई सदासर्वदा विशिष्ट हुनको निम्ति चुनिएको
थियो। तिनीहरू परमप्रभुको सेवाको निम्ति सबै पवित्र
सामग्रीहरू तयार गर्नलाई चुनिएका थिए। हारून अनि
तिनका सन्तानहरू परमप्रभुको समक्ष धूप बाल्नुको
निम्ति चुनिएका थिए। तिनीहरू परमप्रभुको सेवाका
निम्ति पूजाहारीरूको रूपमा चुनिएका थिए। तिनीहरूलाई
परमप्रभुको पवित्र नाउँमा मानिसहरूलाई आशीर्वाद दिन
सदाका निम्ति चुनिएको थियो।
१४जहाँ सम्म परमप्रभुका जन मोशा सम्बन्धित
उसका छोराहरू लेवी कुल समूहमा गाभिए। १५मोशाका
छोराहरू गेर्शोम अनि एलीएजर थिए। १६गेर्शोमका सबै
भन्दा जेठा छोरा। शबूएल थिए। १७एलीएजेरका सबै
भन्दा जेठा छोरा रहब्याह थिए। एलीएजेरका अन्य
छोराहरू थिएनन्। तर रहब्याहका धेरै छोराहरू थिए।
१८यिसहारका सबै भन्दा जेठा छोरा शलोमीत थिए।
१९हेब्रोनका सबै भन्दा जेठा छोरा यरियाह, माहिला
छोरा अमर्याह थिए। यहजीएल साहिँला छोरा थिए अनि
यक्माम कान्छा छोरा थिए।
२०उज्जीएलका सबै भन्दा जेठा छोरा मीका अनि
यिशियाह कान्छा छोरा थिए।

## मरारीका परिवार समूह

२१मरारीका छोराहरू: महली र मूशी थिए। महलीका
छोराहरू: एलाजार अनि कीश थिए। २२एलाजारको
छोराहरू नभई मृत्यु भयो। तिनका छोरीहरू मात्र थिए।
एलाजारका छोरीहरूले आफन्तहरूसित विवाह गरे।
तिनीहरूका आफन्तहरू कीशका छोराहरू थिए।
२३मूशीका छोराहरू: महली, एदेर र यरीमोत गरी।
जम्मा तीन जना छोराहरू थिए।

## लेवीका कार्यहरू

२४यी लेवीका सन्तानहरू थिए। सूचीमा तिनीहरूको
नाउँ आफ्ना परिवार-परिवार अनुसार थियो। ती परिवारका
प्रधानहरू थिए। प्रत्येक व्यक्तिको नाउँ सूचीमा लेखिएको
थियो। सूचीमा लेखिएका व्यक्तिहरू बीस वर्ष वा त्यस
भन्दा माथिका थिए। तिनीहरू परमप्रभुको मन्दिरमा सेवा
गर्थे।
२५दाऊदले भनेका थिए, "परमप्रभु इस्राएलका
परमेश्वरले उहाँका मानिसहरूलाई शान्ति दिनुभएको छ।
परमप्रभु सदा सर्वदा रहनको निम्ति यरूशलेममा
आउनुभएको छ। २६यसर्थ लेवीहरूले पवित्र पाल वा
सेवामा उपयोग गरिने कुनै पनि सामग्री बोक्नु पर्नेछैन।"
२७इस्राएलका मानिसहरूका निम्ति दाऊदका अन्तिम
निर्देशन लेवी कुल समूहका सन्तानहरूको गन्ती गर्नु
पर्ने थियो। तिनीहरूले ती लेवी मानिसहरूको गिन्ती
लिए जो बीस अनि त्यस भन्दा बढ़ता उमेरका थिए।
२८लेवीहरूको काम हारूनका सन्तानहरूलाई
परमप्रभुको मन्दिरको सेवाकार्यमा सहायता गर्नेथियो।
लेवीहरूले मन्दिरको आँगान अनि मन्दिरका छेउका
कोठाहरूको पनि हेरचाह गर्थे। तिनीहरूको काम सबै
पवित्र चीज बीजहरूलाई शुद्ध गर्नु अनि परमेश्वरको
मन्दिरमा सेवागर्ने काम थियो। २९मन्दिरको टेबिलमा
विशेष रोटी राख्ने तिनीहरू जिम्मा थियो। तिनीहरू
पीठो, अन्नबलि र अखमिरी रोटी पोलेका अनि मिश्रित
भेंटीहरूको पनि जिम्मामा थिए। तिनीहरूले सबै कुराको
नाप-तौल गर्थे। ३०लेवीहरू हरेक बिहान उभिन्थे अनि
परमप्रभु प्रति धन्यवाद चढ़ाउँथे र स्तुति गर्थे। तिनीहरूले
यो पनि हरेक साँझ गर्थे। ३१शाबादथ अनि अरु
चाड़का दिनहरूमा अनि औसी उत्सवमा तिनीहरूले
होमबलिहरू तयार गर्थे। परमप्रभुको अघि तिनीहरू
हरेक दिन सेवा गर्थे। त्यहाँ नियमहरू थिए कति जना
लेवीहरूले सेवा गर्नु पथ्यो। ३२तिनीहरूले पवित्र पाल
साथै पवित्र स्थानको हेरचाह गर्थे। तिनीहरूले आफ्ना
पूजाहारी, हारूनका सन्तानहरूलाई सहायता गर्थे। लेवीहरूले
परमप्रभुको मन्दिरका कामहरूद्धारा पूजाहारीहरूलाई सहायता
गर्थे।

## पूजाहारीहरूका समूहहरू

२४ हारूनका छोराहरूका समूहहरू यी थिए:
हारूनका छोराहरू नादाब, अबीहू, एलाजार
अनि ईतामार थिए। २तर नादाब र अबीहू आफ्ना
पिताको मृत्यु हुन भन्दा अघिनै मरे। अनि नादाब र
अबीहूका छोराहरू थिएनन्। यसर्थ एलाजार अनि ईतामारले
पूजाहारीको रूपमा काम गरे। ३दाऊदले एलाजार र
ईतामारका परिवार समूहलाई दुइ भिन्न समूहहरूमा
विभाजन गरे। दाऊदले यसो गरे की समूहहरूले
तिनीहरूलाई गर्न दिइएका कार्यहरू गर्न सकुन्। दाऊदले
सादोक र अहीमेलेकको सहायताद्धारा यसो गरे। सादोक
एलाजारका सन्तान थिए। तर अहीमेलेक ईतामारका
सन्तान थिए। ४एलाजारका परिवारमा ईतामारका परिवारमा
भन्दा धेरै मुखियाहरू थिए। एलाजारका परिवामा सोह्रजना

मुखियाहरू थिए अनि ईतामारका परिवारमा आठजना
मुखियाहरू थिए। ५मानिसहरू हरेक परिवारमा चुनिएका
थिए। तिनीलाई चिट्ठाद्वारा चुनिएको थियो। केही
मानिसहरूलाई पवित्र स्थानको जिम्मालिनको निम्ति
चुनिएको थियो। अनि अन्य मानिसहरूलाई पूजाहारीको
रूपमा सेवा गर्नको निम्ति चुनिएको थियो। यी सबै
मानिसहरू एलाजार अनि ईतामारका परिवारहरूबाट थिए।
६शमायाह मुखिया थिए। तिनी नतनेलका छोरा थिए।
शमायाह लेवी कुल समूहबाट थिए। शमायाहले ती
सन्तानहरूका नाउँ लेखेका थिए। तिनीले ती नाउँहरू
राजा दाऊद अनि यी मुखियाहरूका सामुन्ने लेखेका
थिए: पूजाहारी सादोक, अहीमेलेक अनि पूजाहारीहरू र
लेवीहरूका परिवार-परिवारका मुखियाहरू। अहीमेलेक
अबियाथारका छोरा थिए। हरेक पल्ट चिट्ठा लगान्थ्यो
अनि एक व्यक्ति छानिन्थ्यो, र शमायाहले त्यस व्यक्तिको
नाउँ लेख्थे। यसरी तिनीहरूले एलाजार अनि ईतामारको
परिवारका मानिसहरू बीच काम विभाजन गरिदिएको
थियो।

७ पहिलो यहोयारीबको दल थियो।
दोस्रो दल यदायाहको थियो।
८ तेस्रो हारीमको दल थियो।
चौथो दल सोरीमको थियो।
९ पाँचौं मल्कियाहको दल थियो।
छैटौं दल मियामीनको थियो।
१० सातौं हक्कोसको दल थियो।
आठौं दल अबियाको थियो।
११ नवौं येशूअको दल थियो।
दशौं दल शकन्याहको थियो।
१२ एघारौं एल्यासीबको दल थियो।
बाह्रौं दल याकीमको थियो।
१३ तेह्रौं हुप्पाको दल थियो।
चौधौं दल येशेबाबको थियो।
१४ पन्ध्रौं बिल्गाको दल थियो।
सोह्रौं दल इम्मेरको थियो।
१५ सत्रौं हेजीरको दल थियो।
अठारौँ दल हप्पिसेसको थियो।
१६ उन्नाईसौं पतहियाहको दल थियो।
बीसौं दल यहेजकेलको थियो।
१७ एक्काईसौँ याकीनको दल थियो।
बाईसौँ दल गमूरालको थियो।
१८ तेईसौं दलायाहको दल थियो।
चौबीसौं दल माज्याहको थियो।

१९यी परमप्रभुको मन्दिरमा सेवा गर्नका निम्ति
छानिएका दलहरू थिए। तिनीहरूले मन्दिरमा सेवा
गर्नका निम्ति हारूनका विधि-विधानहरू पालन गरे।
परमप्रभु इस्राएलका परमेश्वरले ती विधानहरू हारूनलाई
दिनु भएको थियो

### अन्य लेवीहरू

२०बाँकी रहेका लेवीका सन्तानहरूका नाउँ यी हुन्:
अम्रामका सन्तानबाट: शूबाएल शूबाएलका
सन्तानबाट येहदयाह।
२१ रहब्याहका सन्तानबाट: यिशियाह यिशियाह सबै
भन्दा जेठो छोरो थिए।
२२ यिसहार वंशबाट: शलोमोत। शलोमोतका वंशबाट:
यहत।
२३ हेब्रोनका सबै भन्दा जेठा छोरा यरियाह थिए।
अमर्याह हेब्रोनका माहिला छोरा थिए। यहजीएल
तिनका साहिंला छोरा अनि यक्माम कान्छा
छोरा थिए।
२४ उज्जीएलका छोरा मीका थिए। मीकाका छोरा
शमीर थिए।
२५ यिश्याह मीकाका भाइ थिए। यिश्याहका छोरा
जकर्याह थिए।
२६ मरारीका सन्तानहरू महली, मूशी र तिनका
छोरा यजियाह थिए।
२७ मरारीका छोराहरू यजियाबाट: बनो, शोहम
जक्कूर र इब्री नाउँका थिए।
२८ महलीका छोरा एलाजार थिए। तर एलाजारका
छोराहरू थिएनन्।
२९ कीशका कीशबाट छोरा यरहमेल थिए।
३० मूशीका छोराहरू महली, एदेर अनि यरीमोत
थिए।

ती लेवी परिवारहरूका मुखियाहरू हुन्। तिनीहरूको
नाउँ आ-आफ्ना परिवारहरूका सूचीमा लेखिएको छ।
३१तिनीहरू विशेष कार्य गर्नका निम्ति चुनिएका थिए।
तिनीहरूले पनि आफ्ना पूजाहारीहरूले झैं चिट्ठाहाल्थे।
पूजाहारीहरू हारूनका सन्तान थिए। तिनीहरूले राजा
दाऊद, सादोक, अहीमेलेक अनि पूजाहारीहरू अगुवाहरू
अनि लेवीहरू समक्ष चिट्ठा हाले। जब तिनीहरूलाई
कार्य गर्नको निम्ति चुने तर ठूला र साना परिवारहरूलाई
एकै प्रकारको व्यहार गरे।

### संगीतकारहरू

२५ दाऊद र सेनापतिहरूले आसापका छोराहरू
हेमान अनि यदूतूनलाई विशेष कार्य गर्नका
निम्ति छानेका थिए। तिनीहरूको विशेष काम सारङ्गी,
वीणा अनि झ्यालीहरूको प्रयोग गरी परमेश्वरको
वचनको अगमवाणी गर्नु थियो। यस प्रकारले सेवा गर्ने
मानिसहरूको सूची यहाँ छ:
२आसापका परिवारबाट: जवकूर, योसेफ, नतन्याह
अनि अशरेला। राजा दाऊदले आसापलाई अगमवाणी
गर्नका निम्ति चुने अनि आसापले आफ्ना छोराहरूको
अगुवाइ गरे।

३यदूतूनका परिवारबाट: गदल्याह, सरी, यशयाह,
शिमी, हशबियाह र मत्तित्याह। ती छ: जना थिए।
यदूतूनले आफ्ना छोराहरूको अगुवाइ गरे। यदूतूनले
अगमवाणी गर्नका निम्ति परमप्रभुलाई धन्यवाद दिन र
उहाँको स्तुति गर्नका निम्ति वीणाको उपयोग गरे।
४हेमानका छोराहरू जसले सेवा गरे ती बुक्कियाह,
मत्तन्याह, उज्जीएल, शबूएल, यरीमोत, हनन्याह, हनानी,
एलीआता, गिद्दलती, रोममती-एजेर, योश्बाकाशा,
मल्लोती, होतीर अनि महजीओत थिए। ५यी सबै
मानिसहरू हेमानका छोराहरू थिए। हेमान दाऊदका दर्शी
थिए। परमेश्वरले हेमानलाई शक्तिशाली बनाउने वचन
दिनु भएको थियो। यसर्थ हेमानका धेरै छोराहरू भए।
परमेश्वरले हेमानलाई चौध छोरा अनि तीन जना
छोरीहरू दिनु भयो। ६हेमानले परमप्रभुको मन्दिरमा
गाउन आफ्ना छोराहरूको अगुवाइ गरे। ती छोराहरूले
झ्याली, वीणा अनि सारङ्गीहरू प्रयोग गरे। राजाको
आज्ञा अनुसार आसाप यदूत अनि हेमनले
परमेश्वरको मन्दिरमा सेवा गर्ने त्यो तिनीहरूको यही
तरिका थियो। ७ती मानिसहरू अनि लेवीका कुल
समूहका तिनीहरूका आफन्तहरूलाई परमप्रभुको
महिमा गाउनमा तालिम दिइएको थियो। त्यहाँ २८८
जना मानिसहरू थिए। ८हरेक व्यक्तिले गर्नु पर्ने
विभिन्न किसिमका कामहरू छान्न तिनीहरूले चिट्ठा
लगाए। हरेक व्यक्तिलाई समान व्यवहार गरिन्थ्यो।
जवान अनि बूढ़ा मानिसहरू प्रति एकसमान व्यवहार
गरिन्थ्यो। अनि गुरूलाई शिष्यलाई जस्तै समान व्यवहार
गरिन्थ्यो।
९पहिलो-आसापका छोराहरू (योसेफ) अनि
आफन्तहरूबाट बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
दोस्रो-गदल्याहका छोराहरू अनि आफन्तहरूबाट बाह्र
जना व्यक्तिहरू चुनिएका थिए।
१०तेस्रो-जवकूरका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
११चौथो-यिस्त्रीका छोराहरू अनि आफन्तहरूबाट बाह्र
जना व्यक्तिहरू चुनिएका थिए।
१२पाँचौं-नतन्याहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
१३छैटौं-बुक्कियाहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
१४सातौं-यसरेलाका छोराहरू अनि आफन्तहरूबाट
बाह्र व्यक्तिहरू चुनिएका थिए।
१५आठौं-यशयाहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
१६नवौं-मत्तन्याहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
१७दशौं-शिमीका छोराहरू अनि आफन्तहरूबाट बाह्र
जना व्यक्तिहरू चुनिएका थिए।
१८एघारौं-अज्रेलका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
१९बाह्रौं-हशबियाहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
२०तेह्रौं-शूबाएलका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
२१चौधौं-मत्तित्याहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
२२पन्ध्रौं-यरेमोतका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
२३सोह्रौं-हन्नयाहका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
२४सत्रौं-योशबकाशाका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
२५अठारौं-हनानीका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
२६उन्नाईसौं मल्लोतीका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
२७बीसौं-एलियाताका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
२८एक्काईसौं-होतीरका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
२९बाईसौं-गिद्दलतीका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
३०तेईसौं-महजीओतका छोराहरू अनि आफन्तहरूबाट
बाह्र जना व्यक्तिहरू चुनिएका थिए।
३१चौबीसौं-रोम्मती - एजेरका छोराहरू अनि
आफन्तहरूबाट बाह्र जना व्यक्तिहरू चुनिएका थिए।

### द्वार पालकहरूको समूह

**२६** कोरहका परिवारबाट द्वारपालकहरू यी हुन्।
मेशेलेम्याह अनि तिनका छोराहरू। मेशेलेम्याह
कोरेका छोरा थिए। तिनी आसापका परिवार समूहका
थिए। २मेशेलेम्याहका छोराहरू थिए: जकर्याह सबै
भन्दा जेठा छोरा थिए। यदीएल माहिला छोरा थिए।
जबदियाह साहिँला छोरा थिए। यत्नीएल काहिला छोरा
थिए। ३एलाम अन्तरे छोरा थिए। यहोहानान जन्तेर छोरा
थिए अनि एल्यहोनै कान्छा छोरा थिए।
४ओबेद-एदोम अनि तिनका छोराहरू: ओबेद-एदोमका
सबै भन्दा जेठा छोरा शमायाह थिए। यहोजाबाद तिनका
माहिला छोरा थिए। योआह तिनका साहिला छोरा थिए।
साकार तिनका काहिला छोरा थिए। नतनेल तिनका
अन्तरे छोरा थिए। ५अम्मीएल तिनका जन्तरे छोरा
थिए। यिस्सारकार तिनका खन्तरे छोरा थिए अनि
पुल्लतै तिनका कान्छा छोरा थिए। परमेश्वरले
साँच्चयीनै ओबेद एदोमलाई बर्दान दिनु भएको थियो।
६ओबेद-एदोमका छोरा शमायाह थिए; शमायाहका पनि

छोराहरू थिए। शमायाका छोराहरू तिनीहरूका पिताका
परिवारका अगुवाहरू थिए किनभने तिनीहरू योग्य
मानिसहरू थिए। **७**शमायाहका छोराहरू ओत्नी, रफाएल,
ओबेद, एल्जाबाद, एलीहू, अनि समकियाह थिए।
एल्जाबादका आफन्तहरू सामर्थ्यवान मानिसहरू
थिए। **८**यी सबै मानिसहरू ओबेद-एदोमका सन्तानहरू
थिए। ती मानिसहरू अनि तिनीहरूका छोराहरू र
आफन्तहरू शक्तिशाली मानिसहरू थिए। तिनीहरू असल
रक्षकहरू थिए। ओबेद एदोमका ६२ जना छोराहरू
थिए। **९**मेशेलेम्याहका छोराहरू अनि आफन्तहरू थिए,
जो शक्तिशाली व्यक्तिहरू थिए। जम्मा १८ जना
छोराहरू अनि आफन्तहरू थिए।

**१०**यी मरारीका परिवारका द्वारपालकहरू थिए। त्यसमा
होसा एक थिए। शिम्री जेठो छोरो अगुवा थिए। यद्यपि
शिम्री पहिला जन्मेको छोरा थिएन, उसलाई उसको
पिताले अगुवा चुने। **११**हिल्कियाह तिनका माहिला
छोरा थिए। तबलियाह तिनका साहिँला छोरा थिए, अनि
जकर्याह तिनका कान्छा छोरा थिए। होसाका जम्मा १३
छोरा र आफन्तहरू थिए।

**१२**यी द्वारपालकहरूका समूहहरूमा प्रधानहरू थिए।
द्वारपालकहरूले परमप्रभुको मन्दिरमा सेवा गर्ने विशेष
तरिका थियो जस्तो तिनीहरूका आफन्तहरूले गर्थे।
**१३**हरेक परिवारलाई एउटा द्वारको रक्षा गर्न दिइएको
थियो। एउटा परिवारको निम्ति द्वार छान्न चिट्ठा लगाएको
थियो। जवान रा बृद्धहरू प्रति समान व्यवहार गरिन्थ्यो।

**१४**मेशेलेम्याह पूर्व द्वारको रक्षाका निम्ति चुनिएका
थिए। त्यसपछि मेशेलेम्याहका छोरा जकर्याहका निम्ति
चिट्ठा लगाए। जकरिया एक बुद्धिमान सल्लाहकार
थिए। जकरिया उत्तर द्वारका निम्ति चुनिए। **१५**ओबेद-एदोम
दक्षिण द्वाराका निम्ति चुनिए अनि ओबेद-एदोमका
छोराहरू त्यस मन्दिरको रक्षाका निम्ति चुनिए जहां
मूल्यवान चीज-बीजहरू राखिएका थिए। **१६**शुप्पीम
अनि होसा पश्चिमद्वार र माथिल्लो सड़कको शल्लेकेत
द्वाराका निम्ति चुनिए।

रक्षकहरू एक-अर्काको छेउ छेउमा उभिन्थे। **१७**छ:
जना लेवीहरू हरेक दिन रक्षामा पूर्व द्वार तिर उभिन्थे।
चार जना लेवीहरू हरेकदिन रक्षामा उत्तर द्वारतिर
उभिन्थे। चारजना लेवीहरू रक्षामा दक्षिण द्वार तिर
उभिन्थे अनि दुइजना लेवीहरूले त्यस मन्दिरको रक्षा
गर्थे जहाँ मूल्यवान बस्तुहरू राखिएको थियो। **१८**जति
सक्दो पश्चिमी (कचहरीको बाटोमा) चार जना रक्षकहरू
थिए अनि दुइजना रक्षकहरू कचहरीमा नै बस्थे।

**१९**यी, द्वारपालकहरूका समूहहरू थिए। ती
द्वारपालकहरू कोरह अनि मरारीका परिवारहरूबाट थिए।

## भण्डारे र अधिकारीहरू

**२०**अहियाह लेवी कुल समूहबाट थिए। अहियाहले
परमेश्वरको मन्दिरका बहुमूल्य वस्तुहरूको हेर चाहको
जिम्मा लिएका थिए। जहाँ पवित्र बस्तुहरू राखिएका
थिए।

**२१**लादान गेर्शोन परिवारका थिए। यहीएली लादान
परिवार समूहका मुखियाहरू मध्ये एक थिए। **२२**यहीएलीका
छोराहरू जेताम अनि जेतामको भाइ योएल थिए।
तिनीहरूले परमप्रभुको मन्दिरका मूल्यवान वस्तुहरूको
जिम्मा लिएका थिए।

**२३**अन्य मुखियाहरू अम्राम, यिसहार, हेब्रोन अनि
उज्जीएल कुल समूहका थिए। **२४**शबूएल परमप्रभुको
मन्दिरका मूल्यवान बस्तुहरूको जिम्मेवार प्रधान थिए।
शूबाएल गेर्शोमका छोरा थिए। गेर्शोम मोशाका छोरा
थिए। **२५**यी शबूएलका आफन्तहरू थिए: एलाजारबाट
तिनका आफन्तहरू: रहब्याह-एलीएजरका छोरा, यशयिया-
रहब्याहका छोरा, योराम-यशयियाका छोरा, जिक्री-योरामका
छोरा अनि शलोमीत-जिक्रीका छोरा। **२६**यी शलोमीत र
तिनका आफन्तहरू दाऊदले संग्रह गरेका बस्तुहरूको
जिम्मामा थिए। सेनाका अधिकारीहरूले पनि चीज
बीजहरू मन्दिरका निम्ति दिए। **२७**तिनीहरूले युद्धमा
लिएका कतिपय वस्तुहरू दिए। तिनीहरूले ती वस्तुहरू
परमप्रभुको मन्दिरको संचालनको लागि निर्देशण दिए।
**२८**शलोमीत र तिनका आफन्तहरूले दर्शी शमूएल
कीशका छोरा शाऊल, नेरका छोरा अबनेर अनि
सरूयाहका छोरा योआबले दिएका पवित्र वस्तुहरूको
पनि हेरचाह गरे। शलोमीत अनि तिनका आफन्तहरूले
सबै पवित्र वस्तुहरूको हेरचाह गरे जुन मानिसहरूले
परमप्रभुलाई दिएका थिए। **२९**केनन्याह यिसहारका
परिवारका थिए। कनन्याह अनि तिनका छोराहरू मन्दिर
बाहिर काम गर्दथे। तिनीहरूले इस्राएलका विभिन्न
भागमाहरूमा प्रबन्धक अधिकारी र न्यायकर्त्ताहरूका
रुपमा काम गदथे।

**३०**हशब्याह हेब्रोन परिवारका थिए। हशब्याह अनि
तिनका आफन्तहरूले परमप्रभुका सबै कार्य गर्दथे अनि
इस्राएलको यर्दन नदीको पश्चिम तिर राजाको काम-काजको
जिम्मावाला पनि थिए। हशव्याहका समूहमा १,७००
जना योग्य मानिसहरू थिए। **३१**हेब्रोन परिवारको वंशावलीले
यो देखाउँछ कि यरियाह तिनीहरूका अगुवा थिए।
दाऊद राजाको चालीसौ वर्षको शासन कालमा उसले
उसको अधिकारीहरूलाई बलवान अनि कुशल
मानिसहरूको परिवारिक वंशवाली खोज्ने आज्ञा गरे
केही योग्य मानिसहरू हेब्रोनीहरूले बीचमा यारजे र
गिलादमा पाए। **३२**यरियाहका २,७०० जना आफन्तहरू
थिए, जो शक्तिशाली व्यक्तिहरू परिवारहरूका मुखियाहरू
थिए। राजा दाऊदले ती २,७०० जना आफन्तहरूलाई
रूबेन, गाद अनि मनश्शेका आधा कुल समूहहरूलाई
परमप्रभुको कार्य अनि राजाको काम-काजको हेर चाह
गर्नमा अगुवाइ गर्ने जिम्मा दिए।

### सैन्य समूहहरू

२७ यी इस्राएलीहरूको सूची हो जसले सेनामा
राजाको सेवा गर्थे। प्रत्येक समूहले प्रत्येक
वर्ष एक महीना काम गर्दथै। त्यहाँ परिवारका अगुवाहरू
हजार जना सेनाध्यक्षहरू, सहायक सेनाध्यक्षहरू,
अधिकारीहरू, जलसे राजाको सेवा गर्थे। प्रत्येक सैन्य
समूहमा २४,००० मानिसहरू थिए।
२याशोबाम पहिलो समूहको पहिलो महीनाको जिम्मामा
थिए। याशोबाम जब्दीएलका छोरा थिए। याशोबामको
समूहमा २४,००० व्यक्तिहरू थिए। ३याशोबाम पेरेसका
सन्तानहरूमा एक अगुवा जना थिए। याशोबाम पहिलो
महीनाको निम्ति सबै सैन्य अधिकारीहरूका प्रमुख
थिए।
४दोदै दोस्रो महीनाका निम्ति सैन्य समूहका जिम्मावाला
थिए। तिनी अहोहका थिए। त्यहाँ उसको समूहमा
२४,००० मानिसहरू थिए। मिकलट उनका समूहका
अगुवा थिए।
५तेस्रो सेनापति बनायाह यहोयादाका छोरा बनायाह
तेस्रो महीनाका निम्ति सेनापति थिए। यहोयादा मुख्य
पूजाहारी थिए। बनायाहको समूहमा २४,००० मानिसहरू
थिए। ६यिनी उही बनायाह थिए, जो तीस योद्धाका
एक साहसी सैनिक थिए। बनायाहले ती मानिसहरूको
अगुवाई गरे। बनायाहका छोरा अम्मीजाबाद बनायाहको
समूहका जिम्मामा थिए।
७चौथो सेनापति योआबका भाइ असाहेल थिए।
असाहेल चौथो महीनाका निम्ति सेनापति थिए। पछि
असाहेलका छोरा जबदियाहले सेनापतिको रूपमा तिनको
स्थान लिए। असाहेलका समूहमा २४,००० मानिसहरू
थिए।
८पाँचौ सेनापति शम्हूत थिए। शम्हूत पाँचौ महीनाको
निम्ति सेनापति थिए। शम्हूत जेरह परिवारका थिए।
शम्हूतका समूहमा २४,००० व्यक्तिहरू थिए।
९छैटौं सेनापति ईरा थिए। ईरा छैटौ महीनाको निम्ति
सेनापति थिए। ईरा इक्केशका छोरा थिए। इक्केश
तको शहरका थिए। ईराको समूहमा २४,००० मानिसहरू
थिए। १०सातौं सेनापति हेलेस थिए। हेलेस सातौं
महीनाका निम्ति सेनापति थिए। तिनी पालोनी मानिसहरूबाट
थिए अनि एप्रैमका सन्तान थिए। हेलेसको समूहमा
२४,००० मानिसहरू थिए।
११आठौं सेनापति सिब्बकै थिए। सिब्बकै आठौं
महीनाका निम्ति सेनापति थिए। सिब्बकै हूशाहबाट
थिए। सिब्बकै जेरह परिवारका थिए। सिब्बकैको
समूहमा २४,००० मानिसहरू थिए।
१२नवौं सेनापति अबीएजेर थिए। अबीएजेर नवौं
महीनाका निम्ति सेना पति थिए। अबीएजेर अनातोत
शहरका थिए। अबीएजेर बिन्यामीन कुल समूहका
थिए। अबीएजेरको समूहमा २४,००० मानिसहरू थिए।
१३दशौं सेनापति महरै थिए। महरै दशौं महीनाका
निम्ति सेनापति थिए। महरै नतोपाहका थिए। तिनी जेरह
परिवारका थिए। महरैको समूहमा २४,००० मानिसहरू
थिए।
१४एघारौं सेनापति बनायाह थिए। बनायाह एघारौं
महीनाका निम्ति सेनापति थिए। बनायाह पिरातोनका
थिए। बनायाह एप्रैमका कुल समूहका थिए। बनायाहको
समूहमा २४,००० मानिसहरू थिए।
१५बाह्रौं सेनापति हेल्दै थिए। हेल्दै बाह्रौं महीनाका
निम्ति सेनापति थिए। हेल्दै नतोपाहका थिए। हेल्दै
ओत्नीएल परिवारबाट थिए। हेल्दैको समूहमा २४,०००
मानिसहरू थिए।

### कुल समूहका प्रधानहरू

१६इस्राएलका कुल समूहहरूका मुखियाहरू यी नै
थिए:
रूबेनका: जिक्रीका छोरा एलीएजर। शिमोयोनका:
शपत्याह माकाको छोरा।
१७ लेवीका: कमूएलका छोरा हशब्याह। हारूनका:
सादोक।
१८ यहूदाका: एलीहू (एलीहू दाऊदका भाइहरू मध्ये
एक जना थिए) इस्सकारका: मीकाएलका
ओम्री छोरा।
१९ जबूलूनका: ओबदियाका छोरा यिश्मायाह।
नप्तालीका: यरीमोत अज्रीएलका छोरा।
२० एप्रैमका: अज्जयाहका छोरा होशेया। पश्चिम
मनश्शेका: योएल पदायाहका छोरा।
२१ पूर्व मनश्शेका: जकर्याहका छोरा इद्दो।
बिन्यामीनका: यसीएल अबनेरका छोरा।
२२ दानका: यरोहामका छोरा अज्रेल।
यी इस्राएली कुल समूहका मुखियाहरू थिए।

### दाऊदले इस्राएलीहरूको गन्ती गर्छन्

२३दाऊदले इस्राएलका मानिसहरूको गन्ती गर्ने निश्चय
गरे। त्यहा अति धेरै मानिसहरू थिए किनभने परमेश्वरले
इस्राएलका मानिसहरूलाई आकाशमा भएका ताराहरू
जस्तै धेरै बनाउने प्रतिज्ञा गर्नु भएको थियो। यसर्थ
दाऊदले ती मानिसहरूको मात्र गणना गरे जो बीस वर्ष
अनि त्यस भन्दा माथिका थिए। २४योआब, सरूयाहका
छोराले मानिसहरू गन्ती गर्न शुरू गरे, तर तिनले
सकेनन्। परमेश्वर इस्राएलका मानिसहरूसित क्रोधित
हुनु भयो। त्यसै कारणले गर्दा राजा दाऊदको इतिहासको
पुस्तकमा मानिसहरूको संख्या लेखिएन।

### राजाका प्रशासकहरू

२५यो ती मानिसहरूको सूची हो जसले राजाका
सम्पत्तिको जिम्मा लिएका थिए:

अज्मावेत, अदीएलका छोरा राजा भण्डार कक्षको
जिम्मामा थिए। जोनाथन, उज्जियाहका छोरा
सा-साना शहर, गाउँ, खेत अनि बुर्जाहरूका
भण्डार कक्षका जिम्मामा थिए।
२६ एज्री कलूबका छोरा कृषकहरूको जिम्मा लिएका
थिए।
२७ रामा शहरका शिमी दाखबारीको जिम्मा मा
थिए। शेपेमका जब्दी दाखबारीहरूबाट आउने
दाखरसको हेरचाह अनि भण्डारको जिम्मा मा
थिए।
२८ गेदेरका बाल हानान पश्चिमी पहाड़ी देशका
भद्राक्ष अनि अञ्जीरको बृक्षहरूका
जिम्मावाला थिए। योआश भद्राक्षको तेलको
भण्डारको जिम्मावाला थिए।
२९ शारोनका शित्रै शारोन वरिपरिका गाई वस्तुका
जिम्मा मा थिए। अद्लेका छोरा शापात
बेंसीमा गाई वस्तुहरूका जिम्मा मा थिए।
३० इश्माएले ओबील ऊँटहरूका जिम्मामा थिए।
मेरोनोती येहदयाह गधाहरूका जिम्मामा थिए।
३१ हगरीका याजीज भेंड़ा-बाख्राहरूका जिम्मामा
थिए।
यी सबै मानिसहरू प्रधान थिए, जसले राजा दाऊदका
सम्पत्तिहरूका हेर चाह गर्दथे। ३२जोनाथन एक बुद्धिमानी,
सल्लाहकार र लेखापाल थिए। जोनाथन दाऊदका
भतीजा थिए। हक्मोनीका छोरा यहीएल राजाका छोराहरू
को हेरचाह गर्दथे। ३३अहीतोपेल राजाका सल्लाहकार
थिए। हूशै राजाका मित्र थिए। हूशै एरकी मानिसहरूबाट
थिए। ३४यहोयादा र एबीयातारले पछि राजाका
सल्लाहकारको रूपमा अहीतोपेलले स्थान लिए। यहोयादा
बनायाहका छोरा थिए। योआब राजाका सेनापति थिए।

## मन्दिरको निम्ति दाऊदका योजनाहरू

२८ दाऊदले इस्राएलीहरूका सबै अगुवाहरूलाई
एकत्रित गरे। तिनले ती सबै अगुवाहरूलाई
यरूशलेममा आउन भनि हुकूम दिए। उनले कुल
समूहहरूका सबै अगुवाहरूलाई, राजाका सेवामा रहेका
सैन्यका सेनापतिहरू, हजारहरूको सेनाध्यक्षहरू, सयहरूका
सेनाध्यक्षकहरू, राजा अनि तिनका छोराहरूका सम्पत्ति
अनि पशुहरूको हेरचाह गर्ने अधिकारीहरू, राजाका
प्रधान अधिकारीहरू, बीरहरू अनि सबै साहसी
सैनीकहरूलाई बोलाए।
२राजा दाऊद उठे र भने, “मेरा दाज्यू-भाईहरू अनि
मेरा मानिसहरू, मेरा कुरा सुन। म परमप्रभुको करारको
सन्दूकको निम्ति एउटा विश्राम स्थान निर्माण गने
अतिनै चाहन्थे, एउटा स्थान जो हाम्रो परमप्रभुको
खुट्टाको पाउनदन हुन सकोस् मैले मन्दिर निर्माण
गर्नलाई धेरै तयारीहरू गरेँ। ३तर परमप्रभुले मलाई
भन्नुभयो, ‘अहँ, दाऊद, तैंले मेरो नाउँमा मन्दिर बनाउनु
पर्दैन। तैले त्यसो गर्नु हुँदैन किनभने तँ एक सैनिक
होस्, र तैंले धेरै मानिसहरूलाई मारेको छस्।’
४“परमप्रभु इस्राएलका परमेश्वरले इस्राएलका बाह्र
कुल समूहहरूको अगुवाइ गर्नका निम्ति यहूदाका कुल
समूहलाई चुन्नु भयो। अनि त्यसपछि परिवार समूहबाट
परमप्रभुले मेरा पिताका परिवारलाई चुन्नु भयो। र त्यो
परिवारबाट परमेश्वरले मलाई सदाको निम्ति इस्राएलका
राजा चुन्नुभयो। परमेश्वरले मलाई इस्राएलको राजा
बनाउन चाहनु भयो। ५परमप्रभुले मलाई धेरै छोराहरू
दिनु भएको छ। अनि ती सबै छोराहरूबाट परमप्रभुले
सुलेमानलाई इस्राएलको नयाँ राजा बनाउन निम्ति छान्नुभयो।
वास्तवमा, इस्राएल परमप्रभुको राज्य हो। ६परपमप्रभुले
मलाई भन्नुभयो, ‘दाऊद, तेरो छोरा सुलेमान त्यही
एउटा हो जसले मेरो निम्ति मन्दिर र त्यसका चोकहरू
बनाउँनेछ। किन? किनभने मैले सुलेमानलाई मेरो छोरा
हुन चुनेकोछु अनि म त्यसको पिता हुनेछु। ७सुलेमानले
मेरा नियमहरू र आदेशहरू अहिले पालन गर्दै छ। यदि
उसले मेरा नियमहरू पालन गरोस्, तब म सुलेमानको
राज्यलाई सदा सर्वदाका निम्ति शक्तिशाली बनाउने छु।’”
८दाऊदले भने, “यसैकारण अब सारा इस्राएलीहरू
अनि परमेश्वरका समुदायको समक्ष म तिमीहरूलाई यी
कुराहरू भन्दछु: परमप्रभु तिमीहरूका परमेश्वरका सबै
आज्ञाहरू पालन गर्नमा सावधान बन। तब मात्र तिमीहरूले
यो असल भूमि सदा-सर्वदा राख्न सक्ने छौ। अनि
तिमीहरूले यसलाई तिमीहरूका सन्तानहरूलाई सदा-
सर्वदाका निम्ति दिन सक्नेछौ। ९अनि तँ, मेरो छोरो
सुलेमान, आफ्नो पिताका परमेश्वरलाई चिन। परमेश्वरको
सेवा शुद्ध हृदयाले गर। परमेश्वरको सेवा गर्न हृदयबाट
नै खुशी बन। किन? किनभने परमप्रभुले हरेक हृदय
जाँच्नुहुन्छ। परमप्रभुले तैले सोचको हरेक कुराहरू
बझ्नु हुन्छ। यदि तँ सहायताको निम्ति परमप्रभु कहाँ
गइस् भने तैले उत्तर पाउने छस्। तर यदि त परमप्रभु
देखि टाढ़ा फर्किस भने उहाँले तँलाई संदाको निम्ति
त्याग्नु हुनेछ। १०सुलेमान, तैंले यो बुझ्नु पर्छ कि
परमेश्वरले उहाँको पवित्र स्थान अर्थात मन्दिर निर्माण
गर्नको निम्ति तँलाई चुन्नु भएको छ। शक्तिशाली बन
र काम पूर्ण गर।”
११त्यसपछि दाऊदले आफ्ना छोरा सुलेमानलाई मन्दिर
निर्माण गर्ने योजनाहरू दिए। ती योजनाहरू मन्दिरको
चारै तिरका दलान अनि त्यसका भण्डार कक्षहरू,
माथिल्ला कोठाहरू, भित्री कोठाहरू अनि दया आसनका
स्थानको निम्ति पनि थिए। १२दाऊदले मन्दिरका सबै
अंशका योजनाहरू बनाएका थिए। दाऊदले ती योजनाहरू
सुलेमानलाई दिए। दाऊदले तिनलाई परमप्रभुको मन्दिर
वरिपरिका आँगान अनि त्यस वरिपरिका सबै कोठाहरूका
योजनाहरू दिए। दाऊदले तिनलाई मन्दिरको भण्डार

कक्षहरू अनि ती भण्डार कक्षहरू जहाँ मन्दिरमा
उपयोग गरिने पवित्र वस्तुहरू राख्थे त्यसका योजनाहरू
दिए। १३दाऊदले सुलेमानलाई पूजाहारी अनि लेवीहरूको
समूह बारे भने। दाऊदले सुलेमानलाई परमप्रभुको
मन्दिरको सेवाका सबै कार्यहरू अनि मन्दिरको सेवामा
उपयोग गरिने सबै चीज-बीजहरूको बारेमा भने।
१४दाऊदले सुलेमानलाई मन्दिरमा उपयोग गरिने वस्तुहरू
बनाउन कति सुन अनि चाँदी उपयोग गर्नु पर्छ-त्यस
विषयमा पनि भने। १५सुनका दियो र सामदानहरूका
निम्ति योजना बनाएका थिए, अनि चाँदीका दियो अनि
सामदानहरूका निम्ति योजानहरू थिए। दाऊदले सुलेमानलाई
प्रत्येक सामदान अनि दियोका निम्ति कति सुन वा चाँदी
उपयोग गर्नु पर्छ सो भने। जहाँ भिन्दा भिन्दै सामदानहरू
आवश्यक हुन्छ त्यहाँ अप्रयोग गर्नुपर्ने थियो। १६पवित्र
रोटीको निम्ति उपयोग गरिने प्रत्येक टेबलको निम्ति
कति सुन उपयोग गर्नु पर्छ सो दाऊदले भने। चाँदीका
मेचका निम्ति कति चाँदी उपयोग गर्नु पर्छ सो दाऊदले
भने। १७काँटा, छर्कने कचौरा, अनि कलशहरू बनाउन
कति शुद्ध सुन उपयोग गर्नु पर्छ दाऊदले सो पनि भने।
प्रत्येक सुनका थाली बनाउन कति सुन उपयोग गर्नु पर्छ
अनि प्रत्येक चाँदीका रिकाबी बनाउन कति चाँदी
उपयोग गर्नुपर्ने सो दाऊदले भने। १८दाऊदले भने,
धूप-वेदी बनाउनलाई शुद्ध सुन उपयोग गर्ने विषयमा
पनि भने। दाऊदले सुलेमानलाई करूबहरूकोलागि सुनको
रथको विषयमा पनि वर्णन गरे। तिनीहरूका पखेटाहरू
परमप्रभुको करारको सन्दूक माथि फैलिनु पर्छ। ती
करूब स्वर्गदूतहरू सुनले बनिएका थिए।

१९दाऊदले भने, "यी सबै योजनाहरू परमप्रभुले
मलाई अगुवाइ गर्नुभए अनुसार लेखिएका हुन्। परमप्रभुले
मलाई योजनामा भएका हरेक चीज बुझ्नमा मद्दत
गर्नुभयो।" २०दाऊदले आफ्ना छोरा सुलेमानलाई यो
पनि भने, "शक्तिशाली र साहसी बन अनि यो काम
पूर्ण गर। नडराऊ र निरूत्साहित नहोऊ किनभने
परमप्रभु मेरा परमेश्वर तँसित हुनुहुन्छ। सबै कार्य पूर्ण
नभएसम्म उहाँले तँलाई सहायता गर्नु हुनेछ। उहाँले तेरो
साथ छोड्नु हुनेछैन। तैले परमप्रभुको मन्दिर निर्माण
गर्नेछस्। २१यहाँ पूजाहारी र लेवीहरूको समूह छन् जो
परमेश्वरको मन्दिरमा सबै कार्यहरू गर्नको निम्ति तयार
छन्। सबै सिपालु कर्मीहरू सबै कार्यहरूमा तँलाईं
सहायता गर्न तयार छन। सबै अधिकारीहरू र सबै
मानिसहरूले तपाईको हुकूम मान्नेछन्।"

## मन्दिर बनाउनका निम्ति भेटीहरू

**२९** राजा दाऊदले इस्राएलका सबै मानिसहरूलाई
भने जो एकसाथ एकत्रित भएका थिए,
"परमेश्वरले मेरो छोरा सुलेमानलाई मात्र चुन्नु भएको
छ। सुलेमान सानै छ अनि यो काम गर्नका निम्ति
चाहिने सबै कुरा त्यसले जान्दैन। तर यो काम अत्यन्त
महत्वपूर्ण छ। यो मन्दिर मानिसहरूका निम्ति होइन, तर
परमप्रभु परमेश्वरको निम्ति हो। २मैले परमेश्वरको
मन्दिर निर्माणका निम्ति योजना बनाउन मैले मेरो पूर्ण
शक्ति लगाएको छु। सुनका वस्तुहरू बनाउनुका निम्ति
मैले सुन दिएको छु। चाँदीका चीज-बीजहरू बनाउनुका
निम्ति मैले चाँदी दिएको छु। काँसाका सामग्रीहरू
बनाउनुका निम्ति मैले काँसा दिएको छु। फलामका
वस्तुहरू बनाउनुका निम्ति मैले फलाम दिएको छु।
काठका सामग्रीहरू बनाउनुका निम्ति मैले काठ दिएको
छु। मैले जोड्ने स्थानका निम्ति गोमेदक रत्न, अलंकृत
ईंटे, सबै प्रकारका भिन्न-भिन्न रङ्गका बहुमूल्य रत्नहरू
र सेतो संग मर्मरहरू पनि दिएको छु। मैले परमप्रभुको
मन्दिरको निम्ति यस्ता धेरै-धेरै चीज-बीजहरू दिएको
छु। ३मैले मेरो परमप्रभुको मन्दिरको निम्ति जे दिएको
बाहेक म मेरो आफ्नै टुकरीबाट सुन र चाँदी दिदैछु
किनभने म पवित्र मन्दिर निर्माण गर्नलाई लिप्त भएको
छु। ४मैले ओपीरको ३,००० तोड़ा शुद्ध सुन दिएको
छु। मैले ७,००० तोड़ा शुद्ध चाँदी दिएको छु। चाँदी
मन्दिरका भित्ताहरूमा लगाउनको निम्ति हो। ५मैले सुन
र चाँदीका सबै चीज बीजका निम्ति सुन र चाँदी दिएको
छु। जसमा कि कुशल कर्मीहरूले मन्दिरका निम्ति सबै
भिन्न-भिन्न प्रकारका चीज बीजहरू बनाउँन सक्ने छन्।
अब, इस्राएलका मानिसहरू, तिमीहरू कतिजना आज
परमप्रभुका निम्ति स्वयंलाई अर्पण गर्न तयार छौ?"

६परिवारहरूका अगुवाहरू, इस्राएली कुल समूहका
अगुवाहरू, एकहजारका सेनाध्यक्षहरू, सयहरूका
सेनाध्यक्षकहरू र अधिकारीहरू व्यस्त भएका सबै
तयार थिए। अनि तिनीहरू सबैले आफ्ना मूल्यवान
वस्तुहरू अर्पण गरे। ७यी ती वस्तुहरू हुन् जो
तिनीहरूले परमेश्वरको मन्दिरका निम्ति अर्पण गरेका
थिए: ५,००० तोड़ा सुन, १०,००० असर्फी,*
१०,००० तोड़ा चाँदी, १८,००० तोड़ा काँसा, अनि
१,००,००० तोड़ा फलाम। ८मानिसहरू जोसित मूल्यवान
रत्नहरू थिए ती परमप्रभुको मन्दिरको निम्ति अर्पण
गरे। यहीएलले ती मूल्यवान रत्नहरूको हेरचाह गरे।
यहीएल गेर्शोन परिवारका थिए। ९मानिसहरू अति
आनन्दित थिए किनभने तिनीहरूले राजीखुसीसित दिएका
थिए। अगुवाहरूले खुला हृदयले स्वतन्त्रता पूर्वक
अर्पण गरेकाथिए र तिनीहरू आनन्दित थिए। राजा
दाऊद पनि अत्यन्तै आनन्दित थिए।

## दाऊदको सुन्दर प्रार्थना

१०त्यस पछि दाऊदले सबै मानिसहरूलाई परमप्रभुको
प्रशंसा गर्न भेला गराएका थिए। दाऊदले भने:

---

**१०,००० असर्फी** इब्रानीमा-दारिक।

“परमप्रभु इस्राएलका परमेश्वर, हे हाम्रा पिता, सदा
सर्वदाका निम्ति तपाईको प्रशंसा होईरहोस्।
११महानता, शक्ति, गौरव, विजय अनि सम्मान तपाई
कै हुन। किन? किनभने पृथ्वी अनि स्वर्गका सबै कुरा
तपाईकै हुन्। हे परमप्रभु, राज्य तपाईकै हो। तपाई
शिर हुनुहुन्छ, हरेक बस्तु माथि शासन हुनुहुन्छ।
१२धन अनि सम्मान तपाई बाट नै आउँछन्। तपाई
सबैमाथि शासन गर्नुहुन्छ। पराक्रम अनि शक्ति तपाईकै
हातमा छन्। अनि कसैलाई पनि महान अनि शक्तिशाली
बनाउने शक्ति तपाईकै हातमा छन्।
१३यसकारण अब हाम्रा परमेश्वर, हामी तपाईलाई
धन्यवाद चढाउँछौं, अनि हामी तपाईको महिमित नाउँको
प्रशंसा गदर्छौं।
१४“सबै सत्य कुराहरू चहि म अनि मेरा मानिसहरूबाट
आएका होइनन्। यी सबै कुराहरू तपाईबाट मात्र
आएका हुन्। हामी केवल तपाईबाट आएका कुराहरू
तपाईलाई नै अर्पण गरिरहेकाछौं।
१५किनभने हामी हाम्रा पिता-पुर्खाहरू जस्तै यो
संसारमा यात्रा गर्ने परदेशी मात्र हौं। यो पृथ्वीमा हाम्रो
समय क्षणिक छन् वितीजाने छाया जस्तो हामी यसलाई
रोक्ने आशा गर्दैनौ।
१६हे परमप्रभु हाम्रा परमेश्वर, हामीले यी सबै
चिजहरू तपाईको मन्दिर निर्माण गर्नका निम्ति जम्मा
गर्‍यौं। हामीले यो मन्दिर तपाईको नाउँको सम्मान
गर्नका निम्ति निर्माण गर्दछौं। तर यी सबै वस्तुहरू
तपाईबाट आएका हुन्। हरेक थोक तपाईकै हुन्।
१७मेरा परमेश्वर, म जान्दछु कि तपाईले आफ्ना
मानिसहरूको जाँच गर्नुहुन्छ अनि तपाईंले धार्मिकता मन
पराउनु हुन्छ। म यी सबै वस्तुहरू स्वच्छ अनि
ईमान्दार हृदयले तपाई प्रति अर्पण गर्छु। तपाईका
मानिसहरू यहाँ एकत्रित भएका म देख्छु र तपाईलाई
यी वस्तुहरू अर्पण गर्न तिनीहरू खुशीछन्।
१८हे परमप्रभु तपाई हाम्रा पुर्खा अब्राहाम, इसहाक
अनि इस्राएलका परमेश्वर हुनुहुन्छ। कृपया
तपाईका मानिसहरूलाई तपाईको काम गर्नमा सहायता
गर्नुहोस्। तिनीहरूलाई तपाईप्रति धन्नेवादीहुनमा सहायता
गर्नुहोस्।
१९अनि मेरो छोरो सुलेमानलाई तपाई प्रति सत्य रहन
सहायता गर्नुहोस्। तपाईको हुकूमहरू व्यवस्था अनि
नियमहरूको सदा पालन गर्नमा सधैं त्यसलाई सहायता
गर्नुहोस्। सुलेमानलाई यी कुराहरू सम्पन्न गर्नमा सहायता
दिनुहोस् अनि यो किल्ला जो मैले योजना गरेकोछु,
निर्माण गर्नमा त्यसलाई सहायता दिनुहोस्।”
२०तब दाऊदले भेला भएका सबै समूहका मानिसहरूलाई
भने, “अब परमप्रभु तिमीहरूका परमेश्वर प्रति प्रशंसा
अर्पण गर।” यसर्थ सारा समुदायले परमप्रभु आफ्ना
पुर्खाहरूको परमेश्वरको प्रशंसा अनि आराधना गरे!
तिनीहरूले परमप्रभु अनि राजा प्रति सम्मान जनाउन
आफ्ना शिर भूँईतिर झुकाए।

## सुलेमान राजा हुन्छन

२१अर्को दिन मानिसहरूले परमप्रभु प्रति तिनीहरूको
बलिहरू चढ़ाए। तिनीहरूले होमबलि अर्पण गरे।
तिनीहरूले १,००० साँढ़ेहरू, १,००० भेड़ाहरू,
१,००० थुमाहरू अनि तिनीहरू साथमा चल्ने अर्घबलि
अर्पण गरे। तिनीहरूले धेरै बलिहरू इस्राएलका
मानिसहरूका निम्ति अर्पण गरे। २२त्यस दिन मानिसहरू
अत्यन्त खुशी थिए किनभने तिनीहरूले त्यहाँ परमप्रभुका
साथ खानपीन गरे।
अनि तिनीहरूले दाऊदका छोरा सुलेमानलाई दोस्रो
पल्ट राजा बनाए। तिनीहरूले सुलेमानलाई राजाको
रूपमा नियुक्त गरे साथै सादोकलाई पनि पूजाहारीको
रूपमा नियुक्त गरे। तिनीहरूले यो काम त्यस स्थानमा
परमप्रभुको सामुन्ने गरे। २३तब सुलेमान राजाको रूपमा
परमप्रभुको सिंहासनमा बसे। सुलेमानले आफ्ना पिताको
स्थान लिए। सुलेमान खूबै सफल भए। इस्राएलका
सम्पूर्ण मानिसहरूले सुलेमानको आज्ञा पालन गरे।
२४सबै अगुवाहरू, योद्धाहरू अनि दाऊदका सबै
छोराहरूले पनि उसलाई राजाको रूपमा स्वीकार गरे र
तिनको हकूम पालन गरे।
२५परमप्रभुले सुलेमानलाई अत्यन्त महान तुल्याउनु
भयो। इस्राएलका सबै मानिसहरू जान्दथिए कि परमप्रभुले
सुलेमानलाई महान बनाउदै हुनुहुन्छ। परमप्रभुले सुलेमानलाई
राजाले पाउनुपर्ने सम्मान प्रदान गर्नुभयो। सुलेमान अघि
इस्राएलका कुनै पनि राजाले यस्तो सम्मान पाएका
थिएनन्।

## दाऊदको मृत्यु

२६यसकारण यिशैका छोरा दाऊद सम्पूर्ण इस्राएल
माथि चालीस वर्षसम्म राजा थिए। २७दाऊद हेब्रोन
शहरमा सात वर्षसम्म राज्य गरे। तब उनी यरूशलेम
शहरमा तेंत्तीस वर्षसम्म राज्य गरे। २८दाऊदको त्यस
बेला मृत्यु भयो जब तिनी बुद्ध भए। दाऊदले एक
असल र दीर्घ जीवन बिताएका थिए। दाऊदका अनेक
सम्पत्तिहरू अनि प्रतिष्ठाहरू थिए। अनि दाऊदका छोरा
सुलेमान तिनी पछि नयाँ राजा भए।
२९राजा दाऊदले शुरूदेखि अन्त सम्म जो कामहरू
गरे ती दर्शी शमूएल, अगमवक्ता नातान अनि दर्शी गाद
द्वारा लिखित पुस्तकहरूमा छन्। ३०ती लेखहरूले
इस्राएलका राजाको रूपमा दाऊदले गरेका कामहरूको
बारेमा बताउँछन्। तिनीहरूले दाऊदका पराक्रम अनि
तिनी माथि घटेका घट्नाहरूको बारेमा देखाँउदछ। अनि
तिनीहरूले इस्राएल र यसका वरिपरिका राज्यहरूमा जे
भयो त्यसको बारेमा देखाँउदछ।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html